# नगर शिक्षा योजना


## आ.व. २०८२/०८३-२०८६/०८७




**इलाम नगरपालिका**


**नगर कार्यपालिकाको कार्यालय इलाम**

**कोशी प्रदेश, नेपाल**




Good planning is half work done
Nanindonic Press

Failing to plan is planning to fail
Alan Lekin


इलाम नगरपालिका
N
E
S
W
NW
NE
SW
SE
३
१
४
२
५
६
७
८
१२
९
१०
११
० १ २ ४ किलोमिटर

# हाम्रो भनाइ

समतामूलक, गुणस्तरीय र प्रविधिमैत्री शिक्षाको माध्यमबाट मात्र समृद्ध नगर निर्माणको सपना साकार हुन सक्ने वास्तविकतालाई आत्मसात् गर्दै इलाम नगरपालिकाले ***"प्रविधि, सूचना, सुरक्षा, समता र समावेशिता; युगानुकूल र जीवनोपयोगी शिक्षाको उपलब्धता"*** भन्ने मूल दृष्टिकोणका साथ आगामी पाँच वर्षको शैक्षिक मार्गचित्रको रूपमा यो **'पाँच वर्षे नगर शिक्षा योजना'** तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। शिक्षा मानव विकासको मूल पूर्वाधार र समृद्धिको प्रमुख आधार स्तम्भ हो। हाम्रो मुख्य लक्ष्य नगरभित्रका प्रत्येक बालबालिकाको गुणस्तरीय शिक्षामा समान पहुँच सुनिश्चित गर्नु हो।

यो योजना केवल एक दस्तावेज मात्र नभई हाम्रा विद्यालयहरूको भौतिक पूर्वाधार सुधार, शिक्षकहरूको पेशागत दक्षता अभिवृद्धि, नवप्रवर्तन र सूचना प्रविधिको उपयोग तथा स्थानीय पहिचान झल्कने व्यावहारिक पाठ्यक्रमको विकासका लागि तय गरिएको ठोस संकल्प हो। हाल इलाम नगरपालिकाले स्थानीय विषयवस्तुलाई समेटेर कक्षा ८ सम्मको लागि स्थानीय पाठ्यक्रम र कक्षा ५ सम्मको लागि पाठ्यपुस्तक तयार गरी सबै विद्यालयहरूमा लागू गरिसकेको छ र बाँकी कक्षा ६ – ८ को पाठ्यपुस्तक प्रकाशनको प्रक्रियामा रहेको छ।

यो शिक्षा योजनालाई मूर्त रूप दिन र यसमा समेटिएका लक्ष्यहरू हासिल गर्न स्थानीय सरकार पूर्णतया प्रतिबद्ध छ। तर शिक्षा क्षेत्रको चौतर्फी रूपान्तरण नगरपालिका एक्लैको प्रयासबाट मात्र सम्भव छैन। त्यसैले शिक्षा योजनाले गरेको अपेक्षा अनुसारको उपलब्धि हासिल हुन संघीय र प्रदेश सरकारका साथै स्थानीय सरकार, राष्ट्रसेवक कर्मचारी, शिक्षक, विद्यार्थी, अभिभावक, नागरिक समाज , सामाजिक सङ्घ संस्था तथा शिक्षाप्रेमी महानुभावहरूको सक्रिय सहभागिता, सहकार्य र रचनात्मक सुझावको उत्तिकै आवश्यकता रहन्छ। यस योजनाले शैक्षिक क्षति कम गर्दै शिक्षण संस्थाहरूको भौतिक संरचना, जनशक्ति व्यवस्थापन, सूचना तथा सञ्चार प्रविधिको उपयोग, बालबालिकाको स्वास्थ्य र सुरक्षा, शिक्षामा पहुँच, समावेशिता, सिकाइ सहजीकरण प्रक्रिया, लगानी आदि विषयहरूको समुचित व्यवस्थापन गरी सिकाइ उपलब्धिलाई गुणात्मक रूपमा वृद्धि गर्ने स्पष्ट रणनीति लिएको छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुरबाट उपलब्ध नगर शिक्षा योजना निर्माण मार्गदर्शन अनुसारको ढाँचामा उपलब्ध भएसम्म सबै विवरणहरू समावेश गरी यो योजना तयार गरिएको छ।

अन्त्यमा, इलाम नगरपालिका यस नगर शिक्षा योजनालाई अन्तिम रूप दिन अहोरात्र खटिनुहुने ज्ञानपुञ्ज सिर्जनशील प्रतिष्ठान इलामका पदाधिकारीहरू, आवश्यक विवरण उपलब्ध गराउने सम्बन्धित विद्यालयहरू, नगर शिक्षा समिति, कार्यालयका कर्मचारीहरू र प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण सरोकारवालाहरू प्रति हार्दिक धन्यवाद तथा आभार प्रकट गर्दछ। यस योजनाको सफल कार्यान्वयनबाट हाम्रो नगरपालिका आगामी पाँच वर्षभित्र एक उदाहरणीय र 'शैक्षिक हब' का रूपमा स्थापित हुनेछ भन्ने विश्वास लिइएको छ।

धन्यवाद।

इलाम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इलाम

# विषयसूची

**१. विषय प्रवेश** ........ १

**२. शिक्षा योजना निर्माणको आवश्यकता** ........ १

**३. स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य** ........ २

**४. शिक्षा योजना निर्माणका आधार** ........ २

**५. शिक्षा योजना निर्माण प्रक्रिया** ........ ३

**६. योजनाको लेखाजोखा :** ........ ३

**७. योजनाको दस्तावेजको स्वरूप** ........ ४

**परिच्छेद १: परिचय** ........ ५

**१.१ संक्षिप्त परिचय** ........ ५

**१.२ शैक्षिक स्थिति** ........ १२

**१.३ शिक्षाका सबल पक्ष, समस्या, अवसर र चुनौतीहरू** ........ २४

**परिच्छेद - २: दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण** ........ २७

**२.१ सन्दर्भ र औचित्य** ........ २७

**२.२ दूरदृष्टि** ........ २७

**२.३ उद्देश्य** ........ २७

**२.४ रणनीति एवम् कार्यनीतिहरू** ........ २८

**२.५ अपेक्षित उपलब्धि** ........ ३१

**२.६ कार्य सम्पादन सूचक र लक्ष्य निर्धारण** ........ ३२

**परिच्छेद – ३: शिक्षाका मुख्य उपक्षेत्र** ........ ३९

**३.१ प्रारम्भिक बालविकास र शिक्षा** ........ ३९

**३.२ आधारभूत शिक्षा** ........ ४४

**३.३ माध्यमिक शिक्षा** ........ ५२

**३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम** ........ ५९

**३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ** ...... ६५

**परिच्छेद – ४: अन्तर सम्बन्धित विषय तथा क्षेत्र** ...... ७०

**४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन** ...... ७०

**४ .२ शिक्षक व्यवस्थापन** ...... ७३

**४.३ शैक्षिक समता र समावेशीकरण** ...... ७७

**४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम** ...... ८०

**४.५ विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता** ...... ८३

**४.६ विद्यालय भौतिक पूर्वाधार विकास** ...... ८६

**४.७ सूचना तथा सञ्चार प्रविधि** ...... ८९

**परिच्छेद -५ : अन्य उपक्षेत्र** ...... ९३

**५.१. संस्थागत विद्यालय** ...... ९३

**५.२ महिला फिडर छात्राबास सबलीकरण** ...... ९९

**५.३ बौद्धिक अपाङ्गता स्रोत कक्षा** ...... १०१

**परिच्छेद – ६: सुशासन तथा व्यवस्थापन** ...... १०५

**६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत विकास** ...... १०५

**६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध** ...... १०८

**परिच्छेद – ७: लगानी र स्रोत व्यवस्थापन** ...... १११

**७.१ परिचय** ...... १११

**७.२ वर्तमान अवस्था** ...... १११

**७.३ समस्या तथा चुनौतीहरू** ...... ११२

**७.४ उद्देश्य** ...... ११३

**७.५ रणनीति** ...... ११३

**७.६ प्रमुख उपलब्धि** ...... ११३

**७.७ प्रमुख क्रियाकलाप र लक्ष्य** ...... ११४

**परिच्छेद – ८: अनुगमन तथा मूल्याङ्कन** ...... १२१

**८.१ परिचय** ........ १२१
**८.२ वर्तमान अवस्था** ........ १२१
**८.३ समस्या र चुनौती** ........ १२१
**८.४ उद्देश्य** ........ १२२
**८.५ रणनीति** ........ १२२
**८.६ प्रमुख उपलब्धि तथा नतिजा** ........ १२३
**८.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य** ........ १२३
**अनुसूची १** ........ १२४
**शिक्षासँग सम्बन्धित ऐन, नियम, निर्देशिका लगायतका नीतिगत दस्तावेजहरूको सूची** ........ १२४

## १. विषय प्रवेश

नेपालको संविधानले माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई प्रदान गरेको छ। संविधानमा रहेको यस प्रावधानबाट आफ्नो पालिका भित्रको शिक्षा क्षेत्रको उन्नयन गर्ने दायित्व स्थानीय तहमा आएको छ। शिक्षाले विश्वव्यापी दायरा कायम गरिरहेको आजको २१ औं शताब्दीको परिवेशमा शिक्षालाई योजनाबद्ध ढंगले अगाडि बढाउन सकियो भने मात्र यस क्षेत्रमा गरिएको लगानीबाट अपेक्षित प्रतिफल प्राप्त हुन सक्छ। नगरपालिकास्तरको शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउन आफ्नो पालिका भित्रको वास्तविक शैक्षिक परिस्थिति एवम् भौतिक तथा मानवीय स्रोतको सही पहिचान र आँकलन गरी सोही अनुरूपको यथार्थपरक, प्रभावकारी र दुरगामी शिक्षा योजना निर्माण गरेर त्यसै अनुरूपका दैनिक गतिविधिहरू सञ्चालन गर्नुपर्ने हुन्छ। यही वास्तविकतालाई मध्यनजर गरेर इलाम नगरपालिकाले आफ्नो नगर शिक्षा योजना निर्माण गरेको छ।

## २. शिक्षा योजना निर्माणको आवश्यकता

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन एवम् नियमावली, दिगो विकास लक्ष्य, सोह्रौं पञ्चवर्षीय योजनाको अवधारणा तथा शिक्षा सम्बन्धी विद्यमान ऐन कानुनले प्राथमिकतामा राखेका नीति कार्यक्रम तथा लक्ष्यहरूलाई संघीय संरचना अनुरूप कार्यान्वयन गर्न र विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशानिर्देश गर्न सङ्घ, प्रदेश र स्थानीय तहमा विद्यालय शिक्षा योजनाको आवश्यकता पर्दछ। विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसात् गर्न र सिर्जनशील, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणको लागि उपयोगी नागरिक तयार गर्न र शिक्षाको योगदानलाई समयसापेक्ष बनाउन पनि विद्यालय शिक्षा क्षेत्रलाई योजनाबद्ध रूपमा अगाडि बढाउनु पर्ने हुन्छ।

नेपालको संविधानको अनुसूची-८ मा स्थानीय तहको अधिकार सूचीमा आधारभूत तथा माध्यमिक शिक्षालाई राखिएको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (ज) ले आधारभूत तथा माध्यमिक तहका लागि २४ वटा शिक्षा सम्बन्धी अधिकारहरू स्थानीय तहलाई प्रदान गरेको छ। यस ऐनको दफा २४ (१) मा स्थानीय तहले आवधिक तथा क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने नीतिगत व्यवस्था समेत गरेको छ। यी प्रावधानहरूलाई कार्यान्वयन गर्नका लागि स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्नु अनिवार्य हुन्छ।

विद्यालय शिक्षा क्षेत्रमा रहेका आर्थिक तथा सामाजिक लगायतका कारणहरूले सुविधा विहिन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामुलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ। यसैको आधारमा प्रदेश स्तरमा पनि शिक्षा योजना तथा नीतिहरू निर्माण भएका छन्। यही परिवेशमा स्थानीय तहमा शिक्षा योजना निर्माणको आवश्यकता महसुस गरी इलाम नगरपालिकाले यो नगर शिक्षा योजना तयार पारेको छ।

## ३. स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य

स्थानीय तहमा शिक्षा योजना निर्माण गर्ने कार्य निम्न कुराहरूले गर्दा औचित्यपूर्ण हुन्छ ।

क. सङ्घ, प्रदेश र स्थानीय तहमा बन्ने शिक्षा योजनाहरूका बिचमा लम्बीय (Vertical) र क्षितिजीय (Horizontal) सह-सम्बन्ध स्थापित गर्न ।

ख. सङ्घ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा समेटेर व्यवस्थापन, परिचालन र उपयोग गर्न ।

ग. कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना, स्रोत परिचालनमा अस्वस्थता जस्ता समस्याहरूलाई न्यूनीकरण गर्न ।

घ. साझा विषयगत लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन ।

ङ. शिक्षा सम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुऱ्याउन ।

## ४. शिक्षा योजना निर्माणका आधार

इलाम नगरपालिकाको नगर शिक्षा योजना निर्माण गर्दा मुख्यतः निम्न अनुसारका दस्तावेजहरूलाई आधार बनाइएको छ ।

क. नेपालको संविधान

ख. स्थानीय सरकार सञ्चालन ऐन २०७४

ग. सोह्रौं योजना आ.व. २०८१/०८२ – २०८५/०८६

घ. सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७

ङ. अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५

च. अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली २०७७

छ. शिक्षा ऐन २०२८ (संशोधन सहित)

ज. शिक्षा नियमावली २०५९ (संशोधन सहित)

झ. राष्ट्रिय शिक्षा नीति २०७६

ञ. शिक्षाको सोचपत्र २०७९

ट. विद्यालय शिक्षा क्षेत्र योजना २०७९-२०८८

ठ. सिकाइ क्षति न्यूनीकरण तथा द्रुत सिकाइ योजना सन् २०२३ - २०२८

ड. विद्यालय शिक्षामा समता रणनीति

ढ. दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा

ण. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८

त. स्थानीय तहको मध्यमकालीन खर्च संरचना

थ. डिजिटल नेपाल फ्रेमवर्क २०७६

द. शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी गुरुयोजना सन् २०१३-२०१७

ध. राष्ट्रिय जनगणना २०६८ र २०७८

न. कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१, २०८१।८२ र २०८२।८३

प. नमुना विद्यालयको विद्यालय सुधार गुरुयोजना र अन्य विद्यालयहरूको विद्यालय सुधार योजनाहरू

फ. इलाम नगरपालिका शिक्षा ऐन २०७५

ब. इलाम नगरपालिका शिक्षा नियमावली २०७४

## ५. शिक्षा योजना निर्माण प्रक्रिया

नेपालमा विकेन्द्रित शैक्षिक योजना निर्माण कार्यको थालनी आ.व. २०५६/०५७ बाट भएको हो। विकेन्द्रित शैक्षिक योजनाको रूपमा विद्यालय तहबाट विद्यालय सुधार योजना तयार गर्ने कार्य प्रारम्भ गरियो। गाउँ तथा नगर शिक्षा योजना निर्माण गर्ने कार्यको पनि थालनी भयो तर यो प्रक्रियाले निरन्तरता पाउन सकेन। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक योजनाको साथै विषयगत योजना निर्माण गरी कार्यान्वयन गर्न सक्ने व्यवस्था गरेको छ। उक्त ऐनको यही प्रावधान अनुसार स्थानीय तहहरूले आ-आफ्नो गाउँ तथा नगर शिक्षा योजना निर्माण गरिरहेका छन्।

गाउँ तथा नगर शिक्षा योजनाको क्षेत्र, मान्यता र स्वरूपमा एकरूपता ल्याउन र योजना निर्माण कार्यलाई सहजीकरण गर्न नेपाल सरकारले स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन २०७९ तयार गऱ्यो र सो मार्गदर्शनलाई वि.सं. २०८१ मा परिमार्जन गऱ्यो।

इलाम नगरपालिकाको मिति २०८० असार ९ र १० गते सम्पन्न भएको तेस्रो नगर सभाले नगर शिक्षा योजना निर्माण गरी कार्यान्वयन गर्ने नीति तथा कार्यक्रम पारित गऱ्यो र यसैको आधारमा नगर शिक्षा योजना तयार गरी कार्यान्वयन गर्ने कार्य अघि बढ्यो। स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन २०७९ (परिमार्जित संस्करण २०८१) मा रहेको प्रावधान अनुसार नगरपालिकाको सामाजिक विकास समितिका संयोजक श्री ओमनाथ प्रधानको संयोजकत्वमा नगर शिक्षा योजना निर्माण कार्यदल गठन गरिएको भएतापनि नगर कार्यपालिकाको कार्यालयले योजनाको मस्यौदा तयार गर्ने सम्पूर्ण जिम्मेवारी ज्ञानपुञ्ज सिर्जनशील प्रतिष्ठान इलामलाई प्रदान गऱ्यो। यो प्रतिष्ठानले शिक्षा क्षेत्रका सम्पूर्ण सरोकारवाला पक्षहरूसँग छलफल, अन्तर्क्रिया, बैठक आदि गरेर प्रत्यक्ष अवलोकन र प्रश्नावलीको समेत उपयोग गरी योजना निर्माणका सबै चरण र प्रक्रिया पूरा गरेर नगर शिक्षा योजनाको मस्यौदा तयार गरी कार्यालयलाई बुझायो। प्राप्त मस्यौदामा केही परिमार्जन सहित नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाले यो योजना नगर कार्यपालिकामा पठायो र अन्त्यमा नगर कार्यपालिकाको मिति २०८३।०३।३० गतेको बैठकले **इलाम नगरपालिकाको पाँच वर्षे नगर शिक्षा योजना २०८२/०८३ – २०८६/०८७** लाई स्वीकृति प्रदान गरी कार्यान्वयनको अवस्थामा रहेको छ ।

## ६. योजनाको लेखाजोखा :

नगर शिक्षा योजना तयार भएपछि यसलाई कार्यान्वयन गर्नु भन्दा पूर्व यसको लेखाजोखा गर्नुपर्ने हुन्छ। योजनाको लेखाजोखा गर्दा यसको विश्वसनीयता, व्यावहारिकता, सान्दर्भिकता, दिगोपना जस्ता कुराहरूको मूल्याङ्कन गरिन्छ। इलाम नगरपालिकाले पनि यो नगर शिक्षा योजना तयार भएपछि नगर शिक्षा योजना निर्माण कार्यमा संलग्न रहेका र संलग्न नरहेका दुवै प्रकारका विज्ञहरूको संलग्नतामा यसको लेखाजोखा गर्यो। योजनाको लेखाजोखा गर्दा नेतृत्व तथा सहभागिता, पर्याप्तता र सान्दर्भिकता, समता एवम् सक्षमता र गुणस्तर, अन्तरसम्बन्ध र तादत्म्यता, सम्भाव्यता र कार्यान्वयन योग्यता तथा सान्दर्भिकता, स्रोतको प्रबन्ध, संस्थागत क्षमता, कार्यान्वयनमा तत्परता, तथ्याङ्क विश्लेषण र प्रक्षेपण, दिगोपना, जोखिम र चुनौतीको विश्लेषण, अनुगमन र प्रतिवेदन आदि पक्षहरूको विश्लेषण गरियो। योजनाको लेखाजोखाबाट आएका सल्लाह र सुझावहरूलाई पनि योजनामा समावेश गरियो।

## ७. योजनाको दस्तावेजको स्वरूप

इलाम नगरपालिकाको नगर शिक्षा योजनाको दस्तावेजको स्वरूप स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन २०७९ (परिमार्जित संस्करण २०८१) को आधारमा तय गरिएको छ । प्रारम्भमा योजनाको सारांश राखिएको छ र यस खण्डमा योजनाको आवश्यकता, औचित्यता, योजना निर्माणका आधार र निर्माण प्रक्रिया जस्ता कुराहरू उल्लेख गरिएका छन् । यस बाहेक नगर शिक्षा योजनाका आठ वटा परिच्छेदहरू छन् । पहिलो परिच्छेदमा इलाम नगरपालिकाको भौगोलिक, सामाजिक, सांस्कृतिक, जनसाङ्ख्यिक र शैक्षिक पक्षको वर्तमान अवस्थाको संक्षिप्त परिचय प्रस्तुत गरिएको छ । यस परिच्छेदमा इलाम नगरपालिकाको शैक्षिक अवस्थाको सुक्ष्म विश्लेषण (SWOT Analysis) पनि गरिएको छ । परिच्छेद दुईमा योजना निर्माणको सन्दर्भ, योजनाको दूरदृष्टि, उद्देश्य, रणनीति एवम् कार्यनीतिहरू, अपेक्षित उपलब्धि र कार्य सम्पादन सूचकहरू प्रस्तुत गरिएको छ । परिच्छेद तीनमा शिक्षाका मुख्य उपक्षेत्रहरू प्रारम्भिक बालविकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम एवम् अनौपचारिक शिक्षा तथा व्यावसायिक तालिमको वर्तमान अवस्थालाई केलाएर भावी नीति तथा कार्यक्रमहरू प्रस्तुत गरिएको छ । परिच्छेद चारमा अन्तर सम्बन्धित विषय तथा क्षेत्र अन्तर्गत पाठ्यक्रम, पाठ्यपुस्तक र सिकाइ सामग्री, शिक्षक व्यवस्थापन, शिक्षामा समावेशिता, पोषण तथा स्वास्थ्य कार्यक्रम, विद्यालय सुशासन, विपद् व्यवस्थापन, भौतिक पूर्वाधार, सूचना तथा सञ्चार प्रविधि जस्ता विषयवस्तुहरू समावेश गरिएका छन् । परिच्छेद पाँचमा अन्य उपक्षेत्रमा संस्थागत विद्यालय, महिला फिडर छात्रवास र बौद्धिक अपाङ्गता स्रोत कक्षालाई राखिएका छन् । विद्यालय शिक्षासँग सम्बन्धित यी सबै क्षेत्र र उपक्षेत्रहरूलाई एउटै ढाँचामा राखेर प्रस्तुत गरिएको छ । परिच्छेद छ मा शिक्षाको व्यवस्थापन र शिक्षा योजना कार्यान्वयनको प्रबन्धको चर्चा गरिएको छ भने परिच्छेद सातमा वित्तीय स्रोत व्यवस्थापन अनि परिच्छेद आठमा अनुगमन तथा मूल्याङ्कनलाई समेटिएको छ ।

# परिच्छेद १: परिचय

## १.१ संक्षिप्त परिचय

इलाम नगरपालिका नेपालका पुराना नगरपालिकाहरूमध्ये एक हो। यो पालिका २०१५ सालमा नगरपालिका र २०१९ सालमा नगर पञ्चायत हुँदै २०४८ सालमा पुनः नगरपालिका भएको हो। नेपालको संविधानअनुसार राज्यको पुनःसंरचना भए पश्चात् २०७३ साल फाल्गुन २७ गतेबाट यो नगरपालिका साबिकको क्षेत्रलाई बिस्तार गर्दै स्थानीय तहमा परिणत भएको छ। हालको इलाम नगरपालिका, साबिक इलाम नगरपालिका, गोदक, सोयाक, बरबोटे, माईपोखरी वडा नम्बर १, २ र ३, पुवामझुवा, साङरुम्बा वडा नम्बर १ देखि ६, सिद्धिथुम्का ७, सुम्बेक र साखेजुङ गाउँ विकास समितिहरूलाई समेटेर गठन भएको छ।

### क. भौगोलिक अवस्थिति:

इलाम नगरपालिका कोशी प्रदेश अन्तर्गत, इलाम जिल्लाको संघीय निर्वाचन क्षेत्र नम्बर १ तथा प्रदेश सभा निर्वाचन क्षेत्र नं. २(१) मा पर्दछ। यो नगरपालिका इलाम जिल्लाका १० वटा स्थानीय तहहरूमध्ये एक हो।

- **अक्षांश र देशान्तर**: इलाम नगरपालिका २६$^0$ ५१' ५८" देखि २६$^0$५६' ४६" उत्तरी अक्षांश र ८७° ५३'३०" देखि ८७$^0$ ५७' ४६" पूर्वी देशान्तरको बिचमा रहेको छ।
- **सिमाना**: पूर्वमा - माइजोगमाई गाउँपालिका र सूर्योदय नगरपालिका
  पश्चिममा - देउमाई नगरपालिका
  उत्तरमा - सन्दकपुर गाउँपालिका र पाँचथर जिल्ला
  दक्षिणमा –माई नगरपालिका
- **क्षेत्रफल**: राज्यको पुनर्संरचना हुनु अघि  २८.७ वर्गकिलोमिटर क्षेत्रफल भएको यो नगरपालिकाको हालको क्षेत्रफल १७३.३२ वर्ग किलोमिटर छ।
- **उचाइ**: यो नगरपालिकामा ३१० मिटरदेखि ३०४६ मिटरसम्म उचाइ भएका स्थानहरू रहेका छन्।
- **हावापानी**: यो नगरपालिकाको हावापानी समाशीतोष्ण प्रकारको छ। यहाँको सरदर तापक्रम ७ डिग्री सेल्सियसदेखि ३१ डिग्री सेल्सियससम्म रहने गरेको छ। यो नगरपालिकाको उत्तरी क्षेत्रमा पर्ने पाटेनागीमा हिउँदमा हिउँ पर्छ। देशका अन्य भागहरूमा जस्तै यस नगरपालिकामा पनि केही वर्ष यता भूमण्डलीय उष्णीकरण ( Global Warming) को प्रभाव देखिन थालेको छ।
- **नदीनाला**: इलाम जिल्लालाई चारखोल (चारखोला) पनि भनिन्छ। यहाँ ती चारखोलाहरू माई,जोगमाई, पुवामाई र देउमाई हुन्। यी चारखोला मध्ये तीनवटा माई, जोगमाई र पुवामाई इलाम नगरपालिकामा पर्दछन्।

- **पर्यटकीय स्थलहरू:** इलाम नगरपालिका प्रशस्त पर्यटकीय सम्भावना बोकेको पालिका हो। यहाँका प्रमुख पर्यटकीय स्थलहरू पाटेनागी, दिदीबहिनी झरना, कोठी डाँडा, भालुढुङ्गा, सेतीदेवी मन्दिर, अरनिको सांस्कृतिक संग्रहालय, चियाबारी, माइस्थान मन्दिर, भ्यूटावर , महभिर, सिंहवाहिनी मन्दिर, सुकिलुम्बा फाल्गुनन्द विमानस्थल, मूर्तिडाँडा पार्क आदि हुन्।
- **जैविक विविधता:** समुन्द्र सतहबाट ३१० मिटरदेखि ३०४६ मिटरसम्मको उचाइमा अवस्थित इलाम नगरपालिका जैविक विविधताको क्षेत्रमा सम्पन्न नगरपालिकामा पर्दछ । यहाँको बेंसी क्षेत्रमा आँप, कटहर, लिची, बेल, बयर, सिमल, साल, भृङ्गीराज, लज्जावती जस्ता वनस्पतिहरू र लेक क्षेत्रमा चाँप, गुराँस, कटुस, अम्फी, उन्यू, चुत्थ्रो, खस्रु, लौठसल्ला जस्ता वनस्पतिहरू पाइन्छन् । यहाँ, चिराइतो, गुर्जो, विख्मा, पाँचऔंले, बोझो, शिकारी लहरो, घोडताप्रे, पाषाणभेद, जटामसी, चिङफिङ, हडचुर जस्ता औषधीजन्य वनस्पतिहरू पनि पाइन्छन्।

  इलाम नगरपालिकामा रेडपाण्डा, बाँदर, भालु, चितुवा, बँदेल, सालक, दुम्सी, मृग, स्याल आदि जंगली जीवजन्तुहरू र काग, रूप्पी, जुरेली, ढुकुर, गौंथली, काँडेभ्याकुर, पिउरा, तोरीगाँडे, चस्मे उल्लु, रानीचरी, मखमली मट्टा आदि १३२ प्रजातिका चराहरू पाइन्छन्। यहाँ विश्वबाट नै लोपोन्मुख अवस्थामा पुगेका केही वनस्पति, जीवजन्तु तथा चराचुरुङ्गीहरू पनि पाइन्छन्।
- **प्राकृतिक प्रकोप तथा जोखिमको अवस्था:** इलाम नगरपालिकामा प्राकृतिक प्रकोपको कारणबाट कहिलेकाहीं जोखिम सिर्जना हुने गरेको छ। यो नगरपालिकाको वडा नम्बर १२ साङरूम्बाको पहिरो इलाम जिल्लाकै ठूला पहिराहरू मध्येको एक हो । २०११ सालमा सुरु भएर २०२५ सालदेखि विस्तृत रूपमा फैलिएको यो पहिरोले १५०० रोपनी भन्दा बढी जमिन बगाएको र ५० भन्दा बढी घरपरिवारलाई विस्थापित गराएको थियो।

  इलाम नगरपालिका नडा नम्बर ५ को चुरेघाँटीमा २०४२ सालमा गएको पहिरोबाट १२ घरपरिवार विस्थापित भएका थिए भने यसले मेची राजमार्गलाई पनि क्षति पुऱ्याएको थियो। नगरपालिकाको वडा नं. १० गोदकको सिलपुरमा २०५० सालमा गएको पहिरोले गर्दा मेची रार्जमार्ग नै २० मिटरजति माथि सार्नु परेको थियो। त्यस्तै इलाम बजार नजिक नारायणस्थानमा २०८० सालमा गएको पहिरो र २०८१ सालमा माइखोलाको राजदुवाली क्षेत्रमा गएको पहिरोले मेची राजमार्गको आवागमन नै बन्द गराएको थियो। मेची राजमार्गको राजदुवाली क्षेत्रको पहिरोको जोखिम अझै टरिसकेको छैन र अन्य पहिरोहरू चाहिँ हाल नियन्त्रणमा आएका छन्।

  २०१६ साल चैत्र २ गते माइखोलामा आएको बाढीले बडाहाकिम सन्तवीर लामाले लगाएको माइखोलाको पक्की पुल बगाएको थियो। २०५४ साल साउन २५ गते पुवाखोलामा आएको बाढीले पुवाखोला जलविद्युत आयोजनाका निर्माण सामग्रीहरू र १४ जना मानिस बगाएको थियो। त्यस्तै २०५९ साल भदौ १२ गते झुत्रे खोलामा आएको बाढीले एउटा ट्र्याक्टर सहित ७ जना मानिस बगायो। दुवै खोलाले बगाएका मानिसहरूमध्ये झुत्रेले बगाएका २ जना मात्र बाँच्न सफल भए। २०८२ साल असोज १८ र १९ गतेको भिषण वर्षाले इलाम नगरपालिकामा धेरै धनजनको क्षति पुऱ्यायो। यो वर्षाले पुऱ्याएको क्षतिको कारणले नेपाल सरकारले इलाम जिल्लालाई नै ३ महिनाको लागि संकटग्रस्त जिल्ला घोषणा गरेको थियो । प्राकृतिक प्रकोपका यस्ता जोखिमहरूले मानिसहरूको बसाईंसराइमा वृद्धि हुने र विद्यार्थीहरूको आवागमनमा समेत बाधा पुऱ्याउने गर्छ।

## ख. जनसाङ्ख्यिक संरचना

वि.सं. २०७८ सालको जनगणना अनुसार इलाम नगरपालिकाको जनसङ्ख्या यस प्रकार रहेको छ ।

- **जनसङ्ख्याको आकार**

| | |
|---|---|
| कुल जनसङ्ख्या : | ५००८५ |
| पुरुषको सङ्ख्या: | २४,४११ |
| महिलाको सङ्ख्या : | २५,६७४ |
| वार्षिक जनसङ्ख्या वृद्धिदर : | ०.३०% |
| पुरुषको प्रतिशत: | ४८.७ |
| महिलाको प्रतिशत: | ५१.३ |
| लैङ्गिक अनुपात : | ९५.०८ पुरुष प्रति १०० महिलामा |
| जनघनत्व : | २८९ प्रति वर्ग किलोमिटर |
| सबैभन्दा बढी जनसङ्ख्या भएको वडा नम्बर : | ९ |
| सबै भन्दा कम जनसङ्ख्या भएको वडा नम्बर : | २ |
| महिला भन्दा पुरुषको जनसङ्ख्या बढी भएको एक मात्र वडा नम्बरः | ११ (पुरुषको सङ्ख्या १५ जनाले बढी) |

- **परिवार**

जम्मा परिवार सङ्ख्या: १२९५२

एकजना मात्र सदस्य रहेको परिवार सङ्ख्या : ६७४

९ जना वा सोभन्दा बढी सदस्य रहेको परिवार सङ्ख्या : १८१

४ जना सदस्य रहेको परिवार सङ्ख्या: ३,३११ (सबैभन्दा बढी)

परिवारको औषत आकार: ३.८७

- **साक्षरता**

कुल साक्षरता दर : ८६.७% , पुरुष साक्षरता दर :- ९१.७% महिला साक्षरता दर ८२.१%

- **वडागत रूपमा जनसङ्ख्या**

| वडा नम्बर | पुरूष | महिला | जम्मा |
|---|---|---|---|
| १ | २२२६ | २३४३ | ४५६९ |
| २ | १२०६ | १२४७ | २४५३ |
| ३ | १५५१ | १५७४ | ३१२५ |
| ४ | १५०१ | १५३३ | ३०३४ |
| ५ | २५६१ | २६२६ | ५१८७ |
| ६ | २१६२ | २३४९ | ४५११ |

| वडा नम्बर | पुरूष | महिला | जम्मा |
|---|---|---|---|
| ७ | २४११ | २५९८ | ५००९ |
| ८ | २२०० | २३६६ | ४५६६ |
| ९ | ३०६८ | ३३५६ | ६४२४ |
| १० | २२६२ | २३४९ | ४६११ |
| ११ | १७७५ | १७६० | ३५३५ |
| १२ | १४८८ | १५७३ | ३०६१ |
| जम्मा | २४४११ | २५६७४ | ५००८५ |

- **अपाङ्गता**
  - अपाङ्गता भएका मानिसको सङ्ख्या :- १२१७
  - अपाङ्गता भएको जनसङ्ख्याको प्रतिशत:- २.४
  - अपाङ्गता भएका पुरुषको सङ्ख्या :-६३६
  - अपाङ्गता भएका महिलाको सङ्ख्या :-५८१
  - अपाङ्गता भएका पुरुषको प्रतिशत:- ५२.३%
  - अपाङ्गता भएका महिलाको प्रतिशत:- ४७.७%

- **विदेशमा रहेको जनसङ्ख्या**
  - विदेशमा रहेको जम्मा जनसङ्ख्या :- ३१७७
  - विदेशमा रहेको पुरुषको सङ्ख्या:- २५४६
  - विदेशमा रहेको महिलाको सङ्ख्या :- ६३१
  - कम्तीमा १ सदस्य विदेशमा रहेको परिवार सङ्ख्या :- २५६४
  - शिक्षा र रोजगारीको खोजीमा विदेश गएको जनसङ्ख्या :- २४३ जना

- **उमेर समूह अनुसारको जनसङ्ख्या**

| उमेर समूह | महिला | पुरूष | जम्मा |
|---|---|---|---|
| ०-४ वर्ष | १५०९ | १६२३ | ३१३२ |
| ५-९ वर्ष | १९७९ | २०३६ | ४०१५ |
| १०-१४ वर्ष | १९६३ | २०७५ | ४०३८ |

| उमेर समूह | महिला | पुरूष | जम्मा |
|---|---|---|---|
| १५-१९ वर्ष | २३४३ | २३३९ | ४६८२ |
| २०-२४ वर्ष | २२८३ | २०३० | ४३१३ |
| २५-२९ वर्ष | २३८३ | १९०४ | ४२८७ |
| ३०-३४ वर्ष | २२३४ | १९९६ | ४२३० |
| ३५-३९ वर्ष | २०६७ | १७३९ | ३८०६ |
| ४०-४४ वर्ष | १८६३ | १६६३ | ३५२६ |
| ४५-४९ | १४६३ | १३३५ | २७९८ |
| ५०+ | ४३२४ | ६९३४ | ११२५८ |
| जम्मा | २४४११ | २५६७४ | ५००८५ |

- **५ वर्ष र सोभन्दा कम उमेरको जनसङ्ख्या**

| | |
|---|---|
| जम्मा जनसङ्ख्या : | ३९०४ |
| पुरुषको सङ्ख्या : | २०१५ |
| महिलाको सङ्ख्या : | १८८९ |
| जन्म दर्ता भएको जम्मा जनसङ्ख्या : | ३२०४ |
| जन्म दर्ता भएको पुरुषको सङ्ख्या : | १६७४ |
| जन्म दर्ता भएको महिलाको सङ्ख्या : | १५३० |
| जन्म दर्ता नभएको जम्मा जनसङ्ख्या : | ७०० |
| जन्म दर्ता नभएको पुरुषको सङ्ख्या : | ३४१ |
| जन्मदर्ता नभएको महिलाको सङ्ख्या : | ३५९ |
| जन्म दर्ता भएको जनसङ्ख्या दर: | ८२.१०% |
| जन्म दर्ता नभएको जनसङ्ख्या दर : | १७.९०% |

इलाम नगरपालिकाको जनसाङ्ख्यिक संरचनालाई हेर्दा यहाँको वार्षिक जनसङ्ख्या वृद्धिदर ०.३०% मात्र रहनु र यहाँ १५ -१९ वर्ष उमेर समूहको जनसङ्ख्या ४६८२ हुँदा ० – ४ वर्ष उमेर समूहको जनसङ्ख्या ३१३२ मात्र हुनुले आगामी दिनमा यो नगरपालिकामा बालबालिकाको  सङ्ख्या घट्दै जाने र परिणाम स्वरूप विद्यार्थी सङ्ख्यामा पनि ह्रास आउने कुराको सङ्केत गरेको छ। त्यस्तै लगभग एउटा उमेर समूह बराबरको जनसङ्ख्या ३१७७ जना मानिस विदेश जानु र त्यसमध्ये पनि २४३ जना व्यक्तिहरू शिक्षा र तालिमको खोजीमा बाहिर जानु हाम्रो लागि चुनौतीको विषय हो। यसरी नै ५ वर्ष वा सोभन्दा कम उमेरका मानिसहरूमध्ये ५५६२ जना अर्थात् २५.१ प्रतिशत जनसङ्ख्याको जन्मदर्ता नहुनु पनि एउटा समस्या हो।

इलाम नगरपालिकाको साक्षरताको अवस्था सापेक्षिक रुपमा राम्रो छ किनकि राष्ट्रिय कुल साक्षरता दर ७६.२% र कोशी प्रदेशको ७९.७ % मात्र र इलाम जिल्लाको ८३.३७ रहेकोमा इलाम नगरपालिकाको साक्षरता दर ८६.७% रहेको छ। यस नगरपालिकाका ५ वर्ष वा सोभन्दा कम उमेरका सबै बालबालिकाहरूको जन्म दर्ता भएको छैन । यहाँ सो उमेर समूहका २५.१%.

बालबालिकाहरूको जन्म दर्ता भएको छैन । जन्म दर्ता नभएको जनसङ्ख्याले नगरपालिकाको नीति निर्माण र योजना तर्जुमा गर्ने कार्यमा प्रभाव पार्न सक्छ ।

- **बसाइँसराइ र यसको प्रक्षेपण**

  इलाम नगरपालिका इलाम जिल्लाको सदरमुकाम रहेको पालिका हो । जिल्लाका अन्य पालिकाहरूको अतिरिक्त ताप्लेजुङ र पाँचथर जिल्लाबाट पनि मानिसहरू यहाँ बसाइँ सरेर आउँछन् । इलाम बजार आसपासको क्षेत्रमा बाहिरबाट बसाइँ सरेर आएका मानिसहरू धेरै छन् । तर आजभोलि शिक्षा र स्वास्थ्यको सहज पहुँचको खोजीमा यो नगरपालिकाबाट मानिसहरू झपातर्फ बसाइँ सरेर जाने परिपाटी पनि बढेको छ ।

## ग. सामाजिक तथा सांस्कृतिक अवस्था

इलाम नगरपालिका विभिन्न जातजाति, भाषा, धर्म र संस्कृति भएको नगरपालिका हो । यहाँको सामाजिक तथा सांस्कृतिक अवस्थाको विवरण यसप्रकार छ ।

- **जातजातिः** इलाम नगरपालिकामा राई, लिम्बू, मगर, गुरुङ, बाहुन, क्षेत्री, दशनामी, खवास, तामाङ, शेर्पा, नेवार, भूजेल, सुनुवार, याख्खा, थामी, लेप्चा र दलित समुदायका मानिसहरू बसोबास गर्छन् । यहाँ तराई मूलका केही जातिहरूको पनि बसोबास रहेको छ । यी जातिहरूमध्ये धेरैवटा जातिहरूको बसोबास सबै वडाहरूमा रहेको छ । तर दशनामी, शेर्पा, लेप्चा, सुनुवार, थामी आदि जातिहरूको बसोबास केही वडाहरूमा मात्रै रहेको छ ।
- **धर्मः** यस नगरपालिका भित्र विभिन्न धर्म मान्ने मानिसहरूको जनसङ्ख्या यस प्रकार छ ।

| | |
|---|---|
| हिन्दू | २८,६६९ |
| बौद्ध | ६४०३ |
| किराँत | १३०७९ |
| इस्लाम | १०५ |
| क्रिश्चियन | १८१४ |
| प्रकृति | १० |
| बोन | ५ |
| जम्मा | ५०,०८५ |

- **सांस्कृतिक परम्पराः** इलाम नगरपालिकाका बासिन्दाहरूको आ-आफ्नो जाति, धर्म र संस्कार अनुसारको संस्कृति रहेको छ । यहाँका मानिसहरू आ-आफ्नो परम्परा अनुसार जन्म संस्कार र मृत्यु संस्कारका कर्महरू गर्छन् । यहाँ न्वारान, पास्नी, छेवर व्रतबन्ध, विवाह, काजकृया, भोज, घेवा, व्रत, पूजा, पुराण, देवी देवताको आराधना आदि गर्छन् । यहाँ दशैं, तिहार, ल्होसार, उँधौली, उँभौली, चासोक तङ्नाम ईद, क्रिसमस, श्रीपञ्चमी, नागपञ्चमी, साउने/माघे सङ्क्रान्ति, शिवरात्री आदि पर्वहरू मनाउँदछन् । यहाँ रोपाइँजात्रा, लाखेजात्रा, गाईजात्रा आदि मनाउने चलन पनि छ ।

- **भेषभूषाः** इलाम नगरपालिकामा पुरुषहरू कमिज सुरूवाल, दौरा सुरुवाल, कोट, टोपी, सर्ट पेन्ट, हाफपेन्ट, आदि लगाउँछन् भने महिलाहरू साडी, चोलो, ब्लाउज, कुर्था सुरुवाल, सल, मजेत्रो आदि लगाउँछन्। आ-आफ्ना संस्कार तथा सांस्कृतिक पर्वहरूमा जातिगत पहिचान झल्कने पहिरन लगाउने चलन पनि छ।

- **मातृभाषा, रैथाने ज्ञान सीप र प्रविधिः** इलाम नगरपालिकामा बसोबास गर्ने राई, लिम्बू, मगर, तामाङ, गुरुङ, नेवार, शेर्पा, लेप्चा आदि जातिहरूको आफ्नै मातृभाषा छ। उनीहरू आफ्नो परिवारभित्र मातृभाषामा कुराकानी गर्छन्। यहाँका नेवार जातिका मानिसहरू चाहिँ मातृभाषाको प्रयोग कम गर्छन्। यहाँका मातृभाषाहरूका आ-आफ्नै लिपिहरू पनि छन्। इलाम नगरपालिकामा पशुपन्छीहरूका क्रियाकलाप हेरेर मौसमको पूर्वानुमान गर्ने, नाडी छामेर बिरामीको अवस्थाको भविष्यवाणी गर्ने, स्वास्थ्य उपचारको लागि स्थानीय जडिबुटी प्रयोग गर्ने, काठ, बाँस, माटो र धातुबाट हस्तकलाका सामग्रीहरू उत्पादन गर्ने, झुलो र चकमकबाट आगो उत्पादन गर्ने, काँचो बाँसको ढुङ्ग्रोमा चामल राखी आगोमा सेकाएर भात पकाउने, धान कुट्न, अन्न पिस्न र तेल पेल्नको लागि ढिकी, जाँतो, कोल र पानीघट्टको प्रयोग गर्ने जस्ता रैथाने, ज्ञान, सिप र प्रविधिहरू परम्परागत रूपमा पुरानो पुस्ताबाट नयाँ पुस्तामा हस्तान्तरण हुँदै आएका छन्। यस्ता ज्ञान, सिप र प्रविधिहरूलाई हाम्रो शैक्षिक प्रणीलीभित्र समावेश गरेर समय सापेक्ष रूपमा सुधार गर्दै लैजाने हो भने यसबाट परम्परागत ज्ञानको हस्तान्तरणमा निरन्तरता, स्थानीय स्रोत साधनको उपयोग र वातावरणमैत्री उत्पादन प्रक्रियाको विकास हुन सक्छ ।

- **आर्थिक अवस्थाः** इलाम नगरपालिकाको आर्थिक अवस्था कृषि, पशुपालन, उद्योग, व्यापार र नोकरीमा आधारित छ। यस नगरपालिकामा उक्त पेशाहरूको संक्षिप्त विवरण यस प्रकार छ।

- **कृषिः** इलाम नगरपालिका कृषिको लागि उर्वर भूमि भएको नगरपालिका हो। यहाँको ४४.८ प्रतिशत जमिन खेतीको लागि उपयुक्त मानिन्छ। यस नगरपालिकाको जमिनमा ० डिग्रीदेखि ४८ डिग्रीसम्मको भिरालोपन पाइन्छ। जमिनको भिरालोपन, माटोको उर्वरा शक्ति, हावापानी, सिंचाइको सुविधा जस्ता कुराहरूलाई मध्यनजर गरेर यहाँ विभिन्न प्रकारका बालीहरू लगाइन्छ। यहाँ अन्न, तेलहन, तरकारी, फलफूल, मसला आदि बालीहरूको खेती गरिन्छ। यहाँ नगदेबालीको रूपमा अदुवा, अलैंची, अम्लिसो, चिया, कफी आदिको पनि उत्पादन गरिन्छ। आजभोलि गोलियाको रुपमा काठ बिक्री गर्नको लागि नगदेबालीको रुपमा वृक्षारोपण गर्ने प्रचलन पनि प्रारम्भ भएको छ। सात 'अ' को जिल्ला भनेर चिनिने इलाम जिल्लाभित्र उत्पादन हुने कृषि क्षेत्रसँग सम्बन्धित ७ वटा "अ" अदुवा, अलैंची, अम्लिसो, अकबरे, अर्थोडक्स चिया, ओलन र आलुको उत्पादन इलाम नगरपालिकाभित्र पनि हुन्छ। इलाम नगरपालिकाको कृषि निर्वाहमुखी खेतीबाट व्यावसायिक खेतीतर्फ उन्मुख हुँदै गरेको देखिन्छ | इलाम नगरपालिका उन्नत बालीहरूको अतिरिक्त रैथाने बालीहरूको संरक्षण तर्फ पनि लागेको देखिन्छ।

- **पशुपन्छी पालनः** इलाम नगरपालिकामा कृषिको पूरक पेसाको रूपमा पशुपन्छी पालन गरिन्छ। यहाँ गाई, भैँसी, बाख्रा, भेडा, घोडा, सुँगुर, बङ्गुर, हाँस, कुखुरा, तित्रा, बट्टाई, परेवा आदि पालिन्छन्। रैथाने जातका पशुपंक्षीहरू मात्रै पालन गरिँदै आएकोमा

हाल उन्नत जातका पशुपंक्षीहरूको पालन प्रारम्भ गरिएको छ। पशुपालन व्यवसायलाई व्यवसायीकरण गर्ने कार्यको पनि थालनी भएको छ।

- **उद्योग**: इलाम नगरपालिकामा बाँस, काठ, धागो, माटो र धातुका सामानहरू उत्पादन गर्ने केही परम्परागत उद्योगहरू सञ्चालनमा छन्। तर बाहिरबाट आयात हुने ठूला उद्योगहरूबाट उत्पादित आधुनिक सामानहरू सँगको प्रतिस्पर्धामा टिक्न नसकेर यी उद्योगहरू बन्द हुँदै गइरहेका छन्। यस बाहेक यहाँ चिया उद्योग, दुग्धजन्य उद्योग, कुटानी पिसानी उद्योग, मिष्ठान्न उद्योग, बेकरी उद्योग, ढाका उद्योग, साबुन उद्योग, गृल उद्योग, फर्निचर उद्योग, सेनिटरी प्याड उद्योग, इलामे झोला उद्योग, अचार उद्योग, कंक्रिट उद्योग, मोटर पार्टस् वर्कसप आदि पनि सञ्चालित छन्।

## १.२ शैक्षिक स्थिति

### १.२.१ तहगत विद्यालय विवरण

| क्र. सं. | सञ्चालित कक्षा | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|---|
| १ | पूर्व प्राथमिक | | २ | २ |
| २ | कक्षा ३ सम्म | ३ | | ३ |
| ३ | कक्षा ५ सम्म | २१ | २ | २३ |
| ४ | कक्षा ८ सम्म | ९ | ४ | १३ |
| ५ | कक्षा १० सम्म | ७ | १५ | २२ |
| ६ | कक्षा १२ सम्म | ६ | ३ | ९ |
| जम्मा | | ४६ | २६ | ७२ |

स्रोतः शिक्षा, युवा तथा खेलकुद शाखा

### १.२.२ भौतिक तथा पूर्वाधारको अवस्था

| भौतिक तथा पूर्वाधारको अवस्था | | | |
|---|---|---|---|
| क्र. सं. | विवरण | विद्यालय | |
| | | सामुदायिक | संस्थागत |
| १ | भवन | ३०९ | ८२ |
| २ | कक्षाकोठा | ७३३ | ४५० |
| ३ | शौचालय | ४५१ | १५५ |
| ४ | विज्ञान प्रयोगशाला | १२ | ९ |
| ५ | पुस्तकालय | १९ | १५ |
| ६ | स्कुल बस | १ | ७ |

स्रोतः IEMIS 2082

### १.२.३ पुस्तकालय, विज्ञान प्रयोगशाला र इन्टरननेटको उपलब्धता २०८२/८३

इलाम नगरपालिकाका सम्पूर्ण सामुदायिक विद्यालयहरू (४६ वटा) मा इन्टरनेटको पहुँच बिस्तार भइसकेको र हरेक विद्यालयमा कम्तीमा एक सेट कम्प्युटर र प्रिन्टर उपलब्ध रहेको छ।

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | उपलब्ध सुविधा | कैफियत |
|---|---|---|---|---|
| १ | जनता आधारभूत विद्यालय | इलाम - १ | पुस्तकालय, ICT Lab | |
| २ | नेपालटार माध्यमिक विद्यालय | इलाम - १ | पुस्तकालय, ICT Lab, विज्ञान प्रयोगशाला | |
| ३ | नन्द माध्यमिक विद्यालय | इलाम - १० | पुस्तकालय, ICT Lab, विज्ञान प्रयोगशाला | |
| ४ | पूर्णस्मारक माध्यमिक विद्यालय | इलाम - १० | पुस्तकालय, ICT Lab, विज्ञान प्रयोगशाला | |
| ५ | अमर ज्योति आधारभूत विद्यालय | इलाम - १२ | पुस्तकालय, ICT Lab | |
| ६ | अमर माध्यमिक विद्यालय | इलाम - ४/५ | पुस्तकालय, ICT Lab, विज्ञान प्रयोगशाला | नमुना विद्यालय |
| ७ | जनकल्याण आधारभूत विद्यालय | इलाम - ६ | पुस्तकालय, ICT Lab | |
| ८ | आदर्श माध्यमिक विद्यालय | इलाम - ७ | पुस्तकालय, ICT Lab, विज्ञान प्रयोगशाला | |
| ९ | महेश्वरा आधारभूत विद्यालय | इलाम - ११ | पुस्तकालय, ICT Lab | |
| १० | बालकन्या माध्यमिक विद्यालय | इलाम - ११ | पुस्तकालय, ICT Lab, विज्ञान प्रयोगशाला | |
| ११ | रत्नलक्ष्मी आधारभूत विद्यालय | इलाम - १२ | पुस्तकालय, ICT Lab | |
| १२ | साङरुम्बा माध्यमिक विद्यालय | इलाम -१२ | पुस्तकालय, ICT Lab, विज्ञान प्रयोगशाला | |
| १३ | सुम्बेक माध्यमिक विद्यालय | इलाम - २ | पुस्तकालय, ICT Lab, विज्ञान प्रयोगशाला | |
| १४ | वाल्मिकी सिंहदेवी आधारभूत विद्यालय | इलाम - ३ | पुस्तकालय, ICT Lab | |
| १५ | विणापाणी माध्यमिक विद्यालय | इलाम - ३ | पुस्तकालय, ICT Lab, विज्ञान प्रयोगशाला | |
| १६ | बालमण्डल माध्यमिक विद्यालय | इलाम - ४ | पुस्तकालय, ICT Lab, विज्ञान प्रयोगशाला | |
| १७ | सिद्धेश्वरी आधारभूत विद्यालय | इलाम - ४ | पुस्तकालय, ICT Lab | |
| १८ | बरवोटे आधारभूत विद्यालय | इलाम - ५ | पुस्तकालय, ICT Lab | |
| १९ | सप्तमाई गुरुकुल संस्कृत विद्याश्रम माध्यमिक विद्यालय | इलाम - ५ | पुस्तकालय, ICT Lab | |
| २० | भगवती माध्यमिक विद्यालय | इलाम - ९ | पुस्तकालय, ICT Lab, विज्ञान प्रयोगशाला | |
| २१ | महमाई आधारभूत विद्यालय | इलाम - ९ | पुस्तकालय, ICT Lab, | |
| २२ | शारदा माध्यमिक विद्यालय | इलाम - ३ | पुस्तकालय, ICT Lab, विज्ञान प्रयोगशाला | |

स्रोतः शिक्षा, युवा तथा खेलकुद शाखा

### १.२.४ शिक्षक दरबन्दी

| क्र स | तह | सङ्ख्या |
|---|---|---|
| १ | प्राथमिक | २२८ |
| २ | निम्न माध्यमिक | ७४ |
| ३ | माध्यमिक | ५२ |
| ४ | साविक उच्च माध्यमिक | १६ |
| ५ | बालविकास | ७१ |

स्रोतः शिक्षा, युवा तथा खेलकुद शाखा

## १.२.५ शिक्षक तथा कर्मचारी विवरण

### क. हाल कार्यरत जम्मा शिक्षक तथा कर्मचारी विवरण २०८३

| क्र.सं. | तह | महिला | | | | | पुरुष | | | | | जम्मा | | | | | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | | | | अस्थायी | स्थायी | | | | अस्थायी | स्थायी | | | | अस्थायी | |
| | | प्र. | द्वि. | तृ. | जम्मा | | प्र. | द्वि. | तृ. | जम्मा | | प्र. | द्वि. | तृ. | जम्मा | | |
| १ | उच्च माध्यमिक | ० | ० | ० | ० | ४ | ० | | | ० | १६ | ० | ० | ० | ० | २० | २० |
| २ | माध्यमिक | ० | ० | ८ | ८ | ४ | १ | ९ | १६ | २६ | १४ | १ | ९ | २४ | ३४ | १८ | ५२ |
| ३ | निम्न माध्यमिक | ० | ३ | १५ | १८ | ५ | १ | १२ | २० | ३३ | १६ | १ | १५ | ३५ | ५१ | २१ | ७२ |
| ४ | प्राथमिक | ४ | ३७ | ६५ | १०६ | १९ | ६ | ३० | ६० | ९६ | ६ | १० | ६७ | १२५ | २०२ | २५ | २२७ |
| ५ | सहजकर्ता | ० | ० | ० | ० | ६६ | ० | ० | ० | ० | २ | ० | ० | ० | ० | ६८ | ६८ |
| ६ | कर्मचारी | ० | ० | ० | ० | २८ | ० | ० | ० | ० | ३२ | ० | ० | ० | ० | ६० | ६० |
| जम्मा | | ४ | ४० | ८८ | १३२ | १२६ | ८ | ५१ | ९६ | १५५ | ८६ | १२ | ९१ | १८४ | २८७ | २१२ | ४९९ |

स्रोतः शिक्षा, युवा तथा खेलकुद शाखा

### ख. हाल कार्यरत दलित शिक्षक तथा कर्मचारी विवरण

| क्र.सं. | तह | महिला | | | | | पुरुष | | | | | जम्मा | | | | | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | | | | अस्थायी | स्थायी | | | | अस्थायी | स्थायी | | | | अस्थायी | |
| | | प्र. | द्वि. | तृ. | जम्मा | | प्र. | द्वि. | तृ. | जम्मा | | प्र. | द्वि. | तृ. | जम्मा | | |
| १ | उच्च माध्यमिक | | | | ० | | | | | ० | | ० | ० | ० | ० | ० | ० |
| २ | माध्यमिक | | | | ० | | | | | ० | | ० | ० | ० | ० | ० | ० |
| ३ | निम्न माध्यमिक | | | | ० | | | | १ | १ | १ | ० | ० | १ | १ | १ | २ |
| ४ | प्राथमिक | | | ४ | ४ | | | | २ | २ | | ० | ० | ६ | ६ | ० | ६ |
| ५ | सहजकर्ता | | | | ० | ३ | | | | ० | | ० | ० | ० | ० | ३ | ३ |
| ६ | कर्मचारी | | | | ० | १ | | | | ० | १ | ० | ० | ० | ० | २ | २ |
| जम्मा | | ० | ० | ४ | ४ | ४ | ० | ० | ३ | ३ | २ | ० | ० | ७ | ७ | ६ | १३ |

स्रोतः शिक्षा, युवा तथा खेलकुद शाखा

### ग. हाल कार्यरत जनजाति शिक्षक तथा कर्मचारी विवरण

| क्र.सं. | तह | महिला | | | | | पुरुष | | | | | जम्मा | | | | | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | | | | अस्थायी | स्थायी | | | | अस्थायी | स्थायी | | | | अस्थायी | |
| | | प्र. | द्वि. | तृ. | जम्मा | | प्र. | द्वि. | तृ. | जम्मा | | प्र. | द्वि. | तृ. | जम्मा | | |
| १ | उच्च माध्यमिक | | | | ० | १ | | | | ० | ३ | ० | ० | ० | ० | ४ | ४ |

| क्र.सं. | तह | महिला | | | | | पुरुष | | | | | जम्मा | | | | | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | | | | अस्थायी | स्थायी | | | | अस्थायी | स्थायी | | | | अस्थायी | |
| | | प्र. | द्वि. | तृ. | जम्मा | | प्र. | द्वि. | तृ. | जम्मा | | प्र. | द्वि. | तृ. | जम्मा | | |
| २ | माध्यमिक | | | | ० | | | ४ | ३ | ७ | २ | ० | ४ | ३ | ७ | २ | ९ |
| ३ | निम्न माध्यमिक | | | ४ | ४ | | | २ | ३ | ५ | ४ | ० | २ | ७ | ९ | ४ | १३ |
| ४ | प्राथमिक | १ | ४ | २१ | २६ | ७ | १ | १० | २० | ३१ | ३ | २ | १४ | ४१ | ५७ | १० | ६७ |
| ५ | सहजकर्ता | | | | ० | २९ | | | | ० | १ | ० | ० | ० | ० | ३० | ३० |
| ६ | कर्मचारी | | | | ० | १८ | | | | ० | १२ | ० | ० | ० | ० | ३० | ३० |
| जम्मा | | १ | ४ | २५ | ३० | ५५ | १ | १६ | २६ | ४३ | २५ | २ | २० | ५१ | ७३ | ८० | १५३ |

स्रोतः शिक्षा, युवा तथा खेलकुद शाखा

### १.२.६ विद्यार्थी विवरण (स्रोतः IEMIS 2079/80/81/82)

#### क. कुल विद्यार्थी विवरण -२०८१

| क्र.सं. | कक्षा | सामुदायिक | | | संस्थागत | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | बाल विकास | ३५३ | ३८९ | ७४२ | ७६५ | ८४१ | १६०६ | १११८ | १२३० | २३४८ |
| २ | कक्षा १ - ५ | ७९० | ७९१ | १५८१ | १४९७ | १६८६ | ३१८३ | २२८७ | २४७७ | ४७६४ |
| ३ | कक्षा ६- ८ | ५९८ | ६०१ | ११९९ | ७७६ | ९५६ | १७३२ | १३७४ | १५५७ | २९३१ |
| ४ | कक्षा ९ - १० | ४९३ | ४४७ | ९४० | ३९६ | ४२७ | ८२३ | ८८९ | ८७४ | १७६३ |
| ५ | कक्षा ११ -१२ | ५४३ | ५२९ | १०७२ | २३२ | २५७ | ४८९ | ७७५ | ७८६ | १५६१ |
| जम्मा | | २७७७ | २७५७ | ५५३४ | ३६६६ | ४१६७ | ७८३३ | ६४४३ | ६९२४ | १३३६७ |

#### ख. कुल विद्यार्थी सङ्ख्या २०८२

कोशी प्रदेश सामाजिक विकास मन्त्रालयको तथ्याङ्क अनुसार यस शैक्षिक सत्रमा इलाम जिल्लाका स्थानीय तहहरूमध्ये इलाम नगरपालिका सबैभन्दा बढी विद्यार्थी सङ्ख्या भएको स्थानीय तह हो।

| क्र.सं. | कक्षा | सामुदायिक | | | संस्थागत | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | बाल विकास | ३३८ | ३५८ | ६९६ | ७२६ | ८६० | १५८६ | १०६४ | १२१८ | २२८२ |
| २ | कक्षा १ - ५ | ७१६ | ७३८ | १४५४ | १५३५ | १७६० | ३२९५ | २२५१ | २४९८ | ४७४९ |
| ३ | कक्षा ६- ८ | ५६७ | ५९१ | ११५८ | ८४४ | १०१० | १८५४ | १४११ | १६०१ | ३०१२ |
| ४ | कक्षा ९ - १० | ४७६ | ४२१ | ८९७ | ४३० | ४७८ | ९०८ | ९०६ | ८९९ | १८०५ |

| क्र.सं. | कक्षा | सामुदायिक | | | संस्थागत | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| ५ | कक्षा ११-१२ | २१३ | २१३ | ४२६ | १०५ | १२२ | २२७ | ३१८ | ३३५ | ६५३ |
| जम्मा | | २३१० | २३२१ | ४६३१ | ३६४० | ४२३० | ७८७० | ५९५० | ६५५१ | १२५०१ |

## ग. दलित विद्यार्थी विवरण -२०८१

| क्र सं | कक्षा | सामुदायिक | | | संस्थागत | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | पूर्वप्राथमिक | ३४ | ३९ | ७३ | ५० | ३५ | ८५ | ८४ | ७४ | १५८ |
| २ | कक्षा १-५ | ९२ | ८१ | १७३ | ९७ | ८१ | १७८ | १८९ | १६२ | ३५१ |
| ३ | कक्षा ६-८ | ६६ | ५६ | १२२ | ३८ | ४७ | ८५ | १०४ | १०३ | २०७ |
| ४ | कक्षा ९-१० | ४२ | ३९ | ८१ | १० | २० | ३० | ५२ | ५९ | १११ |
| ५ | कक्षा ११ - १२ | ४६ | ३६ | ८२ | ४ | १२ | १६ | ५० | ४८ | ९८ |
| जम्मा | | २८० | २५१ | ५३१ | १९९ | १९५ | ३९४ | ४७९ | ४४६ | ९२५ |

## घ. दलित विद्यार्थी विवरण २०८२

| क्र.सं | कक्षा | सामुदायिक | | | संस्थागत | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | पूर्वप्राथमिक | २६ | ४६ | ७२ | ४१ | ४४ | ८५ | ६७ | ९० | १५७ |
| २ | कक्षा १-५ | ८० | ६३ | १४३ | ९८ | ७६ | १७४ | १७८ | १३९ | ३१७ |
| ३ | कक्षा ६-८ | ६२ | ५७ | ११९ | ४५ | ४७ | ९२ | १०७ | १०४ | २११ |
| ४ | कक्षा ९-१० | ३७ | ३० | ६७ | १३ | २० | ३३ | ५० | ५० | १०० |
| ५ | कक्षा ११-१२ | १६ | १२ | २८ | ६ | ८ | १४ | २२ | २० | ४२ |
| जम्मा | | २२१ | २०८ | ४२९ | २०३ | १९५ | ३९८ | ४२४ | ४०३ | ८२७ |

## ङ. जनजाति विद्यार्थी विवरण -२०८१

| क्र सं | कक्षा | सामुदायिक | | | संस्थागत | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | पूर्वप्राथमिक | २२१ | २३१ | ४५२ | ४८२ | ५४१ | १०२३ | ७०३ | ७७२ | १४७५ |
| २ | कक्षा १- ५ | ४९० | ४८० | ९७० | ९४२ | १०६३ | २००५ | १४३२ | १५४३ | २९७५ |
| ३ | कक्षा ६-८ | ३६९ | ३५९ | ७२८ | ४४२ | ६१८ | १०६० | ८११ | ९७७ | १७८८ |
| ४ | कक्षा ९-१० | ३०३ | २७० | ५७३ | २५४ | २३५ | ४८९ | ५५७ | ५०५ | १०६२ |
| ५ | कक्षा ११ - १२ | ३४४ | ३१८ | ६६२ | १७० | १९६ | ३६६ | ५१४ | ५१४ | १०२८ |

| क्र सं | कक्षा | सामुदायिक | | | संस्थागत | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| जम्मा | | १७२७ | १६५८ | ३३८५ | २२९० | २६५३ | ४९४३ | ४०१७ | ४३११ | ८३२८ |

## च. जनजाति विद्यार्थी विवरण २०८२

| क्र.सं | कक्षा | सामुदायिक | | | संस्थागत | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | पूर्वप्राथमिक | १९५ | २०५ | ४०० | ३७४ | ४६२ | ८३६ | ५६९ | ६६७ | १२३६ |
| २ | कक्षा १-५ | ४३५ | ४४८ | ८८३ | १०१६ | ११५४ | २१७० | १४५१ | १६०२ | ३०५३ |
| ३ | कक्षा ६-८ | ३५३ | ३५६ | ७०९ | ५०२ | ६४८ | ११५० | ८५५ | १००४ | १८५९ |
| ४ | कक्षा ९-१० | २८९ | २५२ | ५४१ | २६९ | २८४ | ५५३ | ५५८ | ५३६ | १०९४ |
| ५ | कक्षा ११-१२ | १२३ | १२६ | २४९ | २३ | ३४ | ५७ | १४६ | १६० | ३०६ |
| जम्मा | | १३९५ | १३८७ | २७८२ | २१८४ | २५८२ | ४७६६ | ३५७९ | ३९६९ | ७५४८ |

## छ. अपाङ्गता भएका विद्यार्थी विवरण -२०८१

| क्र सं | कक्षा | सामुदायिक | | | संस्थागत | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | पूर्वप्राथमिक | ३ | १ | ४ | ३ | ० | ३ | ६ | १ | ७ |
| २ | कक्षा १- ५ | २० | २० | ४० | १ | ३ | ४ | २१ | २३ | ४४ |
| ३ | कक्षा ६-८ | ६ | ६ | १२ | २ | ० | २ | ८ | ६ | १४ |
| ४ | कक्षा ९-१० | १ | ० | १ | ३ | ० | ३ | ४ | ० | ४ |
| ५ | कक्षा ११ - १२ | १ | ५ | ६ | ० | ० | ० | १ | ५ | ६ |
| जम्मा | | ३१ | ३२ | ६३ | ९ | ३ | १२ | ४० | ३५ | ७५ |

## ज. अपाङ्गता भएका विद्यार्थी विवरण -२०८२

| क्र.सं | कक्षा | सामुदायिक | | | संस्थागत | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | पूर्वप्राथमिक | ५ | २ | ७ | २ | ० | २ | ७ | २ | ९ |
| २ | कक्षा १-५ | २० | २१ | ४१ | ४ | १० | १४ | २४ | ३१ | ५५ |
| ३ | कक्षा ६-८ | ५ | ८ | १३ | ३ | ० | ३ | ८ | ८ | १६ |
| ४ | कक्षा ९-१० | २ | ० | २ | २ | ० | २ | ४ | ० | ४ |
| ५ | कक्षा ११-१२ | १ | ३ | ४ | १ | ० | १ | २ | ३ | ५ |
| जम्मा | | ३३ | ३४ | ६७ | १२ | १० | २२ | ४५ | ४४ | ८९ |

## १.२.७. तुलनात्मक विद्यार्थी विवरण

| क्र.सं. | कक्षा | २०७९ | | | | | | | | | २०८० | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सामुदायिक | | | संस्थागत | | | जम्मा | | | सामुदायिक | | | संस्थागत | | | जम्मा | | |
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | पूर्वप्राथमिक | ३१९ | ३४८ | ६६७ | ७६९ | ९३६ | १७०५ | १०८८ | १२८४ | २३७२ | ३१२ | ३७३ | ६८५ | ७३७ | ८१९ | १५५६ | १०४९ | ११९२ | २२४१ |
| २ | कक्षा १-५ | ९५७ | ९३० | १८८७ | १४९६ | १७४७ | ३२४३ | २४५३ | २६७७ | ५१३० | ९०० | ८९७ | १७९७ | १४०५ | १६६४ | ३०६९ | २३०५ | २५६१ | ४८६६ |
| ३ | कक्षा ६-८ | ७५१ | ६९८ | १४४९ | ७५५ | ८६४ | १६१९ | १५०६ | १५६२ | ३०६८ | ७३३ | ६७५ | १४०८ | ७६० | ८७७ | १६३७ | १४९३ | १५५२ | ३०४५ |
| ४ | कक्षा ९-१० | ५१६ | ५६८ | १०८४ | ३९० | ४५५ | ८४५ | ९०६ | १०२३ | १९२९ | ४४० | ४६८ | ९०८ | ३८५ | ४२७ | ८१२ | ८२५ | ८९५ | १७२० |
| ५ | कक्षा ११-१२ | ८५० | ६८८ | १५३८ | १९५ | २३६ | ४३१ | १०४५ | ९२४ | १९६९ | ४१५ | ३३२ | ७४७ | २१ | २१ | ४२ | ४३६ | ३५३ | ७८९ |
| जम्मा | | ३३९३ | ३२३२ | ६६२५ | ३६०५ | ४२३८ | ७८४३ | ६९९८ | ७४७० | १४४६८ | २८०० | २७४५ | ५५४५ | ३३०८ | ३८०८ | ७११६ | ६१०८ | ६५५३ | १२६६१ |

इलाम नगरपालिकाको २०७९, २०८० र २०८१ को विद्यार्थी विवरण विश्लेषण गर्दा २०७९ मा कुल विद्यार्थी १४४६८ मध्ये छात्रा ६९९८ (४८.३६%) रहेकोमा सामुदायिक तर्फ ६६२५ (४५.७९%) जना र संस्थागत तर्फ ७८४३ (५४.२१%) विद्यार्थी रहेको देखिन्छ । २०८० मा कुल विद्यार्थी १२६६१ मध्ये छात्रा ६१०८ (४८.२४%) रहेकोमा सामुदायिक तर्फ ५५४५ (४३.७९%) जना र संस्थागत तर्फ ७११६ (५६.२१%) विद्यार्थी रहेको देखिन्छ । त्यसैगरी २०८१ मा हेर्दा कुल विद्यार्थी १२७१२ मध्ये छात्रा ६१२६ (४८.१९%) रहेकोमा सामुदायिक तर्फ ५१०८ (४०.१८%) जना र संस्थागत तर्फ ७६०४ (५९.८२%) विद्यार्थी रहेको देखिन्छ । यसरी हेर्दा एकातिर २०७९, २०८० र २०८१मा हरेक वर्ष छात्राको तुलनामा छात्रको सङ्ख्या बढी रहेको देखिन्छ भने अर्कातिर सामुदायिकमा भन्दा संस्थागतमा बढी रहेको देखिन्छ । यसरी हेर्दा २०७९ मा भन्दा २०८०मा विद्यार्थी सङ्ख्या घटेको र २०८१ मा भने २०८० मा भन्दा केहि बढे पनि २०७९ मा भन्दा कम नै रहेको देखिन्छ ।

तहगत रूपमा हेर्दा पूर्व प्राथमिक तहमा २०७९ मा जम्मा विद्यार्थी २३७२ मध्ये सामुदायिक तर्फ ६६७ (२८.१२%) र संस्थागत तर्फ १७०५ (७१.८८%) जना रहेको देखिन्छ भने २०८०मा जम्मा विद्यार्थी २२४९ मध्ये सामुदायिक तर्फ ६८५ (३०.४५%) र संस्थागत तर्फ १५५६ जना (६९.५५%) रहेको देखिन्छ । त्यसैगरी २०८१ मा हेर्दा जम्मा विद्यार्थी २३४८ मध्ये सामुदायिक तर्फ ७४२ (३१.६०%) र संस्थागत तर्फ १६०६(६८.४०%) जना रहेको देखिन्छ । यसरी हेर्दा पूर्व प्राथमिक तहमा २०७९ मा भन्दा २०८०मा विद्यार्थी सङ्ख्या केहि घटेको र २०८१ मा भने २०८० मा भन्दा केहि बढे पनि २०७९ मा भन्दा कम नै रहेको देखिन्छ । । यसलाई अझ विश्लेषण गर्दा कक्षा १-५ मा संस्थागतमा सामुदायिकमा भन्दा बढी विद्यार्थी सङ्ख्या रहेको देखिन्छ ।

कक्षा १-५ मा हेर्दा २०७९ मा जम्मा विद्यार्थी ५१३० मध्ये सामुदायिक तर्फ १८८७ (३६.७८%) र संस्थागत तर्फ ३२४३ (६३.२२%) जना रहेको देखिन्छ भने २०८० मा जम्मा विद्यार्थी ४८६६ मध्ये सामुदायिक तर्फ १७९७ (३६.९२%) र संस्थागत तर्फ ३०६९ जना (६३.०८%) रहेको देखिन्छ। त्यसैगरी २०८१ मा हेर्दा जम्मा विद्यार्थी ४७६४ मध्ये सामुदायिक तर्फ १५८१ (३३.१८%) र संस्थागत तर्फ ३१८३(६६.८२%) जना रहेको देखिन्छ। यसरी हेर्दा कक्षा १-५ मा २०७९ मा भन्दा २०८० र २०८१ मा विद्यार्थी सङ्ख्या घट्दै गएको देखिन्छ। यसलाई अझ विश्लेषण गर्दा कक्षा १-५ मा सामुदायिक तर्फ भन्दा संस्थागत तर्फ विद्यार्थी सङ्ख्या बढी रहेको देखिन्छ।

कक्षा ६-८ मा हेर्दा २०७९ मा जम्मा विद्यार्थी ३०६८ मध्ये सामुदायिक तर्फ १४४९ (४७.२९%) र संस्थागत तर्फ १६१९ (५२.७१%) जना रहेको देखिन्छ भने २०८०मा जम्मा विद्यार्थी ३०४५ मध्ये सामुदायिक तर्फ १४०८(४६.२४%) र संस्थागत तर्फ १६३७ जना (५३.७६%) रहेको देखिन्छ। त्यसैगरी २०८१ मा हेर्दा जम्मा विद्यार्थी २९३९ मध्ये सामुदायिक तर्फ ११९९ (४०.७९%) र संस्थागत तर्फ १७३२(५९.२१%) जना रहेको देखिन्छ। यसरी हेर्दा कक्षा ६-८ मा २०७९ मा भन्दा २०८० र २०८१ मा विद्यार्थी सङ्ख्या घट्दै गएको देखिन्छ। यसलाई अझ विश्लेषण गर्दा कक्षा ६-८ मा सामुदायिक तर्फ भन्दा संस्थागत तर्फ विद्यार्थी सङ्ख्या बढी रहेको देखिन्छ।

कक्षा ९-१० मा हेर्दा २०७९ मा जम्मा विद्यार्थी १९२९ मध्ये सामुदायिक तर्फ १०८४ (५६.१९%) र संस्थागत तर्फ ८४५ (४३.८१%) जना रहेको देखिन्छ भने २०८०मा जम्मा विद्यार्थी १७२० मध्ये सामुदायिक तर्फ ९०८(५२.७९%) र संस्थागत तर्फ ८१२ जना (४७.२१%) रहेको देखिन्छ। त्यसैगरी २०८१ मा हेर्दा जम्मा विद्यार्थी १७६३ मध्ये सामुदायिक तर्फ ९४० (५३.३१%) र संस्थागत तर्फ ८२३(४६.२९%) जना रहेको देखिन्छ। यसरी हेर्दा कक्षा ९-१० मा २०७९ मा भन्दा २०८० मा विद्यार्थी सङ्ख्या केहि घटेको र २०८१ मा भने २०८० मा भन्दा केहि बढे पनि २०७९ मा भन्दा कम नै रहेको देखिन्छ। यसलाई अझ विश्लेषण गर्दा कक्षा ९-१० मा सामुदायिक तर्फ भन्दा संस्थागत तर्फ विद्यार्थी सङ्ख्या कम रहेको देखिन्छ।

कक्षा ११-१२ मा हेर्दा २०७९ मा जम्मा विद्यार्थी १९६९ मध्ये सामुदायिक तर्फ १५३८ (७८.११%) र संस्थागत तर्फ ४३१ (२१.८९%) जना रहेको देखिन्छ भने २०८० मा जम्मा विद्यार्थी ७८९ मध्ये सामुदायिक तर्फ ७४७ (९४.६७%) र संस्थागत तर्फ ४२ जना (५.३३%) रहेको देखिन्छ। त्यसैगरी २०८१ मा हेर्दा जम्मा विद्यार्थी ९०६ मध्ये सामुदायिक तर्फ ६४६ (७१.३०%) र संस्थागत तर्फ २६०(२८.६०%) जना रहेको देखिन्छ। यसरी हेर्दा कक्षा ११-१२ मा २०७९ मा भन्दा २०८०मा विद्यार्थी सङ्ख्या घटेको र २०८१ मा भने २०८० मा भन्दा केहि बढे पनि २०७९ मा भन्दा कम नै रहेको देखिन्छ। यसलाई अझ विश्लेषण गर्दा कक्षा ११-१२ मा सामुदायिकको तुलनामा संस्थागतमा विद्यार्थी सङ्ख्या कम रहेको देखिन्छ।

### १.२.८ विद्यार्थी सिकाइ उपलब्धि

#### क. सामुदायिक विद्यालय विषयगत/कक्षागत उत्तीर्ण प्रतिशत

| वर्ष | २०७९ | | | | २०८० | | | | २०८१ | | | | २०८२ | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कक्षा/विषय | ३ | ५ | ८ | १० | ३ | ५ | ८ | १० | ३ | ५ | ८ | १० | ३ | ५ | ८ | १० |
| नेपाली | ९२ | ९३ | ६२ | ९७ | ९७ | ९७ | ८९ | ९९ | ९६ | ९१ | ८९ | ८० | ९९ | ९९ | ९७ | ९५ |
| अंग्रेजी | ९० | ९१ | ७२ | ९२ | ९६ | ८० | ८० | ९६ | ९६ | ९२ | ८४ | ९६ | ९९ | ९९ | ९६ | ९० |
| गणित | ८९ | ८७ | ३७ | २२ | ९६ | ९५ | ३८ | १९ | ९६ | ९२ | ५० | ५६ | ९९ | ९९ | ९१ | ७४ |
| विज्ञान | | ९५ | ३४ | ८६ | | ९६ | ७७ | ७६ | | ९१ | ८८ | ७४ | | ९९ | ९२ | ८३ |
| सामाजिक/सेरोफेरो | ९२ | ९४ | ६८ | ९५ | ९७ | ९६ | ९८ | ९० | ९६ | ९१ | ७२ | ८९ | ९९ | ९९ | ९७ | ९४ |

स्रोतः शिक्षा, युवा तथा खेलकुद शाखा

#### ख. सामुदायिक विद्यालय विषयगत/कक्षागत औसत प्राप्ताङ्क/जीपीए

| वर्ष | २०७९ | | | | २०८० | | | | २०८१ | | | | २०८२ | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कक्षा/ विषय | ३ | ५ | ८ | १० | ३ | ५ | ८ | १० | ३ | ५ | ८ | १० | ३ | ५ | ८ | १० |
| नेपाली | ६५ | ५९ | ३६ | २.५३ | ६९ | ६४ | ५२ | २.४२ | ७९ | ६४ | ५० | २.४७ | ३.३२ | ३.१८ | २.८३ | २.५९ |
| अंग्रेजी | ६२ | ६० | ४१ | २.२७ | ७० | ६९ | ५७ | २.३२ | ७८ | ६२ | ५० | २.२८ | ३.२२ | ३.१४ | २.६८ | २.५३ |
| गणित | ६१ | ५४ | २३ | १.१४ | ७० | ५८ | २३ | १.२२ | ७५ | ५६ | ३० | २.३१ | ३.२५ | २.८६ | २.३६ | २.२६ |
| विज्ञान | | ५७ | २४ | २. | | ६१ | ४५ | २.०७ | | ५९ | ४९ | २.२२ | | २.९६ | २.४ | २.२१ |
| सामाजिक/सेरोफेरो | ६४ | ६० | ३९ | २.३७ | ७२ | ६० | ४४ | २.४४ | ८१ | ५८ | ४७ | २.४ | ३.३७ | ३.०२ | २.८१ | २.५३ |

स्रोतः शिक्षा, युवा तथा खेलकुद शाखा

#### ग. संस्थागत विद्यालय विषयगत/कक्षागत औसत जिपिए र उत्तीर्ण प्रतिशत २०८२

| विषय | औसत जिपिए | | उत्तीर्ण प्रतिशत | |
|---|---|---|---|---|
| | कक्षा | | | |
| | ८ | १० | ८ | १० |
| नेपाली | ३.२१ | ३.४७ | ९९.६४ | १००.०० |
| अङ्ग्रेजी | ३.४४ | २.९० | ९९.६४ | ९८.२९ |
| गणित | ३.०८ | २.९६ | ९८.९१ | ९६.३४ |
| विज्ञान | ३.०० | २.७६ | ९८.९१ | ९७.५६ |
| सामाजिक | ३.२६ | ३.१० | ९९.२७ | ९८.७८ |

स्रोतः शिक्षा, युवा तथा खेलकुद शाखा

## १.२.९ शैक्षिक सूचकहरू

### क. कक्षा छाड्ने दर

| कक्षा | शैक्षिक वर्ष | | | | | |
|---|---|---|---|---|---|---|
| | २०७९ | | | २०८० | | |
| | भर्ना | कक्षा छाडेका | प्रतिशत | भर्ना | कक्षा छाडेका | प्रतिशत |
| कक्षा १ | १०८१ | ८१ | ७ | १०३७ | ९३ | ९ |
| कक्षा २ | ९५९ | ८७ | ९ | १०३४ | ५२ | ५ |
| कक्षा ३ | १०३३ | ६६ | ६ | ९९९ | ५३ | ५ |
| कक्षा ४ | १०४० | ५४ | ५ | १०४३ | ५७ | ५ |
| कक्षा ५ | १०३० | १०१ | १० | १०८४ | ३९ | ४ |
| कक्षा १ - ५ | ५१४३ | ३८९ | ८ | ५१९७ | २९४ | ६ |
| कक्षा ६ | १०१६ | ६४ | ६ | १०३३ | ५९ | ६ |
| कक्षा ७ | १०२३ | ७४ | ७ | १०३२ | ५१ | ५ |
| कक्षा ८ | १०३४ | ११९ | १२ | १०१७ | २८ | ३ |
| कक्षा ६ -८ | ३०७३ | २५७ | ८ | ३०८२ | १३८ | ४ |
| कक्षा ९ | ९९३ | १०८ | ११ | ८९६ | ६५ | ७ |
| कक्षा १० | ९३६ | ५८ | ६ | ८३७ | ६ | १ |
| कक्षा ९ - १० | १९२९ | १६६ | ९ | १७३३ | ७१ | ४ |
| कूल जम्मा | १०१४५ | ८१२ | ८ | १००१२ | ५०३ | ५ |

स्रोतः IEMIS 2079/80

### ख. उत्तीर्ण, दोहोर्‍याउने र छाड्ने दर (प्रतिशतमा) २०८१

| कक्षा | सामुदायिक | | | संस्थागत | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | उत्तीर्ण | दोहोर्‍याउने | छाड्ने | उत्तीर्ण | दोहोर्‍याउने | छाड्ने | उत्तीर्ण | दोहोर्‍याउने | छाड्ने |
| **बाल विकास** | ३३.०० | ५८.६१ | ८.३९ | ४४.६९ | ५३.८३ | १.४८ | ३८.८५ | ५६.२२ | ४.९४ |
| कक्षा १ | ७५.३५ | १९.२६ | ५.३८ | ९६.११ | १.९५ | १.९५ | ८५.७३ | १०.६१ | ३.६७ |
| कक्षा २ | ८६.९३ | ९.८९ | ३.१८ | ९८.४१ | ०.४८ | १.११ | ९२.६७ | ५.१९ | २.१५ |
| कक्षा ३ | ९३.१६ | ३.९१ | २.९३ | ९९.५५ | ०.०० | ०.४५ | ९६.३६ | १.९६ | १.६९ |
| कक्षा ४ | ८८.५४ | ८.६७ | २.७९ | ९८.६१ | १.२१ | ०.१७ | ९३.५८ | ४.९४ | १.४८ |
| कक्षा ५ | ८७.९९ | ११.१७ | ०.८४ | ९८.०७ | १.७१ | ०.१६ | ९३.०३ | ६.४४ | ०.५० |
| कक्षा १ - ५ | ८६.३९ | १०.५८ | ३.०२ | ९८.१५ | १.०७ | ०.७७ | ९२.३७ | ५.८३ | १.९० |
| कक्षा ६ | ९०.७३ | ७.३० | १.९७ | ९८.३४ | १.३६ | ०.३० | ९३.७७ | ४.३३ | १.१४ |
| कक्षा ७ | ८५.३१ | १२.३७ | २.३२ | ९६.८० | ३.०२ | ०.१८ | ९१.७९ | ७.७० | १.२५ |
| कक्षा ८ | ७३.५० | २४.५० | २.०० | ९८.२६ | १.५५ | ०.१९ | ८४.९३ | १३.०३ | १.१० |

| कक्षा | सामुदायिक | | | संस्थागत | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | उत्तीर्ण | दोहोऱ्याउने | छाड्ने | उत्तीर्ण | दोहोऱ्याउने | छाड्ने | उत्तीर्ण | दोहोऱ्याउने | छाड्ने |
| कक्षा ६ -८ | ८३.१८ | १४.७२ | २.१० | ९७.८० | १.९८ | ०.२२ | ९१.४६ | ८.३५ | १.१६ |
| कक्षा १ - ८ | ८५.१९ | १२.१३ | २.६८ | ९८.०२ | १.४१ | ०.५६ | ९१.५० | ६.७७ | १.६२ |
| कक्षा ९ | ७२.९९ | २३.७९ | ३.२२ | ९६.३५ | २.७४ | ०.९१ | ८६.५० | १३.२७ | २.०७ |
| कक्षा १० | ९४.५१ | १.२५ | ०.७५ | ९९.७४ | ०.२६ | ०.०० | ९६.५० | ०.७६ | ०.३८ |
| कक्षा ९ - १० | ८३.७५ | १२.५२ | १.९९ | ९८.०५ | १.५० | ०.९१ | ९०.९६ | ७.०१ | १.४५ |
| कक्षा ११ | ९७.८४ | २.११ | ०.०० | ९७.८० | २.२० | ०.०० | ४८.९२ | २.१६ | ०.०० |
| कक्षा १२ | १००.०० | ०.०० | ०.०० | १००.०० | ०.०० | ०.०० | ५०.०० | ०.०० | ०.०० |
| कक्षा ११ -१२ | ९८.९२ | २.११ | ०.०० | ९८.९० | २.२० | ०.०० | ४९.४६ | २.१६ | ०.०० |
| कक्षा ९ -१२ | ९१.३४ | ७.३२ | ०.०० | ९८.४८ | १.८५ | ०.९१ | ९४.९१ | ४.५९ | ०.४६ |
| कूल | ८७.२४ | ११.२९ | २.५४ | ९८.१७ | १.५० | ०.६० | ९२.७१ | ६.४० | १.५७ |

स्रोतः IEMIS 2081

## ग. उत्तीर्ण, दोहोऱ्याउने र छाड्ने दर (प्रतिशतमा) २०८२

| कक्षा | सामुदायिक | | | संस्थागत | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | उत्तीर्ण | दोहोऱ्याउने | छाड्ने | उत्तीर्ण | दोहोऱ्याउने | छाड्ने | उत्तीर्ण | दोहोऱ्याउने | छाड्ने |
| बाल विकास | ३४.६८ | ५९.८६ | ५.४७ | ३७.८३ | ६०.६१ | १.५६ | ३६.२६ | ६०.२४ | ३.५२ |
| कक्षा १ | ७५.०८ | १४.४१ | ३.३० | ९१.६८ | ६.६८ | १.६४ | ८३.३८ | १०.५५ | २.४७ |
| कक्षा २ | ९२.११ | ५.२६ | २.६३ | ९८.८९ | ०.४२ | ०.७४ | ९५.५० | २.८४ | १.६९ |
| कक्षा ३ | ९३.८५ | ५.७७ | ०.३८ | ९८.५७ | १.११ | ०.३२ | ९६.२१ | ३.४४ | ०.३५ |
| कक्षा ४ | ८७.०६ | ११.१९ | १.७५ | ९७.६४ | १.६२ | ०.७४ | ९२.३५ | ६.४१ | १.२५ |
| कक्षा ५ | ९१.४० | ७.६४ | ०.९६ | ९८.७४ | १.१९ | ०.३४ | ९५.०७ | ४.४२ | ०.६५ |
| कक्षा १ - ५ | ८७.९० | ८.८५ | ५.०० | ९७.१० | २.२० | ०.७६ | ९२.५० | ५.५३ | २.८८ |
| कक्षा ६ | ९०.५६ | ९.१४ | ०.२९ | ९८.१३ | १.२५ | ०.६३ | ९४.३५ | ५.२० | ०.४६ |
| कक्षा ७ | ८७.९६ | ९.९५ | २.०९ | ९७.२४ | २.४५ | ०.३१ | ९२.६० | ६.२० | १.२० |
| कक्षा ८ | ७७.३३ | १९.३१ | ३.३५ | ९९.०९ | ०.५५ | ०.३६ | ८८.२१ | ९.९३ | १.८६ |
| कक्षा ६ -८ | ८५.२८ | १२.८० | १.९१ | ९८.१५ | १.४२ | ०.४३ | ९१.७२ | ७.११ | १.१७ |
| कक्षा १ - ८ | ८६.५९ | १०.८३ | ३.४७ | ९७.६३ | १.८१ | ०.६० | ९२.११ | ६.३२ | २.०३ |
| कक्षा ९ | ७८.२८ | १९.४७ | २.२५ | ९४.५५ | ०.४४ | ०.८७ | ८६.४२ | ९.९६ | १.५६ |
| कक्षा १० | ९४.८४ | ५.१६ | ०.०० | ९९.२६ | ०.७४ | ०.०० | ९७.०५ | २.९५ | ०.०० |
| कक्षा ९ - १० | ८६.५६ | १२.३२ | २.२५ | ९६.९१ | ०.५९ | ०.८७ | ९१.७४ | ६.४६ | १.५६ |
| कक्षा ११ | ९८.०१ | १.९९ | ०.०० | १००.०० | ०.०० | ०.०० | ९९.०१ | १.०० | ०.०० |
| कक्षा १२ | ६१.५१ | ३८.४९ | ०.०० | ६२.६१ | ३७.३९ | ०.०० | ६२.०६ | ३७.९४ | ०.०० |
| कक्षा ११ -१२ | ७९.७६ | २०.२४ | ०.०० | ८१.३१ | ३७.३९ | ०.०० | ८०.५४ | २८.८२ | ०.०० |
| कक्षा ९ -१२ | ८३.१६ | १६.२८ | २.२५ | ८९.११ | १८.९९ | ०.८७ | ८६.१४ | १७.६४ | १.५६ |
| कूल | ८४.८८ | १३.५५ | ३.०५ | ९३.३७ | १०.४० | ०.६९ | ८९.१३ | ११.९८ | १.८७ |

स्रोतः IEMIS 2082

### घ. भर्ना दर २०८२

| क्र.सं. | तह | कुल भर्नादर | | | खुद भर्नादर | | |
|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | आधारभूत तह कक्षा १ - ५ | ११४.६ | १२३.२८ | ११९. | ७४.५३ | ७५.५९ | ७५.०७ |
| २ | आधारभूत तह कक्षा ६ - ८ | १२३.८३ | १३५.६२ | १२९.८४ | ७०.७१ | ७०.७४ | ७०.७३ |
| ३ | आधारभूत तह कक्षा १ - ८ | ११७.९७ | १२७.८१ | १२२.९७ | ७३.१४ | ७३.८१ | ७३.४८ |
| ४ | माध्यमिक तह कक्षा ९ -१० | १०९.६९ | १३३.९३ | १२२.३ | ४८.७९ | ३५.८३ | ४२.०४ |

स्रोतः Census 2021, IEMIS 2082

### ङ. भर्ना दर २०८३

| क्र.सं. | तह | कुल भर्नादर | | | खुद भर्नादर | | |
|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | आधारभूत तह कक्षा १ - ५ | ११०.३१ | ११७.१९ | ११३.८० | ८१.७१ | ८६.४९ | ८४.१३ |
| २ | आधारभूत तह कक्षा ६ - ८ | ११८.८२ | १३१.५५ | १२५.३० | ६७.४६ | ६७.३५ | ६७.४० |
| ३ | आधारभूत तह कक्षा १ - ८ | ११३.४१ | १२२.४६ | ११८.०१ | ७६.५१ | ७९.४७ | ७८.०१ |
| ४ | माध्यमिक तह कक्षा ९ -१० | १०१.०९ | ९५.५४ | ९८.२० | ५७.८७ | ७०.३१ | ६४.३४ |

स्रोतः Census 2021, IEMIS 2083

### च. टिकाउ दर (कक्षा ८)

| क्र. सं. | विवरण | २०८० | २०८१ | २०८२ |
|---|---|---|---|---|
| १ | जम्मा भर्ना | १०१८ | ९६७ | ९८४ |
| २ | वार्षिक परीक्षामा सम्मिलित | ९९१ | ९४० | ९२६ |
| ३ | टिकाउ दर | ९७.३५ | ९७.२१ | ९४.११ |
| ४ | उत्तीर्ण भएका | ९२६ | ८२६ | ८३६ |

स्रोतः IEMIS 2080/81/82

### १.२.१० बहुकक्षा बहुस्तर शिक्षण (Multi grade Multilevel Teaching)

बहुकक्षा बहुस्तर शिक्षण (Multi grade Multi Level Teaching) भनेको एक प्रकारको शिक्षाण विधि हो । यसमा एकजना शिक्षकले एउटै कक्षाकोठामा विभिन्न कक्षा, विभिन्न उमेर र विभिन्न सिकाइ क्षमता भएका विद्यार्थीहरूलाई एउटै समयमा पढाउँछन् । यस्तो शिक्षण पद्धतिमा पठनपाठन गर्ने विधि र शिक्षण सामग्रीहरू विशेष प्रकारका हुन्छन् । विद्यार्थी सङ्ख्या कम भएमा, कक्षाकोठा अपुग भएमा वा थोरै विद्यार्थीहरू भएका एक भन्दा बढी कक्षाहरू भएमा यो शिक्षण विधि उपयोगी हुन्छ । यसले हरेक विद्यार्थीलाई विद्यालयसम्म पहुँच पुऱ्याउन र उनीहरूको सिकाइलाई निरन्तरता दिन मद्दत पुऱ्याउँछ ।

इलाम नगरपालिकाका विद्यालयहरूमा हालसम्म यो शिक्षण विधि प्रयोग गरिएको छैन। तर आजभोलि यहाँका आधारभूत तहका विद्यालयहरूमा विद्यार्थी सङ्ख्या कम हुँदै गएको र विद्यार्थी सङ्ख्या न्यून भएको विद्यालयलाई अर्को विद्यालयमा गाभ्दा भौगोलिक दूरीको कारणले विद्यार्थीहरूलाई समस्या सिर्जना हुने भएकोले यो प्रणाली उपयोगी हुनसक्छ।

## १.३ शिक्षाका सबल पक्ष, समस्या, अवसर र चुनौतीहरू

### १.३.१ सबल पक्षहरू:

क. औपचारिक शिक्षाको लामो इतिहास।

ख. सापेक्षित रुपमा उच्च साक्षरता प्रतिशत।

ग. नगर शिक्षा ऐन र नगर शिक्षा नियमावलीको निर्माण र कार्यान्वयन।

घ. स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण र कार्यान्वयन।

ङ. सामुदायिक र संस्थागत विद्यालयहरूको पर्याप्तता।

च. खुला विद्यालयको व्यवस्था।

छ. प्राविधिक धारको विद्यालय सञ्चालन।

ज. CTEVT को आङ्गिक शिक्षालय सञ्चालन।

झ. कक्षा ११ र १२ मा विज्ञान विषयका कक्षाहरू सञ्चालन।

ञ. सेवाक्षेत्र भित्रका पाँचवटा जिल्लाका कक्षा ११ र १२ मा विज्ञान बिषय अध्ययन गर्ने छात्राहरूको लागि महिला फिडर छात्राबासको व्यवस्था।

ट. बौद्धिक अपाङ्गता स्रोत कक्षाको व्यवस्था।

ठ. सामुदायिक सिकाइ केन्द्रहरूको सञ्चालन।

ड. नगरपालिकाको सेवाक्षेत्र भित्र ४ वटा क्याम्पसहरू सञ्चालन।

ढ. विद्यालयहरूमा विद्युतीय हाजिरीको व्यवस्था।

ण. सामुदायिक पुस्तकालयहरूको व्यवस्था।

त. नेपाल सरकारको तर्फबाट सूचीकृत नमूना विद्यालयको व्यवस्थापन।

थ. शिक्षा क्षेत्रका सरोकारवालाहरूको लागि अनुकूल हावापानी र रमणीय वातावरण।

द. नगर शिक्षा पदकको व्यवस्था।

### १.३.२ समस्याहरू:

क. सबै बालबालिकाहरूको जन्मदर्ता नहुनु।

ख. सबै बालबालिकाहरूको लागि आफ्ना आमाबाबुको अभिभावकत्व प्राप्त गर्ने अवसर नहुनु।

ग. भौतिक पूर्वाधारको अपर्याप्तता।

घ. निर्धारित मापदण्ड अनुसारका भौतिक संरचनाहरूको अभाव।
ङ. विद्यालय गाभिने क्रममा भएका भौतिक संरचनाहरू उपयोग विहिन हुनु।
च. बालमैत्री, अपाङ्गता मैत्री, प्रविधि मैत्री र सिकारू मैत्री फर्निचरको अभाव।
छ. विद्यार्थी स्वास्थ्य परीक्षण कार्यक्रमको अभाव।
ज. शिक्षामा सूचना र सञ्चार प्रविधिको पहुँचको अपर्याप्तता।
झ. विषयगत शिक्षकको अपर्याप्तता।
ञ. प्राविधिक धार, साविक उच्च माध्यमिक र बाल शिक्षाका शिक्षक एवम् विद्यालय कर्मचारी/सहयोगीहरूको सेवा र सुरक्षाको सुनिश्चितता नहुनु।
ट. समय सापेक्ष संघीय शिक्षा ऐनको व्यवस्था हुन नसक्नु।
ठ. स्वच्छ खानेपानी र शौचालयको अभाव।
ड. शिक्षक एवम् कर्मचारीहरूको वृत्ति विकासको अनिश्चितता।
ढ. दिवा खाजाको कार्यक्रम प्रभावकारी हुन नसक्नु।
ण. बालमैत्री अवधारणाको कार्यान्वयन हुन नसक्नु।
त. दरबन्दी मिलानको समस्या।
थ. माध्यमिक र साविक उच्च माध्यमिक तहमा शिक्षक दरबन्दीको अपर्याप्तता।
द. परम्परागत सिकाइ, सहजीकरण प्रक्रिया।
ध. न्यून सिकाइ उपलब्धि।
न. प्रतिभा पलायनको समस्या।
ऩ. कक्षा दोहोर्‍याउने र कक्षा छाड्ने दर सन्तोषजनक रूपमा घट्न नसक्नु।
प. शैक्षिक सामग्रीको अभाव।
फ. विद्यालयमा विज्ञान सामग्री र प्रयोगशालाको अभाव।
ब. पठन संस्कृतिको विकास र जीवनपर्यन्त सिकाइको लागि सबै क्षेत्रमा सार्वजनिक पुस्तकालयको अभाव।

**१.३.४ अवसरहरू:**

क. शिक्षालाई संविधानले मौलिक हकको रूपमा परिभाषित गर्नु।
ख. माध्यमिक तहसम्मको शिक्षाको अधिकार र जिम्मेवारी स्थानीय तहलाई प्राप्त हुनु।
ग. ३ वटै तहको सरकार र अन्य संघ संस्थाहरूबाट शिक्षा क्षेत्रमा लगानी हुनसक्ने सम्भावना।
घ. नगरपालिकालाई उपयुक्त प्रकारको शिक्षा ऐन, नियमावली, निर्देशिका र कार्यविधि निर्माण गरेर कार्यान्वयन गर्ने अवसर।
ङ. स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण र कार्यान्वयन गर्ने अवसर।
च. बालबालिकाहरूले नि:शुल्क पाठ्यपुस्तक प्राप्त गर्ने अवसर।
छ. बालबालिकाहरूले दिवा खाजा प्राप्त गर्ने अवसर।

ज. बालबालिकाहरूको लागि आफ्नो इच्छा अनुसारको विद्यालय र विषय छनौट गर्ने अवसर।
झ. नगरपालिकाभित्र प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षा अध्ययन गर्ने अवसर।
ञ. आफ्नै नगरपालिकाभित्र स्नातकोत्तर सम्मको शिक्षा प्राप्त गर्न सक्ने अवसर।
ट. शिक्षालाई सूचना तथा सञ्चार प्रविधिसँग जोड्न सक्ने अवसर।

### १.३.५. चुनौतीहरूः

क. विद्यालय नक्साङ्कन तथा समायोजन।
ख. पूर्ण रूपमा निशूल्क शिक्षाको कार्यान्वयन।
ग. शिक्षक दरबन्दीको उचित व्यवस्थापन।
घ. शिक्षामा नवीनतम विधि र प्रविधिको प्रयोग।
ङ. पाठ्यक्रम, पाठ्यपुस्तक तथा मूल्याङ्कन प्रणालीमा सुधार।
च. विपद् व्यवस्थापन र वैकल्पिक सिकाइ सहजीकरणको व्यवस्था।
छ. जीवन पर्यन्त सिकाइका अवसरहरूको सुनिश्चितता।
ज. बाल विकास केन्द्रको समायोजन र पुनर्वितरण।
झ. शिक्षा क्षेत्रमा लगानी हुने सीमित श्रोत र साधनको उपयुक्त बाँडफाँड।
ञ. मर्ज भएका विद्यालयका भौतिक संरचनाको उपयोग।
ट. शिक्षा क्षेत्रमा संलग्न सबै प्रकारका शैक्षिक जनशक्तिको सेवा सुरक्षा र वृत्ति विकासको सुनिश्चितता।
ठ. बाल शिक्षाका कक्षाहरूमा ४ बर्षभन्दा कम उमेरका बालबालिकाको सहभागिता।
ड. आधारभूत तहसम्मको शिक्षालाई अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षालाई निःशुल्क गरेर गुणस्तरीय शिक्षा प्रदान गर्न आवश्यक स्रोत र साधनको व्यवस्था।
ढ. विभिन्न प्रकारको अपाङ्गता भएका बालबालिकाको लागि शिक्षाको व्यवस्था।

# परिच्छेद - २: दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

## २.१ सन्दर्भ र औचित्य

नेपालको वर्तमान संविधानका अनुसार हाल देशमा सङ्घ, प्रदेश र स्थानीय तह गरेर तीन तहका सरकारहरू क्रियाशील छन् । संविधानको अनुसूची-९ मा शिक्षालाई संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा राखिएको भए तापनि अनुसूची-८ अनुसार आधारभूत र माध्यमिक तहको शिक्षाको व्यवस्थापन गर्ने अधिकार स्थानीय तहलाई दिइएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को (ज) ले पनि शिक्षा सम्बन्धी योजना निर्माण र कार्यान्वयन गर्ने जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ । त्यसैले इलाम नगरपालिकाले संविधान प्रदत्त अधिकार र जिम्मेवारीलाई बोध गर्दै शिक्षालाई सर्वसुलभ, गुणस्तरीय, समय सापेक्ष र जीवनोपयोगी बनाउनको लागि योजनाबद्ध ढंगले शैक्षिक गतिविधिहरू सञ्चालन गर्ने अभिप्रायले यो पाँच बर्षे नगर शिक्षा योजना निर्माण गरेको छ ।

## २.२ दूरदृष्टि

**"प्रविधि, सूचना, सुरक्षा, समता र समावेशिता,**
**युगानुकूल र जीवनोपयोगी शिक्षाको उपलब्धता"**

## २.३ उद्देश्य

यस नगर शिक्षा योजनाका प्रमुख उद्देश्यहरू यसप्रकार रहेका छन् ।

१. शिक्षामा सबैको पहुँच स्थापित गर्नु
२. पाठ्यक्रमले निर्धारण गरे बमोजिमका सिकाइ उपलब्धिहरू हासिल गर्नु
३. गुणस्तरीय र प्रतिस्पर्धात्मक शैक्षिक वातावरण कायम गर्नु
४. शिक्षालाई समय सापेक्ष र जीवनोपयोगी बनाउनु
५. सिपयुक्त र उद्यमशील जनशक्ति उत्पादन गर्नु
६. साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसरहरू सुनिश्चित गर्नु
७. आपतकालीन र संकटपूर्ण अवस्थामा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्नु
८. शिक्षाको प्रणालीगत सक्षमता अभिवृद्धि गर्नु
९. इलाम नगरपालिकालाई शैक्षिक हबको रूपमा विकास गर्नु

## २.४ रणनीति एवम् कार्यनीतिहरू

यस नगर शिक्षा योजनाले देहाय बमोजिमका रणनीति तथा कार्यनीतिहरू तय गरेको छ। यी नीतिहरूबाट योजनाको लक्ष्य अनुसारका शैक्षिक क्रियाकलाप सञ्चालन गर्न स्पष्ट दिशानिर्देश हुने अपेक्षा गरिएको छ । उक्त रणनीति एवम् कार्यनीतिहरूलाई उप क्षेत्रगत रुपमा छुट्याउने प्रयास समेत गरिएको छ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. प्रारम्भिक बालविकास कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अङ्ग बनाएर सबै बालबालिकाको लागि बाल शिक्षा अनिवार्य गर्ने | १.बालविकास उमेर समूहका सबै बालबालिकाहरूको लागि सहज पहुँच सुनिश्चित गर्न निर्धारित मापदण्डका आधारमा बालविकास केन्द्रहरू स्थापना र सञ्चालन गरिनेछ। |
| | २. बालविकास केन्द्रमा संघीय सरकारबाट दिइँदै आएको अनुदानका साथै प्रदेश सरकार र नगरपालिकाबाट समेत लगानीमा साझेदारी गर्ने व्यवस्था मिलाइनेछ। |
| | ३. बालबालिकाहरूको लागि निर्धारित मापदण्ड अनुरूप सरसफाइ, बसाइ व्यवस्थापन, खेल सामग्री, सिकाइ सामग्री, मनोरञ्जन सामग्री र अडियो-भिडियो सामग्री सहित, आकर्षक, मनोरञ्जनपूर्ण र बालमैत्री कक्षाकोठाको व्यवस्थापन गरिनेछ। |
| | ४. बालबालिकाहरूको लागि संगीत र खेलमा आधारित सिकाइ प्रक्रिया अवलम्बन गरिनेछ। |
| २. अनिवार्य, निःल्क र गुणस्तरीय आधारभूत शिक्षामा सबैको पहुँच सुनिश्चित गर्ने | १. विद्यालयहरूको नक्साङ्कन गरेर आवश्यकताका आधारमा विद्यालयहरू स्थापना, समायोजन र सञ्चालन गरिनेछ। |
| | २. शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र गैरसरकारी संस्थाहरू समेतको सक्रियतामा विद्यार्थी भर्ना तथा घरदैलो कार्यक्रम सञ्चालन गरेर विद्यालय उमेरका सबै बालबालिकाहरूलाई विद्यालयमा भर्ना गरिनेछ। |
| | ३. विद्यालयमा विद्यार्थीहरूलाई टिकाइ राख्नको लागि निःशुल्क पाठ्यपुस्तक, दिवा खाजा, छात्रवृत्ति, नियमित स्वास्थ्य परीक्षण जस्ता प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ। |
| | ४ शारीरिक तथा सामाजिक रूपमा पछाडि परेका बालबालिकाहरूको लागि विशेष सिकाइ सामग्री र उचित शैक्षिक अवसरको सिर्जना गरिनेछ। |
| | ५. बालबालिकाहरूको भर्ना, नियमितता र सिकाइ उपलब्धि जस्ता बिषयवस्तुहरूलाई समेटेर अभिभावक सचेतना, अभिभावक भेला र अभिभावक शिक्षा जस्ता कार्यकमहरू सञ्चालन गरिनेछ। |
| | ६ नगरपालिकाको सेवाक्षेत्र भित्रको विद्यालय उमेरको कुनै पनि बालबालिका विद्यालय बाहिर नरहेको घोषणा गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। |
| | ७. जन्मदर्ता गर्नबाट बञ्चित रहेका सबै बालबालिकाहरूको लागि अभियानको रूपमा कार्यक्रम सञ्चालन गरेर जन्मदर्ता गराइनेछ। |
| ३. आधारभूत तथा माध्यमिक तहको शिक्षामा गुणस्तर अभिवृद्धि गर्ने | १.ज्ञान, विज्ञान, सिप, उद्यम र मौलिकता, साझेदारी र प्रणालीगत सक्षमता भन्ने शिक्षा दिवस २०८१ को आदर्श वाक्यलाई मध्यनजरमा राखेर इलाम नगरपालिकाका शैक्षिक नीति, नियम, निर्देशिका र कार्यविधिहरू निर्माण गरिनेछ। |
| | ३. विद्यालयहरूमा बुक कर्नर, पुस्तकालय, वाचनालय, विषयगत प्रयोगशाला र शैक्षिक सामग्रीको व्यवस्था मिलाइनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ४. सिकाइ सहजीकरण प्रक्रियामा डिजिटल पाठ्यसामग्रीको प्रयोगलाई प्रोत्साहित गरिनेछ। |
| | ५. सिकाइ सहजीकरण प्रक्रियामा नवीनतम विधि र प्रविधिको प्रयोग गर्ने वातावरण सिर्जना गरिनेछ। |
| | ६. गणित र विज्ञान विषयलाई रूचिकर र व्यवहारिक बनाउन माध्यमिक विद्यालयहरूमा गणित एवम् विज्ञान प्रयोगशाला र आधारभूत विद्यालयहरूमा गणित एवम् विज्ञान कक्ष निर्माण गरिनेछ। |
| | ७. शिक्षण सुधार योजना (TIP) लाई व्यवहारमा ल्याइनेछ। |
| | ८. सिकाइ सहजीकरण प्रक्रियामा देखा परेका समस्याहरूको कार्यमूलक अनुसन्धान गर्ने कार्यलाई प्रोत्साहित गरिनेछ। |
| | ९. निर्धारित सूचकहरूको आधारमा विज्ञ समूहद्वारा विद्यालयको नियमित अनुगमन गरी पृष्ठपोषण प्रदान गरिनेछ। |
| | १०. नगरपालिकास्तरमा विषयगत नतिजा विश्लेषण र विषयगत शिक्षकहरूको अन्तर्क्रिया गरिनेछ। |
| | ११. कक्षा ५, ८, १० र १२ को परीक्षामा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थी र विद्यालयलाई नगरपालिकाबाट सम्मान गरिनेछ। |
| | १२. उत्कृष्ट शिक्षकहरूलाई नगर शिक्षा पदक प्रदान गरेर सम्मानित र प्रोत्साहित गरिनेछ। |
| | १३. शिक्षकहरूको लागि सेवा प्रवेश तालिम, पुनर्ताजगी तालिम, मागमा आधारित तालिम, क्रियाकलापमा आधारित शिक्षण तालिम, बालमैत्री शिक्षण सम्बन्धी तालिम, सकारात्मक सोच सम्बन्धी तालिम र विभिन्न विषयका विषयगत तालिमहरू प्रदान गर्ने व्यवस्था मिलाइनेछ। |
| | १४. TPD तालिम लिने अवसरलाई सरल, सहज र व्यवस्थित बनाइनेछ। |
| ४. विद्यालयको भौतिक व्यवस्थापनमा सुधार गर्ने | १. सबै विद्यालयहरूमा बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्री र सिकारूमैत्री भौतिक संरचना निर्माण गरिनेछ। |
| | २. विपद् व्यवस्थापन र सुरक्षित विद्यालयको अवधारणालाई कार्यान्वयनमा ल्याइनेछ। |
| | ३. विद्यालयका भौतिक संरचनाहरू निर्माण गर्दा स्वीकृत नक्सा तथा डिजाइन, भवन निर्माण संहिता र वातावरणीय प्रभावलाई विशेष ध्यान दिइनेछ। |
| | ४. एकै पटकमा सबै विद्यार्थी अाँट्ने खेल मैदान, सफा खानेपानी र शौचालयको व्यवस्था गरिनेछ। |
| | ५. हरित विद्यालयको अवधारणालाई कार्यान्वयनमा ल्याइनेछ। |
| | ६. आपतकालमा समेत विद्यार्थीको सिकाइलाई अवरुद्ध हुन नदिन विद्यालयमा सूचना सञ्चार र प्रविधिको पहुँच बिस्तार गरिनेछ। |
| ५. सीपयुक्त र उद्यमशील जनशक्ति उत्पादन गर्ने | १. आवश्यकता र सम्भाव्यताको अध्ययन गरी प्राविधिक विषय पढाइ हुने विद्यालयहरू थप गर्ने कार्यक्रम ल्याइनेछ। |
| | २. CTEVT बाट सम्बन्धन लिएर माध्यमिक विद्यालयहरू मा TECS (Technical Education in Community School) कार्यक्रम सञ्चालन गरिनेछ। |
| | ३. विद्यालयहरूमा "पढ्दै कमाउँदै र कमाउँदै पढ्दै" कार्यक्रम सञ्चालनको लागि व्यवस्था मिलाइनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ४. नेपालको सोह्रौं योजनाले अवलम्बन गरेको साधारण धार भन्दा प्राविधिक धार तर्फ अध्ययन गर्ने विद्यार्थीको अनुपात वृद्धि गरेर प्राविधिक र साधारण धारतर्फका विद्यार्थीको अनुपात ७०: ३० पुऱ्याउने नीतिलाई सफल पार्न विभिन्न प्रकारका कार्यक्रमहरू सञ्चालन गरिनेछ। |
| | ५. नेपालको सोह्रौं योजनाको लक्ष्य अनुसार कक्षा १० को माध्यमिक शिक्षा उत्तीर्ण गरेर बसेका विद्यार्थीहरूको लागि २ महिना अवधिको प्रतिकारात्मक स्वास्थ्य, सन्तुलित भोजन, पाकशाला, प्राथमिक उपचार, सवारी नियम, आत्म सुरक्षा, कार्यक्षेत्रको सुरक्षा, यौन दुर्व्यवहार, राष्ट्रप्रेम, स्वयंसेवा, योग र ध्यान जस्ता जीवनोपयोगी कार्यक्रमहरू सञ्चालन गरिनेछ। |
| | ६. प्राविधिक धारका विद्यार्थीहरूले गर्ने कार्यगत तालिम (On the job training OJT) लाई अझ बढी फलदायी र व्यवस्थित बनाइनेछ। |
| | ७. CTEVT सँग समन्वय गरेर विद्यालय एवम् अन्य गैर सरकारी संस्थाहरू मार्फत् प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् अन्तर्गतका अल्पकालीन एवम् छोटो अवधिका रोजगारमूलक तालिमहरू सञ्चालन गरिनेछ। |
| ६. अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ को व्यवस्था गर्ने | १. इलाम नगरपालिका वडा नम्बर ५, १०, ११ र १२ मा सञ्चालित सामुदायिक सिकाइ केन्द्रहरूलाई सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन मापदण्ड २०६८ अनुसार व्यवस्थित गरिनेछ। |
| | २. आवश्यकता र सम्भाव्यताको आधारमा निर्धारित प्रक्रिया पूरा गरेर अन्य वडाहरूमा पनि सिकाइ केन्द्रहरू स्थापना र सञ्चालन गरिनेछ। |
| | ३. साक्षरता कार्यक्रमलाई समय सापेक्ष रूपमा परिभाषित गरी वित्तीय साक्षरता, विज्ञान साक्षरता, डिजिटल साक्षरता, स्वास्थ्य साक्षरता र सांस्कृतिक साक्षरता जस्ता कार्यक्रमहरू पनि सञ्चालन गरिनेछ र यस्ता कार्यक्रमहरू सञ्चालन गर्ने जिम्मेवारी सामुदायिक सिकाइ केन्द्रहरूलाई प्रदान गरिनेछ। |
| | ४. सामुदायिक सिकाइ केन्द्रहरूको माध्यमबाट निरक्षरहरूका लागि साक्षरता शिक्षा, साक्षरहरूको लागि साक्षरोत्तर शिक्षा र विभिन्न प्रकारका सीपमूलक तथा आयमूलक कार्यक्रमहरूका प्रारम्भिक तथा स्तरवृद्धि सम्बन्धी तालिमहरू सञ्चालन गरिनेछ। |
| | ५. पठन संस्कृतिको विकास तथा जीवनपर्यन्त सिकाइका लागि संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरी वडागत रूपमा सार्वजनिक पुस्तकालयहरू स्थापना र सञ्चालन गर्ने कार्यको थालनी गरिनेछ। |
| ७. शैक्षिक सुशासन, पारदर्शिता र सेवा प्रवाहमा सुधार गर्ने | १. विद्यालयमा नियमानुसार लेखा राख्ने व्यवस्था मिलाइनेछ र लेखा परीक्षण पूर्व समाजिक परीक्षण गर्ने कार्यलाई अनिवार्य गरिनेछ। |
| | २. विद्यालयको बजेट निर्माण गर्ने र आय-व्यय सार्वजनिक गर्ने कार्यलाई अनिवार्य गरिनेछ। |
| | ३. विद्यालयमा गुनासो पेटिकाको व्यवस्था गरी गुनासो सुनवाइ संयन्त्रलाई प्रभावकारी बनाइनेछ। |
| | ४ शिक्षक एवम् विद्यार्थी आचार संहिता निर्माण, प्रदर्शन र प्रयोग गरिनेछ। |
| | ५. नगर शिक्षा शाखाबाट वार्षिक क्यालेण्डर प्रकाशन गरी सबै विद्यालयबाट सम्पादन हुने कार्यक्रमहरूमा एकरूपता कायम गरिनेछ। |
| | ६. कक्षागत प्रतिवेदन डायरीमा उल्लेखित समस्या र सुझावहरूलाई संकलन र विश्लेषण गरी त्यसबाट प्राप्त निष्कर्षलाई भावी योजना निर्माणको स्रोतको रूपमा उपयोग गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ७. नगरपालिकास्तरमा विद्यालयका प्रधानाध्यापक र लेखापाल वा लेखा राख्ने शिक्षकलाई वार्षिक रूपमा तालिम प्रदान गरिनेछ। |
| ८. शैक्षिक व्यवस्थापन तथा सूचना प्रणालीमा सुधार गर्ने | १. विद्यालयहरूको सम्पूर्ण तथ्याङ्कलाई एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा आबद्धता गरी प्राप्त प्रतिवेदनको आधारमा विद्यालयको अनुदान निकासासँग गरिनेछ। |
| | २. विद्यालय सुधार योजना निर्माण र अद्यावधिक गर्ने कार्यलाई विद्यालयको कार्यसम्पादन सूचकसँग आवद्ध गरिनेछ। |
| | ३. उपयुक्त कार्यविधि निर्माण गरी शिक्षक अभिभावक संघको भूमिकालाई प्रभावकारी बनाइनेछ। |
| | ४. **"विद्यालय आफै बोल्छ"** भन्ने कार्यक्रमलाई सबै विद्यालयहरूमा बिस्तार गरिनेछ। |
| | ५. प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीहरूको लागि वार्षिक रूपमा क्षमता विकास तालिम सञ्चालन गरिनेछ। |
| | ६. विद्यालयका राम्रा अभ्यासहरू आदानप्रदान गर्ने प्रबन्ध मिलाइनेछ। |
| | ७. सबै माध्यमिक विद्यालयहरूमा सूचना जगत (Information Zone) को व्यवस्था गरिनेछ। |
| ९. पाठ्यक्रम र मूल्यांकन प्रणालीको समुचित प्रयोग गर्ने | १. कक्षा ८ सम्मको स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वियन गरिनेछ। |
| | २. विशिष्टीकरण तालिकाको आधारमा प्रश्नपत्र निर्माण र उत्तर कुञ्जिकाको आधारमा उत्तरपुस्तिका परीक्षण गर्ने व्यवस्था मिलाइनेछ। |
| | ३. निरन्तर विद्यार्थी मूल्याङ्कन तथा निर्माणात्मक मूल्याङ्कन पद्धतिलाई कार्यान्वियन गरिनेछ। |
| १०. इलाम नगर पालिकालाई शैक्षिक हवको रुपमा विकास गर्ने | १. विद्यालयहरूलाई भौतिक, प्राविधिक र मानवीय स्रोत साधनले सम्पन्न बनाइनेछ। |
| | २ यहाँका विद्यालयहरूमा विद्यार्थीहरूको रोजाइमा परेका नयाँ विषयहरू थप गरिनेछ। |
| | ३. नगरपालिकाभित्रको सिकाइ उपलब्धिलाई सापेक्षिक रूपमा उच्च बनाइनेछ। |
| | ४. आफ्नै नगरपालिकाभित्र अध्ययन गर्नुको फाइदाका विषयमा प्रेरणामूलक (Motivational) कार्यक्रमहरू सञ्चालन गरिनेछ। |
| | ५. नेपालका राम्रा शैक्षिक अभ्यास भएका विद्यालयका नमूनाहरूलाई अनुकरण गरिनेछ। |
| | ६. इलाम नगरपालिकाले रत्नकुमार वान्तवा बहुप्राविधिक शिक्षालयमा अध्ययन गर्ने विद्यार्थीहरूलाई प्रदान गर्दै आएको छात्रवृत्ति कार्यक्रमलाई कक्षा ११ र १२ मा विज्ञान बिषय र प्राविधिक धारका विषयहरू पढाइ हुने अन्य विद्यालयका विद्यार्थीहरूका लागि पनि बिस्तार गरिनेछ। |

## २.५ अपेक्षित उपलब्धि

नगर शिक्षा योजना कार्यान्वयनको अन्त्य सम्ममा देहाय बमोजिमका उपलब्धिहरू प्राप्त हुने अपेक्षा गरिएकोछ।

क. शिक्षामा सबैको समतामूलक पहुँच स्थापित भएको हुनेछ।

ख. पाठ्यक्रमले निर्धारण गरे बमोजिमका सिकाइ उपलब्धिहरू हासिल भएका हुनेछन्।

ग. शैक्षिक गुणस्तरमा सुधार भएको र प्रतिस्पर्धात्मक शैक्षिक वातावरण कायम भएको हुनेछ।

घ. बालबालिकाहरूले समयसापेक्ष र जीवनोपयोगी शिक्षा हासिल गर्दै गरेका हुनेछन् ।

ङ. शैक्षिक संस्थाहरूबाट सिपयुक्त र उद्यमशील जनशक्ति उत्पादन भइरहेको हुनेछ ।

च. साक्षरता, साक्षरोत्तर शिक्षा, निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसरहरू सुनिश्चित भएका हुनेछन् ।

छ. आपतकालीन र संकटपूर्ण अवस्थामा पनि बालबालिकाहरूको शिक्षा प्राप्त गर्ने अवसर सुनिश्चित भएको हुनेछ ।

ज. शिक्षाको प्रणालीगत संरचना सुदृढ भएको हुनेछ ।

झ. इलाम नगरपालिका शैक्षिक हबको रूपमा विकसित भइरहेको हुनेछ ।

## २.६ कार्य सम्पादन सूचक र लक्ष्य निर्धारण

### १. प्रारम्भिक बालविकास / शिक्षा

| क्र.सं. | सूचकहरू | तह | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत |
|---|---|---|---|---|---|---|---|
| १.१. | कुल भर्नादर | स्थानीय | ९३.० | ९५ | १०० | १०० | IEMIS/Census |
| | | प्रदेश | ८८.० | | | | |
| | | राष्ट्रिय | ८६.२ | ८९.२ | ९४ | ९९ | |
| १.२. | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा भर्ना भएका बालबालिकाको प्रतिशत | स्थानीय | ८७.३ | ८९ | ९१ | ९३ | IEMIS |
| | | प्रदेश | ७७.७ | | | | |
| | | राष्ट्रिय | ६८.६ | ७३ | ८५ | ९५ | |

### २. आधारभूत शिक्षा (कक्षा १ - ८)

| क्र.सं. | सूचकहरू | तह | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत |
|---|---|---|---|---|---|---|---|
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | स्थानीय | ५५.०६ | ६० | ६३ | ६५ | IEMIS/Census |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ९६.९ | ९७.५ | ९९ | १०० | |
| २.२. | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कुल प्रवेश दर (%) | स्थानीय | १३४.३३ | १३० | १२५ | १२० | IEMIS/Census |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | १२१.९ | ११५ | १०७ | १०५ | IEMIS/Census |
| २.३. | | स्थानीय | ७८.१८ | ८५ | ९० | १०० | IEMIS/Census |

| क्र.सं. | सूचकहरू | तह | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत |
|---|---|---|---|---|---|---|---|
| | आधारभूत तह (प्राथमिक कक्षा १-५) को खुद भर्नादर | प्रदेश | ९६.२ | | | | |
| | | राष्ट्रिय | ९७.१ | ९९ | ९९.५ | १०० | |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) को कुल भर्नादर (%) | स्थानीय | १२१.१ | ११५ | ११० | १०० | IEMIS/Census |
| | | प्रदेश | ११८.८ | | | | |
| | | राष्ट्रिय | ११९.२ | ११५ | | | |
| २.५ | आधारभूत तह (प्राथमिक कक्षा ५) पुरा गर्ने दर (%) | स्थानीय | ८१.६३ | ८३ | ८५ | ८७ | IEMIS |
| | | प्रदेश | ८८.७ | | | | |
| | | राष्ट्रिय | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ | |
| २.६ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्नादर (%) | स्थानीय | ७५.८६ | ८० | ९० | १०० | IEMIS/Census |
| | | प्रदेश | ८९.९ | | | | |
| | | राष्ट्रिय | ९३.४ | ९९ | | १०० | |
| २.७ | आधारभूत तह (कक्षा १-८) मा कुल भर्नादर (%) | स्थानीय | १२३.२५ | ११७ | ११० | १०० | IEMIS/Census |
| | | प्रदेश | १०९.७ | | | | |
| | | राष्ट्रिय | ११०.४ | | | | |
| २.८ | आधारभूत तह (कक्षा ८) को टिकाउ दर (%) | स्थानीय | ९७.२१ | ९८ | ९९ | ९९ | IEMIS |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ७९.३ | | | ९५ | |
| २.९ | आधारभूत तह (कक्षा १-५) को लैङ्गिक समता सूचकाङ्क | स्थानीय | ०.९२ | ०.९५ | ०.९८ | १ | IEMIS |
| | | प्रदेश | ०.९१ | | | | |
| | | राष्ट्रिय | १.०६ | | | १.०१ | |
| २.१० | आधारभूत तह (कक्षा १-८) को लैंगिक समता सूचाङ्क | स्थानीय | ०.९१ | ०.९३ | ०.९५ | १. | IEMIS |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | १.०१ | १.०१ | | | |

## सूचकहरू:

| क्र.सं. | सूचक | विषय | तह | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| २.११ | कक्षा ३ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका | नेपाली | स्थानीय | ९९.०३ | ९९.५ | १०० | १०० | IEMIS |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| | | गणित | स्थानीय | ९९.६४ | ९९.८ | १०० | १०० | IEMIS |
| | | | प्रदेश | | | | | |

| क्र.सं. | सूचक | विषय | तह | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | विद्यार्थी सङ्ख्या (%) | | राष्ट्रिय | | | | | |
| | | अङ्ग्रेजी | स्थानीय | ९६.९७ | ९८ | ९९ | १०० | IEMIS |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| २.१२ | कक्षा ५ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका विद्यार्थी प्रतिशत (%) | नेपाली | स्थानीय | ९७.५१ | ९८ | ९९ | १०० | IEMIS |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | ४५ | ५२ | ६० | ७० | |
| | | गणित | स्थानीय | ९६.३२ | ९८ | ९९ | १०० | IEMIS |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | २८.३ | ४० | ६० | ७० | |
| | | अङ्ग्रेजी | स्थानीय | ९६.६८ | ९८ | ९९ | १०० | IEMIS |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| **२.१३** | कक्षा ८ मा न्यूनतम् सकाइ उपलब्धि हासिल गरेका बालबालिकाको सङ्ख्या | नेपाली | स्थानीय | ९५.१ | ९७ | ९९ | १०० | IEMIS |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | ६८.५ | ७० | ७२ | ७५ | |
| | | गणित | स्थानीय | ९०.२ | ९२ | ९३ | ९४ | IEMIS |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | ५३.५ | ६० | ६५ | ७० | |
| | | विज्ञान | स्थानीय | ९०.७८ | ९२ | ९३ | ९४ | IEMIS |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | ४३.८ | ५० | ६० | ७० | |
| **२.१४** | विद्यालय बाहिर रहेका बालबालिका प्रतिशत (%) | आधारभूत तह (कक्षा १-५) | स्थानीय | | | | | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | २.९ | १ | ०.५ | ० | |
| | | आधारभूत तह (कक्षा १-८) | स्थानीय | | | | | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | ६.६ | | १. | ० | |
| **२.१५** | आधारभूत तह (कक्षा १-८) महिला शिक्षकको सङ्ख्या (%) | स्थानीय | | ४९.४९ | ५० | ५१ | ५२ | शाखाको अभिलेख |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | ४३.७ | ४५ | ५० | ५० | |

## ३. माध्यमिक शिक्षा

### सूचकहरू:

| क्र.सं. | सूचक | तह | विषय | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) खुद भर्ना दर | स्थानीय | | ३४.४६ | ४० | ५० | ६० | IEMIS/Census |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | ४७.६ | | ६५ | | |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) कूल भर्ना दर | स्थानीय | | ९३.४ | ९४ | ९४.५ | ९५ | IEMIS/Census |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | ७१.४ | | | ९९ | |
| ३.३ | माध्यमिक तह लैंगिक समता सूचक | स्थानीय | | १.०८ | १. | १. | १. | IEMIS |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | १.०२ | १. | १. | १. | |
| ३.४ | आधारभूत तहबाट माध्यमिक तहमा ट्रान्जिक्सन दर (%) | स्थानीय | | ८५.८३ | ८७.५० | ८९.५० | ९०.०० | IEMIS |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | ९७.५ | | | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | स्थानीय | | ७०.६७ | ७१.५० | ७२.५० | ७५.०० | IEMIS |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | ६०.३ | | | | |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) कार्यरत महिला शिक्षक सङ्ख्या (%) | स्थानीय | | २०.८३ | २२ | ३०. | ३५. | शाखाको अभिलेख |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | २०.६ | २२. | २७. | ३३. | |
| ३.८ | माध्यमिक तह (कक्षा ९-१२) अध्ययनरत विद्यार्थी मध्ये विज्ञान र प्राविधिक तथा व्यवसायिक विषयका विद्यार्थी सङ्ख्या (%) | स्थानीय | | १२.७७ | १३.५ | १४.०० | १५.०० | IEMIS |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | १० | १७. | ३०. | | |
| ३.९ | | स्थानीय | नेपाली | ३.१३ | ३.२५ | ३.४ | ३.५ | शाखाको अभिलेख |

| क्र.सं. | सूचक | तह | विषय | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | कक्षा १० का विद्यार्थीको विषयगत सिकाइ उपलब्धि | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| | | स्थानीय | गणित | २.६७ | २.७ | २.७५ | ३. | शाखाको अभिलेख |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| | | स्थानीय | विज्ञान | २.६ | २.७ | २.७५ | ३. | शाखाको अभिलेख |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| | | स्थानीय | अङ्ग्रेजी | २.८२ | २.८५ | २.९ | ३. | शाखाको अभिलेख |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |

## ४. जीवनपर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा

| क्र.सं. | सूचक | तहगत सूचक | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत |
|---|---|---|---|---|---|---|---|
| ४.१ | साक्षरता दर (५ वर्ष भन्दा माथि) (%) | स्थानीय | ८६.९० | ८८ | ९० | ९२ | Census |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ५८ | | ९५ | | |
| ४.२ | ६ वर्ष भन्दा माथिको साक्षरता दर (%) | स्थानीय | ८६.७ | ८८ | ९० | ९२ | Census |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ८२ | ८९ | ९५ | १०० | |
| ४.३ | १५-२४ वर्ष उमेर समूहको साक्षरता दर (%) | स्थानीय | ९८.९२ | ९९ | ९९.५ | १०० | Census |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ९२ | | ९९ | | |
| ४.४ | साक्षरता दरमा लैंगिक समता (५ वर्ष भन्दा माथि) | स्थानीय | ०.८९ | ०.९ | ०.९५ | १. | Census |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ०.६५ | | | ०.८ | |

## ५. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तालिम

| क्र.सं. | सूचक | तहगत सूचक | आधार वर्ष २०८१ | | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| ५.१ | प्राविधिक तथा व्यावसायिक सिप विकास तथा तालिम प्राप्त आर्थिक रूपले सक्रिय जनशक्ति (%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ३१ | | ४० | ५० | ७५ | |
| ५.२ | प्राविधिक तथा व्यावसायिक शिक्षा (कक्षा ९-१२) वा डिप्लोमा वा प्रिडिप्लोमा वा सो सरह उत्तीर्ण जनशक्ति (वार्षिक सङ्ख्या) | स्थानीय | छात्रा | ३० | ४८ | ५५ | ६० | शाखाको अभिलेख |
| | | | छात्र | ३९ | ५२ | ६० | ६५ | |
| | | प्रदेश | छात्रा | | | | | |
| | | | छात्र | | | | | |
| | | राष्ट्रिय | छात्रा | | | | | |
| | | | छात्र | | | | | |

## ६. सुशासन तथा व्यवस्थापन

| क्र.सं. | सूचक | तहगत सूचक | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत |
|---|---|---|---|---|---|---|---|
| ६.१ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थी शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | ७:०१ | १०:०१ | १२:०१ | १५:०१ | शाखाको अभिलेख |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | २४:०१ | | ३०:०१ | ३०:०१ | |
| ६.२ | आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थी शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | १६:०१ | १७:०१ | २०:०१ | २५:०१ | शाखाको अभिलेख |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ३०:०१ | | ३०:०१ | ३०:०१ | |
| ६.३ | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थी शिक्षक अनुपात (सामुदायिक मात्र) | स्थानीय | ९:०१ | १३:०१ | १५:०१ | २०:०१ | शाखाको अभिलेख |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ३३:०१ | | ३०:०१ | ३०:०१ | |
| ६.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी शिक्षक अनुपात (सामुदायिक मात्र) | स्थानीय | १९:०१ | २०:०१ | २२:०१ | २५:०१ | शाखाको अभिलेख |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ४०:०१ | ३५:०१ | ३०:०१ | ३०:०१ | |

## ७. शिक्षामा लगानी

| क्र.सं. | सूचक | सूचकको तह | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत |
|---|---|---|---|---|---|---|---|
| ७.१ | कुल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट (%) | स्थानीय | १४.२ | १५ | १८ | २० | आ.प्र. शाखा |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | १०.६८ | १५. | १७. | २०. | |
| ७.२ | आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रु हजारमा) | स्थानीय | | | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | १८ | २१ | २४ | | |
| ७.३ | माध्यमिक तह (कक्षा १-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रु हजारमा) | स्थानीय | ७.४४ | ८ | ८.५ | ९ | आ.प्र. शाखा |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ११ | १५ | १७ | | |

# परिच्छेद – ३: शिक्षाका मुख्य उपक्षेत्र

नगर शिक्षा योजनाको यस परिच्छेदमा विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरू प्रारम्भिक बालविकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम र अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको वर्तमान अवस्थाको समीक्षा गरी सम्बन्धित उपक्षेत्रको उन्नयनका लागि तय गरिएका, उद्देश्य, रणनीति, अपेक्षित उपलब्धि एवम् परिमाणात्मक लक्ष्य र प्रमुख क्रियाकलापहरूको विश्लेषण गरिएको छ ।

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ परिचय

प्रारम्भिक बालविकास तथा शिक्षा भनेको बालबालिकाहरूको सर्वाङ्गीण पक्ष (शारीरिक, मानसिक तथा बौद्धिक, सामाजिक र संवेगात्मक) को विकास गरी उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गराउने कार्यक्रम हो । ४ वर्ष उमेर पुगेका बालबालिकाहरूको लागि १ वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने कानुनी प्रावधान रहेकोछ । कार्यक्रममा बालबालिकाहरूले आफ्नो भविष्यमा जान्नु र सिक्नुपर्ने धेरै विषयवस्तुहरूलाई खेल, बालगीत, कथा, कुराकानी, अवलोकन, चित्र, नाटक जस्ता क्रियाकलापहरूको माध्यमबाट अवधारण प्राप्त गर्छन् ।

प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम विद्यालय र समुदायद्वारा सञ्चालन गर्ने नीति रहेको भएतापनि पछिल्ला वर्षहरूमा यो कार्यक्रम विद्यालयमा सञ्चालन गर्ने प्रचलन बढ्दै गएको छ । विद्यालय र समुदायमा आधारित यी दुवै प्रकारका कार्यक्रमहरू सरकारी लगानीमा सञ्चालन हुन्छन् ।

यस बाहेक यो कार्यक्रम निजी लगानीमा पनि सञ्चालन हुने गरेको छ । यस्ता कार्यक्रमहरूलाई बालकक्षा, शिशुकक्षा, नर्सरी, मन्टेश्वरी, किन्डर गार्टेन आदि नाम दिइएको पाइन्छ । यो कार्यक्रमको लागि छुट्टै व्यवस्थापन समिति निर्माण गर्ने व्यवस्था गरिएतापनि विद्यालयमा आधारित बालविकास केन्द्रको हकमा सम्बन्धित विद्यालयको व्यवस्थापन समितिले नै यसको व्यवस्था गर्ने गरेको छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्रले बालविकास केन्द्रलाई व्यवस्थित गर्न र गुणस्तरीय बनाउनको लागि प्रारम्भिक बालविकास सम्बन्धी मापदण्ड निर्देशिका २०६७ (पहिलो संशोधन २०७५) जारी गरी कार्यान्वयनमा ल्याएको छ ।

### ३.१.२. वर्तमान अवस्था

शैक्षिक सत्र २०८१ मा नेपालमा बालविकास केन्द्रको जम्मा सङ्ख्या ४१,२८४ रहेको छ । यी बालविकास केन्द्रहरूमध्ये ३३४७० बालविकास केन्द्रहरू, सरकारी लगानीमा विद्यालयमा र समुदायमा सञ्चालित छन् भने निजी लगानीमा सञ्चालन भएका बालविकास केन्द्रहरूको सङ्ख्या ७८१४ (१८.९%) रहेको छ । प्रदेशगत रूपमा हेर्ने हो भने कोशी प्रदेशमा ७८८६

बालविकास केन्द्रहरू सञ्चालित छन् । सबैभन्दा धेरै बालविकास केन्द्रहरू भएको प्रदेश पनि कोशी नै हो । इलाम जिल्लामा ४६४ बालविकास केन्द्रहरू रहेका छन् ।

इलाम नगरपालिकामा जम्मा ७१ वटा प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमहरू सञ्चालन भइरहेका छन् । यी सबै सरकारी अनुदान प्राप्त बालविकास केन्द्रहरू हुन् । यी सामुदायिक बालविकास केन्द्रमध्ये ६८ वटा विद्यालयमा र ३ वटा समुदायमा सञ्चालित छन् । विद्यालयमा सञ्चालित बालविकास केन्द्रहरूमध्ये ३ वटा विद्यालयमा ३/३ वटा १६ वटा विद्यालयमा २/२ वटा र २७ वटा विद्यालयमा १/१ वटा रहेका छन् ।

यस नगरपालिका अन्तर्गतका बालविकास शिक्षकहरूको शैक्षिक योग्यतालाई हेर्दा स्नातकोत्तर १ जना, स्नातक १ जना, कक्षा १२ पास २३ जना, एसएलसी वा सोसरह उत्तीर्ण ३५ जना, सेन्ट अप ५ जना, कक्षा ८ उत्तीर्ण ५ जना र कक्षा ७ उत्तीर्ण १ जना देखिन्छ । यी बालविकास शिक्षकहरूमध्ये २ जना पुरूष र ६९ जना महिला रहेका छन् ।

## ३.१.३. वडागत बालविकास केन्द्र र बालबालिकाको सङ्ख्या

इलाम नगरपालिकामा सञ्चालित सामुदायिक बालविकास केन्द्र र बालबालिकाहरूको शैक्षिक सत्र २०८१ को वडागत सङ्ख्या यसप्रकार रहेको छ ।

| वडा नम्बर | बालविकास केन्द्र सङ्ख्या | बालबालिकाको सङ्ख्या | | | कैफियत |
|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | |
| १ | ४ | १८ | ३५ | ५३ | |
| २ | २ | १० | १० | २० | |
| ३ | ६ | २५ | २१ | ४६ | |
| ४ | ७ | ५६ | ५६ | ११२ | |
| ५ | ११ | ९७ | ७४ | १७१ | |
| ६ | ५ | २२ | ४२ | ६४ | |
| ७ | २ | ६ | ७ | १३ | |
| ८ | ४ | १४ | १४ | २८ | |
| ९ | ५ | १२ | २६ | ३८ | |
| १० | ९ | २३ | ३० | ५३ | |
| ११ | ११ | ३७ | ३७ | ७४ | |
| १२ | ५ | ३३ | ३७ | ७० | |
| जम्मा | ७१ | ३५३ | ३८९ | ७४२ | |

स्रोतः IEMIS 2081

शैक्षिक सत्र २०८१ मा नेपालमा प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएका बालबालिकाहरूको सङ्ख्या १३,०१,४२८ रहेको छ । जसमध्ये सरकारी लगानीमा सञ्चालित बालबाविकास केन्द्रहरूमा ६,१८,८५२ (४७.६%) बालबालिकाहरू भर्ना भएका छन् । कोशी प्रदेशमा सामुदायिक बालविकास केन्द्रहरूमा भर्ना भएका बालबालिकाहरूको संरख्या ९१,५३६ (४४.६८%) रहेकोछ । इलाम नगरपालिकाका सामुदायिक बालविकास केन्द्रहरूमा ७४२ (३१.६०%) जना विद्यार्थीहरू भर्ना भएको पाइन्छ ।

सामुदायिक बालविकास केन्द्रहरूको तुलनामा संस्थागत बालविकास केन्द्रहरूमा बढी बालबालिकाहरू भर्ना हुनुका प्रमुख कारणहरूमा अङ्ग्रेजी भाषा प्रतिको अभिभावकको आकर्षण, ३ वर्षे पूर्व प्राथमिक कक्षा, ४ वर्ष भन्दाकम उमेरका बालबालिकाहरूको भर्ना, सामुदायिक बालविकास केन्द्रहरू व्यवस्थित र प्रभावकारी हुन नसक्नु आदि छन् ।

### ३.१.४. समस्या र चुनौतीहरू

**समस्या**

क. बालविकास केन्द्रहरू निर्धारित मापदण्ड अनुसार सञ्चालन भएका छैनन् ।
ख. प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा ४ वर्षभन्दा कम उमेरका बालबालिकाहरू पनि छन् ।
ग. सबै बालविकास शिक्षकहरूको शैक्षिक योग्यता राष्ट्रिय न्यूनतम मापदण्ड अनुसार छैन ।
घ. सबै बालविकास केन्द्रहरूमा शिक्षक र बालबालिकाहरूको अनुपात समान छैन ।
ङ. प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको नियमित अनुगमन र सुपरिवेक्षण हुन सकेको छैन ।

**चुनौती**

क. प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमलाई राष्ट्रिय मापदण्ड अनुसार सञ्चालन गर्नु ।
ख. प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा ४ वर्ष उमेरका बालबालिका मात्र रहने व्यवस्था मिलाउनु ।
ग. प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अङ्ग बनाउनु ।
घ. प्रारम्भिक बालविकास तथा शिक्षालाई गुणस्तरीय बनाउनु ।

### ३.१.५. उद्देश्य

प्रारम्भिक बालविकास र शिक्षामा नगर शिक्षा  योजनाले राखेका उद्देश्यहरू यस प्रकार छन् ।

क. प्रारम्भिक बालविकास र शिक्षा कार्यक्रममा सबै बालबालिकाहरूको पहुँच सुनिश्चित गर्नु ।
ख. बालविकास केन्द्रहरूलाई राष्ट्रिय न्यूनतम मापदण्ड अनुसार सञ्चालन गर्नु ।
ग. इलाम नगरपालिकाभित्र सञ्चालित प्रारम्भिक बालविकास शिक्षामा एकरुपता कायम गर्नु ।
घ. प्रारम्भिक बालविकास र शिक्षालाई गुणस्तरीय बनाउनु ।
ङ. सबै बालबालिकाहरूलाई पूर्व प्राथमिक शिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गराउनु ।
च. बालबालिकाहरूको स्वास्थ्य, पोषण र सरसफाइको स्थितिमा सुधार ल्याउनु ।

### ३.१.६ रणनीति

माथि उल्लेखित उद्देश्यहरू हासिल गर्नका लागि निम्न अनुसारका रणनीतिहरू अवलम्बन गरिनेछ।

क. निर्धारित मापदण्ड, नम्स र ढाँचा अनुसार प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

ख. बालविकास केन्द्रहरूको नक्साङ्कन र पुनर्वितरण गरिनेछ।

ग. प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अङ्गको रूपमा विकास गरिनेछ।

घ. भौगोलिक रूपले विकट क्षेत्रमा बसोबास गर्ने बालबालिका, अपाङ्गता भएका बालबालिका एवम् लोपोन्मुख तथा सीमान्तकृत समूहका बालबालिकाहरूको लागि आवश्यकतामा आधारित विभिन्न मोडेलका बालविकास केन्द्रहरू स्थापना गरिनेछ।

ङ. बालविकास केन्द्र व्यवस्थापन समितिलाई उक्त केन्द्र सञ्चालन र व्यवस्थापन सम्बन्धमा अभिमुखीकरण गरिनेछ।

च. प्रारम्भिक बालविकास तथा शिक्षा सम्बन्धी तथ्याङ्कलाई निरन्तर रूपमा अद्यावधिक गरिनेछ।

छ. बालमैत्री कक्षा व्यवस्थापन, कक्षा सजावट, खेल सामग्री, प्रविधिमा आधारित सिकाइ सामग्री आदिको व्यवस्था गरी मनोरञ्जनपूर्ण सिकाइको प्रबन्ध गरिनेछ।

ज. प्रारम्भिक बालविकास शिक्षाका लागि न्यूनतम सिकाइ कार्यघण्टा सुनिश्चित गरिनेछ।

झ. बालविकास केन्द्रमा भर्ना हुने बालबालिकालाई स्वागत गर्ने कार्यक्रमहरू गरिनेछ।

ञ. प्रारम्भिक बालविकास कक्षाका शिक्षकहरूका लागि क्षमता विकास तालिम र पुनर्ताजगी तालिमको व्यवस्था गरिनेछ।

ट. प्रारम्भिक बालविकास शिक्षकहरूलाई अवलोकन भ्रमण मार्फत् सिकाइका अनुभवहरू आदान प्रदान गर्ने अवसर उपलब्ध गराइनेछ।

ठ. विज्ञ समूहबाट अनुगमन तथा पृष्ठपोषणको आधारमा कार्यथलोमा आधारित शिक्षक सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।

ड. प्रारम्भिक बालविकास शिक्षाको गुणस्तर अभिवृद्धि गर्नको लागि परिवार, समुदाय, गैरसरकारी संघ संस्था र विद्यालयलाई जिम्मेवार बनाइनेछ।

### ३.१.७ प्रमुख उपलब्धि तथा नतिजा

- **उपलब्धिः** नगर शिक्षा योजनाको कार्यान्वयनबाट निम्न अनुसारका प्रमुख उपलब्धिहरू हासिल हुने अपेक्षा गरिएको छ।

क. सबै प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रले न्यूनतम मापदण्ड पूरा गरेका हुनेछन्।

ख. इलाम नगरपालिका भित्रका ४ वर्ष उमेरका सबै बालबालिकाहरू बालविकास केन्द्रमा भर्ना भएका हुनेछन्।

ग. कक्षा १ मा भर्ना हुन आउने सबै बालबालिकामा प्रारम्भिक बालविकास शिक्षाको अनुभव हुनेछ।

घ. सबै बालविकास शिक्षकहरू तालिम प्राप्त भएका हुनेछन्।

ङ. सबै वडामा कम्तिमा एउटा नमूना बालविकास केन्द्र सञ्चालन भएको हुनेछ।

- **नतिजा तथा परिमाणात्मक लक्ष्य: नगर शिक्षा योजनाको कार्यान्वयनबाट हासिल हुने नतिजा यस प्रकार हुनेछ ।**

| क्र.सं. | सूचकहरू | आधार वर्ष २०८२/०८३ | २०८२।०८३ | २०८३।०८४ | २०८४।०८५ | २०८५।०८६ | २०८६।०८७ |
|---|---|---|---|---|---|---|---|
| १ | न्यूनतम मापदण्ड पूरा गरेका बालविकास केन्द्रको सङ्ख्या | | | १४ | २८ | ४९ | ७१ |
| २ | प्रारम्भिक बालविकासमा कुल विद्यार्थी सङ्ख्या | ६९६ | ६९६ | ७५० | ८०० | ८५० | ९०० |
| ३ | बालविकास शिक्षक र विद्यार्थीको अनुपात | १:१०.४५ | १:१०.४५ | १:१४ | १:१७ | १:२२ | १:२५ |
| ४ | प्रारम्भिक बालविकास केन्द्रमा कुल भर्नादर | १९६.१५ | १९६.१५ | १९० | १८० | १७० | १६० |
| ५ | ४ वर्षका उमेरका बालबालिकाको भर्नादर | ५१.०६ | ५१.०६ | ५५ | ६० | ६५ | ७० |
| ६ | प्रारम्भिक बालविकास शिक्षाको अनुभव सहित कक्षा १ मा भर्ना हुनेको प्रतिशत | ८६.५४ | ८६.५४ | ९० | ९४ | ९७ | १०० |

## ३.१.८ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा | |
| १ | विद्यालय व्यवस्थापन समिति पदाधिकारीलाई बालविकास केन्द्रको राष्ट्रिय मापदण्डको प्रवोधीकरण | जना | | ५० | ५० | ५० | ५० | २०० | |
| २ | बालविकास केन्द्रको नक्शाङ्कन तथा पुनर्वितरण | पटक | | १ | | | | १ | |
| ३ | प्रारम्भिक बालशिक्षा पाठ्यक्रम कार्यान्वयन तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ४ | खेलकुदमा शैक्षिक सामग्रीको व्यवस्थापन | बा.वि.के | | १७ | १७ | १७ | २० | ७१ | |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा | |
| ५ | अभिभावक शिक्षा | जना | | ३०० | ३०० | ३०० | ३०० | १२०० | |
| ६ | बालविकास शिक्षकलाई मन्टेश्वरी तालिम | जना | | ७१ | | | | ७१ | |
| ७ | अनुगमन, सुपरीवेक्षण र पृष्ठपोषण | पटक | | १ | १ | १ | १ | ४ | |
| ८ | नमुना बालविकास केन्द्र स्थापना | | | | १२ | | १२ | २४ | |
| ९ | बालबालिकाको अभिलेख अद्यावधिकीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १० | बालबालिकाहरूको स्वास्थ्य परीक्षण | पटक | | १ | १ | १ | १ | ४ | |
| ११ | आयाको व्यवस्था | | | | १२ | २४ | १० | ४६ | |

## ३.२ आधारभूत शिक्षा

### ३.२. १ वर्तमान अवस्था

नेपालमा प्रचलित कानून अनुसार कक्षा १ देखि ८ सम्मको शिक्षालाई आधारभूत शिक्षा भनिन्छ। नेपालको संविधानले आधारभूत तहको शिक्षा अनिवार्य र नि:शुल्क हुने कुरा उल्लेख गरेको छ। अनिवार्य तथा नि:शुल्क शिक्षा सम्बन्धी प्रावधानलाई कार्यान्वयन गर्न अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन २०७५, अनिवार्य तथा नि:शुल्क शिक्षा नियमावली २०७७ र अनिवार्य तथा नि:शुल्क शिक्षा घोषणा अनुदान कार्यविधि २०८१ आदि निर्माण भएका छन् तर पनि विभिन्न कारणले गर्दा हालसम्म आधारभूत तहको शिक्षा पूर्ण रूपमा अनिवार्य र नि:शुल्क हुन सकेको छैन।

शैक्षिक सत्र २०८१ मा नेपालमा आधारभूत शिक्षा सञ्चालन भएका विद्यालयहरूको सङ्ख्या २,३९०५ छ। तीमध्ये सामुदायिक विद्यालय १८९७२, संस्थागत विद्यालय ३८२० धार्मिक विद्यालय १,११३ वटा रहेका छन्। कोशी प्रदेशमा ४७९२ वटा विद्यालयहरूमध्ये सामुदायिक विद्यालय ३,७८४( ६९%), संस्थागत विद्यालय ७९४ (१७%) र धार्मिक विद्यालय २१४ (४%) रहेका छन्।

### ३.२.२. विद्यालयहरूको विवरण:

| क्र.सं | सञ्चालित कक्षा | विद्यालयको सङ्ख्या | | जम्मा |
|---|---|---|---|---|
| | | सामुदायिक | संस्थागत | |
| १ | कक्षा ३ सम्म | ४ | | ४ |
| २ | कक्षा ५ सम्म | २१ | २ | २३ |
| ३ | कक्षा ८ सम्म | ९ | ६ | १५ |
| जम्मा | | ३४ | ८ | ४२ |

### ३.२.३. शिक्षक दरवन्दी विवरण ( सामुदायिक विद्यालय)

| तहगत दरवन्दी | | | विषयगत दरवन्दी | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्राथमिक | निम्नमाध्यमिक | जम्मा | अङ्ग्रेजी | नेपाली | गणित विज्ञान | सामाजिक | गणित | विज्ञान | संस्कृत | |
| २२८ | ७४ | ३०२ | २२ | १७ | १५ | १० | ५ | ४ | १ | ७४ |

### ३.२.४. विद्यार्थीहरूको विवरण:

### क. शैक्षिक सत्र २०८१

| क्र.सं. | कक्षा | विद्यार्थी विवरण | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सामुदायिक | | | संस्थागत | | | जम्मा | | | कैफियत |
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |
| १ | १–५ | ७९० | ७९१ | १५८१ | १४९७ | १६८६ | ३१८३ | २२८७ | २४७७ | ४७६४ | |
| २ | ६–८ | ५९८ | ६०१ | ११९९ | ७७६ | ९५६ | १७३२ | १३७४ | १५५७ | २९३१ | |
| जम्मा | | १३८८ | १३९२ | २७८० | २२७३ | २६४२ | ४९१५ | ३६६१ | ४०३४ | ७६९५ | |

### ख. शैक्षिक सत्र २०८२

| क्र.सं. | कक्षा | सामुदायिक | | | संस्थागत | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | बाल विकास | ३३८ | ३५८ | ६९६ | ७२६ | ८६० | १५८६ | १०६४ | १२१८ | २२८२ |
| २ | कक्षा १ - ५ | ७१६ | ७३८ | १४५४ | १५३५ | १७६० | ३२९५ | २२५१ | २४९८ | ४७४९ |
| ३ | कक्षा ६- ८ | ५६७ | ५९१ | ११५८ | ८४४ | १०१० | १८५४ | १४११ | १६०१ | ३०१२ |
| जम्मा | | १६२१ | १६८७ | ३३०८ | ३१०५ | ३६३० | ६७३५ | ४७२६ | ५३१७ | १००४३ |

इलाम नगरपालिकाको आधारभूत तहमा सामुदायिक विद्यालयमा ३३ % र संस्थागत विद्यालयमा ६७ % प्रतिशत विद्यार्थीहरू अध्ययनरत छन् । यहाँका सामुदायिक विद्यालयमा छात्राको प्रतिशत ४९ छात्रको प्रतिशत ५१ छ भने संस्थागत विद्यालयमा ४६% छात्रा र ५४ % छात्र रहेका छन् । यो तथ्याङ्कलाई हेर्दा अभिभावकहरूले अझै पनि छोरीको भन्दा छोराको शिक्षामा बढी लगानी गर्न खोजेको देखिन्छ ।

### ३.२.५ विद्यार्थी उत्तीर्ण प्रतिशत (सामुदायिक विद्यालय २०८०)

| कक्षा | नेपाली | अङ्ग्रेजी | गणित | विज्ञान | सामाजिक /सेरोफेरो | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ९४.५० | ९३.६६ | ९३.९९ | ०.०० | ९४.५५ | ९४.०० | |
| २ | ९३.४७ | ९३.११ | ९३.११ | ०.०० | ९३.४७ | ९३.०० | |
| ३ | ९६.५४ | ९६.०३ | ९५.९५ | ०.०० | ९६.७० | ९६.०० | |
| १–३ | ९४.८७ | ९४.२७ | ९४.३५ | ०.०० | ९४.९१ | ९४.५९ | |
| ४ | ८८.७९ | ८८.५० | ९४.२६ | ८६.१८ | ८६.१६ | ८८.७८ | |
| ५ | ९६.७६ | ७९.६५ | ९५.२९ | ९५.८८ | ९६.४७ | ९२.८१ | |
| ४–५ | ९२.७८ | ८४.०८ | ९४.७८ | ९१.०३ | ९१.३२ | ९०.७९ | |
| १–५ | ९४.०१ | ९०.१९ | ९४.५२ | ९१.०३ | ९३.४७ | ९३.०७ | |
| ६ | ९१.३२ | ९१.६८ | ८९.११ | ९१.३५ | ८९.९९ | ९०.६९ | |
| ७ | ८९.९५ | ९०.७६ | ८७.१० | ९०.५८ | ९१.५० | ८९.९८ | |
| ८ | ८८.६२ | ८७.०० | ३७.७८ | ७७.०० | ९८.०० | ७७.७० | |
| ६–८ | ८९.९६ | ८९.९७ | ७१.३३ | ८६.१७ | ९३.१८ | ८६.१२ | |
| १–८ | ९२.४९ | ९०.११ | ८५.८२ | ५५.०७ | ९३.३६ | ९०.४७ | |

### ३.२.६ सामुदायिक विद्यालय विषयगत औषत प्राप्ताङ्क

### क. विषयगत औषत प्राप्ताङ्क २०८०

| कक्षा | नेपाली | अङ्ग्रेजी | गणित | विज्ञान | सामाजिक /सेरोफेरो | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ७४.७३ | ७६.५० | ७६.८३ | ०.०० | ७४.०३ | ७५.५२ | |
| २ | ७९.६९ | ७०.७५ | ६९.०१ | ०.०० | ७२.९० | ७३.०९ | |
| ३ | ६९.३३ | ७०.२५ | ६९.७१ | ०.०० | ७१.८० | ७०.२७ | |
| १–३ | ७४.५८ | ७२.५० | ७१.८५ | ०.०० | ७२.९१ | ७२.९६ | |
| ४ | ६२.३९ | ६०.३७ | ५९.४७ | ६१.५६ | ६१.४५ | ६१.०५ | |
| ५ | ६४.३२ | ६८.८३ | ५७.९६ | ६१.१३ | ५९.८२ | ६२.४१ | |

| कक्षा | नेपाली | अङ्ग्रेजी | गणित | विज्ञान | सामाजिक /सेरोफेरो | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ४–५ | ६३.३६ | ६४.६० | ५८.७२ | ६१.३५ | ६०.६४ | ६१.७३ | |
| १–५ | ७०.०९ | ६९.३४ | ६६.६० | २४.५४ | ६८.०० | ६८.४७ | |
| ६ | ६३.८९ | ६२.४२ | ५९.८६ | ६१.६४ | ६२.२९ | ६२.०२ | |
| ७ | ६३.६० | ६३.२५ | ५८.४७ | ५९.४७ | ६३.३६ | ६१.६३ | |
| ८ | ५२.४० | ५६.७४ | २३.३३ | ४४.५२ | ४४.१८ | ४४.२३ | |
| ६–८ | ५९.९६ | ६०.८० | ४७.२२ | ५५.२१ | ५६.६१ | ५५.९६ | |
| १–८ | ६६.२९ | ६६.१४ | ५९.३३ | ३६.०४ | ६३.७३ | ६३.७८ | |

## ख. विषयगत औषत प्राप्ताङ्क २०८१

| कक्षा | सामुदायिक | | |
|---|---|---|---|
| | ३ | ५ | ८ |
| **नेपाली** | ३.२३ | २.९९ | २.६७ |
| **अङ्ग्रेजी** | ३.१४ | २.९५ | २.६२ |
| **गणित** | ३.०६ | २.७५ | २.२६ |
| **विज्ञान** | | २.८१ | २.३ |
| **सामाजिक/सेरोफेरो** | ३.२६ | २.८६ | २.६१ |

### ३.२.७ असल अभ्यासहरू:

क. आधारभूत तह उत्तीर्ण परीक्षा नगरपालिकास्तरमा सञ्चालन गर्ने गरेको।

ख. आधारभूत तहका सबै विद्यालयहरूलाई एक एक थान कम्प्यूटर र प्रिन्टर उपलब्ध गराएको।

ग. सरकारी कोषवाट पारिश्रमिक प्राप्त गर्ने सबै शिक्षक एवम् कर्मचारीहरूलाई नगरपालिकाबाट नै व्यक्तिगत बैंक खातामा मासिक रूपमा तलब भत्ता निकासा गर्ने गरेको।

घ. सबै विद्यालयमा विद्युतीय हाजिरीको व्यवस्थापन गरिएको।

ङ. आधारभूत तह ( कक्षा १-८) सम्मको स्थानीय पाठ्यक्रम र कक्षा १ -५ सम्मको पाठ्यपुस्तक तयार गरी कार्यान्वयन गरिएको।

च. सबै कक्षाहरूमा दैनिक प्रतिवेदन डायरीको व्यवस्था गरिएको।

छ. सामुदायिक विद्यालयमा शिक्षण गरी सेवा निवृत्त हुने शिक्षकहरूलाई प्रत्येक वर्ष सम्मान गर्ने गरेको।

ज. सबै सामुदायिक र संस्थागत विद्यालयका शिक्षकहरूलाई परिवर्तित पाठ्यक्रम र मूल्याङ्कन प्रक्रियाको अभिमुखीकरण गरिएको।

झ. सामुदायिक र संस्थागत विद्यालयको छुट्टाछुट्टै समूह निर्माण गरी IEMIS को अभिमुखीकरण गरिएको।

ञ. आधारभूत तहअन्तर्गत प्राथमिक तहको एकजना र निम्न माध्यमिक तहको एकजना उत्कृष्ठ शिक्षकलाई नगर शिक्षा पदक प्रदान गरी सम्मान गर्ने गरिएको।

### ३.२.८ समस्या र चुनौती

- **समस्या**

  क. सार्वजनिक विद्यालय प्रतिको आकर्षण कम हुनु,

  ख. विषयगत सिकाइ उपलब्धि सन्तोषजनक नहुनु,

  ग. विषयगत शिक्षक दरबन्दी उपलब्ध हुन नसक्नु,

  घ. बालमैत्री, अपाङ्गतामैत्री र सिकाइमैत्री भौतिक पूर्वाधारको व्यवस्था हुन नसक्नु,

  ङ. दिवा खाजाको कार्यक्रम प्रभावकारी हुन नसक्नु,

  च. दरबन्दी मिलानको समस्या,

  छ. कक्षा दोहोऱ्याउने र कक्षा छोड्ने दर सन्तोषजनक रूपमा घट्न नसक्नु,

  ज. सबै बालबालिकाहररूले आफ्ना आमाबाबुको अभिभावकत्व प्राप्त गर्न नसक्नु।

- **चुनौती**

  क. अनिवार्य तथा नि:शुल्क शिक्षाको कार्यान्वयन,

  ख. विद्यालयमा आर्थिक स्रोत र साधनको अपर्याप्तता,

  ग. सिकाइ सहजीकरण प्रक्रियामा अङ्ग्रेजी माध्यम र नवीनतम प्रविधिको प्रयोगमा कठिनाइ,

  घ. सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूको कमजोर आर्थिक अवस्था।

### ३.२.९. उद्देश्यः

क. अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्नु,

ख. आधारभूत तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,

ग. सबै बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने गरी शैक्षिक गुणस्तर सुनिश्चित गर्नु,

घ. आधारभूत तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, सिकाइमैत्री, अपाङ्गतामैत्री, वातावरणमैत्री, सुरक्षित र समावेशी बनाउनु,

ङ. आधारभूत तहको सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउँदै अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु,

च. बालबालिकाको सिकाइमा अभिभावकीय संलग्नताको व्यवस्था गर्नु।

### ३.२.१० रणनीतिः

क. विद्यालय नक्साङ्कन, पुनर्वितरण र समायोजन गरिनेछ।

ख. विद्यालयमा सबै बालबालिकाहरूको पहुँच सुनिश्चित गर्न विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाको विवरण संकलन गरी विभिन्न प्रकारका प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

ग. विद्यार्थी सङ्ख्या न्यून भएका विद्यालयहरूमा बहुकक्षा बहुस्तर शिक्षण सिकाइको प्रयोग गरिनेछ।

घ. अभिभावक शिक्षा एवम् विद्यार्थीहरूकोलागि Motivational कार्यक्रमहरू सञ्चालन गरिनेछ।

ङ. बालबालिकाहरूको विद्यालय छोड्ने कारण पहिचान गरी समाधानमुखी कार्यक्रमहरू सञ्चालन गरिनेछ।

च. कक्षागत प्रतिवेदन डायरीको विश्लेषण गरी त्यसबाट निस्केको निष्कर्षको आधारमा विद्यालयका भावी कार्यक्रमहरू तय गरिनेछ।

छ. विद्यालयको भौतिक व्यवस्थापन र सिकाइ सहजीकरण प्रक्रियालाई बालमैत्री र सिकाइमैत्री बनाइनेछ।

ज. कक्षागत रूपमा विद्यार्थीहरूको मासिक हाजिरी प्रदर्शन गरी विद्यार्थी नियमितता वृद्धि गर्ने कार्यलाई प्रोत्साहित गरिनेछ।

झ. स्थानीय विषयको पाठ्यक्रम र पाठ्यपुस्तक तयार गरी कार्यान्वयन गरिनेछ।

ञ. डिजिटल शैक्षिक सामग्री र नवीनतम शिक्षण विधिलाई प्रोत्साहित गरिनेछ ।

ट. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाइनेछ।

ठ. प्रत्येक शैक्षिक सत्रको नतिजा विश्लेषण गरी त्यसबाट प्राप्त नतिजाका आधारमा शैक्षिक योजनाहरू निर्माण गरिनेछ।

ड. बालबालिकाहरूमा स्वास्थ्य, सरसफाइ, नैतिक चरित्र, व्यक्तिगत सुरक्षा, सञ्चार कुशलता, निर्णय क्षमता जस्ता जीवनोपयोगी सीपहरूको विकास गराइनेछ।

ढ. विद्यालयको समग्र उन्नयनको लागि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको क्षमता विकास गरिनेछ ।

ण. शिक्षक दरवन्दी मिलान तथा पुनर्वितरण गरिनेछ।

त. संघीय तथा प्रदेश सरकारसँग समन्वय तथा सहकार्य गरी प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (PMEC) पूरा गराउन आवश्यक लगानीको प्रबन्ध मिलाइनेछ।

### ३.२.११ उपलब्धि तथा नतिजा

- **उपलब्धिः**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरू यसप्रकार छन्।

क. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा सबैको पहुँच सुनिश्चित भएको हुनेछ।

ख. आधारभूत शिक्षाको गुणस्तर अभिवृद्धि भएको हुनेछ।

ग. स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तकको प्रयोग भएको हुनेछ।

घ. विद्यालयमा डिजिटल शैक्षिक सामग्री र नवीनतम शिक्षण विधिको प्रयोग भएको हुनेछ।

ङ. विद्यालयमा स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्ध भएको हुनेछ।

- **नतिजाः** यो योजना कार्यान्वयन भएपछि आधारभूत तहको नतिजा यस प्रकार हुनेछ।

| क्र.सं. | सूचकहरू | आधारवर्ष | शैक्षिक सत्र | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८२/०८३ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | |
| १ | न्यूनतम सिकाइ सवलीकरण मापदण्ड पुरा भएका विद्यालय सङ्ख्या | | | | | ९ | १५ | |
| २ | विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | ३ | ३ | २ | १ | ० | | |
| ३ | प्रारम्भिक बालविकासको अनुभवसहित कक्षा १ मा आएका बालबालिकाको भर्ना दर | ८६.५४ | ८६.५४ | ९० | ९४ | ९७ | १०० | |
| ४ | कुल भर्ना दर | १२२.९७ | १२२.९७ | ११५ | ११० | १०५ | १०० | |
| ५ | खुद भर्ना दर | ७३.४८ | ७३.४८ | ७५ | ८० | ९० | ९५ | |
| ६ | कुल प्रवेश दर | ८५.५९ | ८५.५९ | ८९ | ९१ | ९३ | ९५ | |
| ७ | कक्षा दोहोर्‍याउने दर | ५.४ | ५.४ | ४ | ३ | २ | १ | |
| ८ | कक्षा छोड्ने दर | १.२७ | १.२७ | १.२५ | १.१५ | १ | ०.५ | |
| ९ | उत्तीर्ण दर | | | | | | | |
| | कक्षा (१-५) | ९२.५० | ९२.५० | ९४ | ९६ | ९८ | १०० | |
| | कक्षा (८) | ९० | ९१ | ९२ | ९३ | ९४ | ९५ | |
| | कक्षा (१-८) | ९२.११ | ९२.११ | ९३ | ९४ | ९५ | ९६ | |
| १० | औसत सिकाइ उपलब्धि | | | | | | | |
| | कक्षा (१-५) | ६८ | ६८ | ७० | ७२ | ७४ | ७६ | |
| | कक्षा (८) | ४४ | ४४ | ४६ | ४८ | ५० | ५२ | |
| | कक्षा (१-८) | ६४ | ६४ | ६६ | ६८ | ७० | ७२ | |

## ३.२.१२ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य :-

| क्र.सं. | क्रियाकलाप | एकाइ | भौतिक लक्ष ( ५ वर्ष) | | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यालय नक्साङ्कन पुनर्वितरण तथा समायोजन | पटक | | १ | | | | १ | |
| २ | शिक्षक दरबन्दी समायोजन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ३ | विद्यालय भौतिक पूर्वाधार व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ४ | विद्यालय व्यवस्थापन समिति र अभिभावक संघका पदाधिकारीहरूको क्षमता विकास | पटक | | १ | १ | १ | १ | ४ | |
| ५ | विद्युतीय हाजिरीको व्यवस्था | पटक | ३३ | | | | | ३३ | |
| ६ | विद्यालयलाई कम्प्यूटर वितरण | पटक | १ | | | | | १ | |
| ७ | अभिभावक शिक्षा कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ८ | विद्यार्थी उत्प्रेरणा तथा परामर्श | पटक | | | १ | १ | १ | ३ | |
| ९ | शैक्षिक सामग्री निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १० | डिजिटल शैक्षिक सामग्री एवम् नवीनतम् शिक्षण विधि सम्वन्धी तालिम | पटक | | १ | १ | १ | १ | ४ | |
| ११ | मागमा आधारित विषयगत तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १२ | बालमैत्री कक्षा व्यवस्थापन तालिम | पटक | | १ | १ | १ | १ | ४ | |
| १३ | स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण | पटक | १ | १ | | | | २ | |
| १४ | विद्यालय एवम् शिक्षक सम्मान तथा विद्यार्थी प्रोत्साहन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १५ | कक्षागत प्रतिवेदन डायरीको प्रयोग | निरन्तर | | | | | | | |
| १६ | निवृत्त शिक्षक सम्मान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १७ | विद्यालय लेखा व्यवस्थापन तालिम | पटक | | १ | १ | १ | १ | ४ | |
| १८ | परिवर्तित पाठ्यक्रम र मूल्याङ्कन प्रक्रिया सम्बन्धी तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १९ | EMIS सम्बन्धी तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २० | शैक्षिक नतिजा विश्लेषण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २१ | शैक्षिक सामग्री वितरण | पटक | | १ | १ | १ | १ | ४ | |
| २२ | अतिरिक्त क्रियाकलाप | पटक | | १ | १ | १ | १ | ४ | |
| २३ | विषयगत शिक्षक अन्तरक्रिया | पटक | | १ | १ | १ | १ | ४ | |
| २४ | विद्यालय सुपरिवेक्षण तथा पृष्ठपोषण | निरन्तर | | | | | | | |
| २५ | आधारभूत तह उत्तीर्ण परीक्षा | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २६ | SIP निर्माण तथा अद्यावधिक तालिम | पटक | | १ | १ | १ | १ | ४ | |
| २७ | विद्यालय कार्यसम्पादन परीक्षण | सङ्ख्या | | ९ | १८ | २७ | ३३ | ३३ | |
| २८ | नमुना उन्मुख विद्यालय छनौट तथा प्रोत्साहन | सङ्ख्या | | | | १ | १ | २ | |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

शिक्षा ऐन २०२८ (संशोधन सहित) ले कक्षा ९-१२ को शिक्षालाई माध्यमिक शिक्षाको रूपमा परिभाषित गरेकोछ । नेपालको संविधानले प्रत्येक नागरिकलाई माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेकोछ। अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने कुरा उल्लेख गरेकोछ। नेपालको संविधानले माध्यमिक शिक्षालाई एकातिर स्थानीय तहको अधिकारको सूचीमा राखेको छ भने अर्कोतर्फ शिक्षालाई सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा पनि राखेको छ । यसरी नेपालको संविधानले तीन वटै सरकारलाई शिक्षाप्रति जिम्मेवार बनाउने प्रयास गरेकोछ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै यसबाट सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुणसहितको प्रतिस्पर्धी सिपयुक्त एवम् उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेकोछ। राष्ट्रिय विज्ञान प्रविधि तथा नव-प्रवर्तन नीति २०७६ ले विद्यालय तहदेखि नै परम्परागत मौलिक ज्ञान, प्रविधि तथा सिपका बारेमा अध्ययन अध्यापन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनशीलता अभिवृद्धि गर्ने रणनीति लिएकोछ। नेपालको सोह्रौं योजनाले माध्यमिक शिक्षालाई अभ्यास र रोजगारी केन्द्रित, प्रविधिमैत्री र जीवनोपयोगी बनाउने उद्देश्य राखेको छ।

माध्यमिक तहमा हाल साधारण, परम्परागत र प्राविधिक धारका शैक्षिक कार्यक्रमहरू सञ्चालनमा रहेका छन्। कक्षा ११ र १२ मा धारको विकल्पको रूपमा एकलपथीय पाठ्यक्रम लागु गरिएको छ।

### ३.३.२ वर्तमान अवस्थाः

शैक्षिक सत्र २०८१ को तथ्याङ्क अनुसार नेपालमा माध्यमिक विद्यालयहरूको सङ्ख्या ११,५४२ छ। यीमध्ये ७१३१ सामुदायिक, ४३२९ संस्थागत र ८२ वटा धार्मिक विद्यालयहरू रहेका छन्। कुल विद्यालयहरू मध्ये कक्षा १० सम्म मात्रै सञ्चालित विद्यालय ६४९३ वटा छन् भने कक्षा १२ सम्म सञ्चालित विद्यालयहरू ५०४९ वटा छन्।

कोशी प्रदेशमा माध्यमिक विद्यालयहरूको जम्मा सङ्ख्या २,११० रहेको छ । यीमध्ये सामुदायिक विद्यालयहरू १२५१, संस्थागत विद्यालय ८४० र धार्मिक विद्यालय १९ वटा छन्। यहाँ कक्षा १० सम्म सञ्चालन भएका विद्यालय १२२७ वटा र कक्षा १२ सम्म सञ्चालन भएका विद्यालय ८८३ वटा छन् । यहाँका सामुदायिक विद्यालयहरूमध्ये कक्षा १० सम्म मात्र सञ्चालन भएका विद्यालयहरू ६०० वटा र कक्षा १२ सम्म सञ्चालन भएका विद्यालयहरू ६५१ वटा छन् भने संस्थागत विद्यालयहरूतर्फ कक्षा १० सम्म चलेका ६१२ र कक्षा १२ सम्म चलेका २२८ वटा विद्यालयहरू छन्। त्यस्तै धार्मिक विद्यालयहरू मध्ये कक्षा १० सम्म चलेका १५ वटा र कक्षा १२ सम्म चलेका ४ वटा विद्यालयहरू छन्। इलाम जिल्लामा सामुदायिक ९३ र संस्थागत ४७ गरेर जम्मा १४० वटा विद्यालयहरू सञ्चालनमा छन्।

इलाम नगरपालिकामा सञ्चालित माध्यमिक विद्यालयहरूको विवरण यस प्रकार छ।

| क्र.सं. | कक्षा | विद्यालय सङ्ख्या | | |
|---|---|---|---|---|
| | | सामुदायिक | संस्थागत | जम्मा |
| १ | कक्षा १० सम्म | ७ | १५ | २२ |
| २ | कक्षा १२ सम्म | ६ | ३ | ९ |
| जम्मा | | १३ | १८ | ३१ |

इलाम नगरपालिकाका सामुदायिक विद्यालयहरूको माध्यमिक तहमा कक्षा ९-१०को ५२ र कक्षा ११- १२ को लागि १६ वटा शिक्षक दरबन्दी रहेका छन्।
यस नगरपालिकाको माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूको विवरण यस प्रकार रहेकोछ।

### क. विद्यार्थी सङ्ख्या २०८१

| क्र.सं. | कक्षा | सामुदायिक | | | संस्थागत | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | ९-१० | ४९३ | ४४७ | ९४० | ३९६ | ४२७ | ८२३ | ८८९ | ८७४ | १७६३ |
| २ | ११-१२ | ५४३ | ५२९ | १०७२ | २३३ | २५४ | ४८७ | ७७६ | ७८३ | १५५९ |
| जम्मा | | १०३६ | ९७६ | २०१२ | ६२९ | ६८१ | १३१० | १६६५ | १६५७ | ३३२२ |

### ख. विद्यार्थी सङ्ख्या २०८२

| **क्र.सं.** | **कक्षा** | **सामुदायिक** | | | **संस्थागत** | | | **जम्मा** | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | **छात्रा** | **छात्र** | **जम्मा** | **छात्रा** | **छात्र** | **जम्मा** | **छात्रा** | **छात्र** | **जम्मा** |
| १ | कक्षा ९ - १० | ४७५ | ४२७ | ९०२ | ४३४ | ४७४ | ९०८ | ९०९ | ९०१ | १८१० |
| २ | कक्षा ११ - १२ | ४८३ | ४४८ | ९३१ | १९२ | २२६ | ४१८ | ६७५ | ६७४ | १३४९ |
| **जम्मा** | | ९५८ | ८७५ | १८३३ | ६२६ | ७०० | १३२६ | १५८४ | १५७५ | ३१५९ |

### ३.३.३ सामुदायिक विद्यालय कार्यसम्पादन परीक्षण २०८१

| क्र. सं. | विद्यालय | लगानी (I) | प्रक्रिया (P) | उपलब्धी (A) | सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या (N) | जम्मा (T) (I+P+A+N) |
|---|---|---|---|---|---|---|
| १ | आदर्श माध्यमिक विद्यालय | १९.१३ | १९.१३ | १८.७६ | ५.०० | ६२.०२ |
| २ | नन्द माध्यमिक विद्यालय | १९.४० | २१.७० | २१.३० | १.०० | ६३.४० |
| ३ | अमर माध्यमिक विद्यालय | १९.७५ | २२.८३ | ३२.८९ | २.०० | ७७.४७ |
| ४ | सप्तमाई गुरूकुल संस्कृत विद्याश्रम माध्यमिक विद्यालय | १४.२० | १३.९० | २९.३० | ०.०० | ५७.४० |
| ५ | बालकन्या माध्यमिक विद्यालय | १६.१० | १४.४० | २४.०० | १.०० | ५५.५० |
| ६ | भगवती माध्यमिक विद्यालय | १५.७० | ११.५० | २४.५० | १.०० | ५२.७० |
| ७ | पूर्णस्मारक माध्यमिक विद्यालय | १४.८० | ९.८० | २७.५० | १.०० | ५३.१० |
| ८ | साङ्मूवा माध्यमिक विद्यालय | १८.२० | १४.३० | १४.२० | १.०० | ४७.७० |
| ९ | बालमण्डल माध्यमिक विद्यालय | १७.२८ | २०.०० | २९.३३ | १.०० | ६७.६१ |
| १० | नेपलाटार माध्यमिक विद्यालय | १७.९० | २१.०८ | २४.८९ | १.०० | ६४.८७ |
| ११ | सुम्बेक माध्यमिक विद्यालय | १७.५९ | २०.८६ | २४.०० | १.०० | ६३.४५ |
| १२ | शारदा माध्यमिक विद्यालय | १५.४३ | १७.८२ | २४.०० | ०.०० | ५७.२५ |
| १३ | विणापाणी माध्यमिक विद्यालय | १८.८२ | २३.०४ | ३३.७७ | १.०० | ७६.६३ |
| औसत | | १७.२५ | १७.७२ | २५.२६ | १.२३ | ६१.४६ |

### ३.३.४. असल अभ्यासहरू:

क. काठमाण्डौं विश्वविद्यालयसँगको सहकार्यमा सामुदायिक विद्यालयका आवश्यकताहरू संकलन र विश्लेषण गरी प्रतिवेदन तयार गरिएको।

ख. प्रत्येक वर्ष माध्यमिक तहको सामुदायिक विद्यालयको एकजना उत्कृष्ट शिक्षकलाई नगर शिक्षा पदकबाट सम्मान गर्ने गरिएको।

ग. संस्थागत विद्यालयको माध्यमिक तहसम्मका २ जना उत्कृष्ट शिक्षकलाई नगर शिक्षा पदकबाट सम्मान गर्ने गरिएको।

घ. प्रत्येक वर्ष SEE/SLCE परीक्षामा उत्कृष्ट नतिजा प्राप्त गर्ने विद्यार्थीहरूलाई सम्मान गर्ने।

ङ. सामुदायिक विद्यालयमा दीर्घ सेवा गरी हरेक वर्ष सेवा निवृत्त हुने शिक्षकलाई सम्मान गर्ने गरेको।

च. राष्ट्रपति रनिङशिल्ड प्रतियोगितामा लगातार ३ वर्ष प्रथम भएर शिल्ड प्राप्त गरेको।

### ३.३.५ समस्या र चुनौती

- **समस्या**

क. विषयगत शिक्षक दरबन्दीको अपर्याप्तता।

ख. गणित, विज्ञान तथा प्राविधिक शिक्षासँग सम्बन्धित शिक्षकको अपर्याप्तता।

ग. आवश्यक भौतिक संरचनाको अपर्याप्तता।

घ. डिजिटल शैक्षिक सामग्रीको प्रयोग सम्बन्धी समस्या।

ङ. विज्ञान एवम् गणित सामग्री र प्रयोगशालाको  अभाव।
च. विद्यालयहरूमा आर्थिक स्रोतको अभाव।
छ. न्यून सिकाइ उपलब्धि।
ज. स्मरणमा आधारित परीक्षा प्रणाली।

- **चुनौती**

क. पूर्ण रूपमा नि:शुल्क शिक्षाको कार्यान्वयन।
ख. डिजिटल शैक्षिक सामग्री र नवीनतम शिक्षण विधिको प्रयोग।
ग. दरबन्दी मिलान।
घ. माध्यमिक शिक्षाको पहुँचबाट बाहिर रहेका बालबालिकालाई विद्यालयमा ल्याउनु।
ङ. प्राविधिक तथा व्यवसायिक शिक्षाको बिस्तार।
च. शिक्षकको क्षमता विकास र प्रेरणा।
छ. मूल्याङ्कन प्रणालीमा सुधार।
ज. विपद् व्यवस्थापन र वैकल्पिक सिकाइ सहजीकरणको व्यवस्था।
झ. पठन संस्कृतिको विकास।

### ३.३.६ उद्देश्यहरूः

क. नि:शुल्क माध्यमिक शिक्षाको प्रावधानलाई कार्यान्वयन गर्नु।
ख. विद्यालयहरूमा निर्धारित मापदण्ड अनुसारको भौतिक संरचनाको व्यवस्था गर्नु।
ग. उमेर समूहका विद्यालय बाहिर रहेका सबै बालबालिकाहरूलाई विद्यालयमा भर्ना गराउनु।
घ. खुद भर्नादर र टिकाउदरमा वृद्धि गर्नु।
ङ. प्राविधिक एवम् व्यवसायिक शिक्षाको दायरा वृद्धि गर्नु।
च. प्रशासनिक एवम् व्यवस्थापकीय पक्षमा सुधार गर्नु।
छ. गुणस्तरमा सुधार गर्नु।
ज. बालमैत्री, सिकाइमैत्री, समावेशी र सुरक्षित वातावरणमा शिक्षा प्रदान गर्नु।

### ३.३.७ रणनीतिहरूः

यस योजनाका माध्यमिक शिक्षा सम्बन्धी उद्धेश्यहरू पूरा गर्न निम्न लिखित रणनीतिहरू अवलम्बन गरिनेछ।

क. सबै विद्यालयमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमताको अवस्था (PMEC) पूरा गरी भौतिक तथा शैक्षिक वातावरणमा सुधार गरिनेछ।
ख. सङ्घीय सरकारको मापदण्ड अनुसार प्रदेश सरकारसँग समन्वय गरी विद्यालयहरूको नक्साङ्कन, पुनर्वितरण र समायोजन गरिनेछ।
ग. विद्यालयमा विद्यार्थीहरूको पहुँच अभिवृद्धि गर्न विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ।

घ. हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको बिस्तार गरिनेछ।

ङ. विद्यालयलाई प्रकोप, सङ्कट, महामारी तथा जलवायु परिवर्तन प्रति उत्थानशील बनाइनेछ।

च. विद्यालय शिक्षादेखि नै विज्ञान, प्रविधि, इञ्जिनियरिङ, कला र गणित (STEAM) शिक्षाको अवधारणा अनुरूप सिकाइलाई अन्तर सम्बन्धित गरिनेछ।

छ. सामुदायिक विद्यालयमा कक्षा ११ र १२ मा विज्ञान विषय अध्ययनका लागि आकर्षण बढाउन उक्त विषय सञ्चालन भएका विद्यालयमा पर्याप्त भौतिक एवम् शैक्षिक सामग्री, पुस्तकालय, प्रयोगशाला र छात्रवृत्तिको व्यवस्था मिलाइनेछ।

ज. स्थानीय आवश्यकता अनुसारका सीपमूलक, विषयहरू समावेश गरी सिकाइलाई जीवन र व्यवहारसँग सम्बन्धित गराइनेछ।

झ. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्‌बाट सम्बन्धन लिएर नगरपालिकाभित्र कम्तीमा एउटा विद्यालयमा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (Technical Education in Community School (TECS) कार्यक्रम सञ्चान गरिनेछ।

ञ. शिक्षक दरबन्दी मिलान कार्यक्रमलाई निर्धारित मापदण्डमा आधारित, पारदर्शी र अनुमान गर्न सकिने प्रकारको बनाइनेछ।

ट. अभिभावक शिक्षा कार्यक्रमलाई प्राथमिकताका साथ अघि बढाइनेछ र यसको माध्यमबाट खुद भर्नादर, टिकाउ दर एवम् विद्यार्थी नियमितता अभिवृद्धि गरिनेछ।

ठ. विद्यार्थीहरूमा सामाजिकीकरण, नैतिक आचरण, जीवनोपयोगी सिप, सामाजिक विकृति, पुस्तान्तरण (Generation gap) को प्रभाव एवम् सिकाइको महत्व जस्ता विषयहरूमा ज्ञान दिलाउनको लागि विद्यार्थी परामर्श एवम् उत्प्रेरणाका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

ड. हरेक शैक्षिक सत्रको अन्त्यमा नगरपालिकास्तरमा विषयगत नतिजा विश्लेषण गरी त्यसबाट निस्केको निष्कर्षको आधारमा आगामी वर्षको लागि शैक्षिक नीति तय गरिनेछ।

ढ. विषयगत शैक्षिक सामग्रीहरूको व्यवस्था गरिनेछ।

ण. शिक्षकको पेशागत क्षमता विकासको लागि सेवा प्रवेश तालिम, विषयगत तालिम, पुनर्ताजगीकरण तालिम, मागमा आधारित तालिम, शैक्षिक सामग्री निर्माण तालिम आदिको व्यवस्था गरिनेछ।

त. शिक्षकहरूलाई निरन्तर रूपमा अद्यावधिक हुन अभिप्रेरणा जगाउने कार्यक्रमहरू सञ्चालन गरिनेछ।

थ. विद्यालय अनुगमन, सुपरिवेक्षण र पृष्ठपोषणलाई प्रभावकारी र फलदायी बनाउनको लागि सेवा निवृत्त शिक्षक एवम् शिक्षा क्षेत्रमा काम गरेर निवृत्त भएका कर्मचारीहरूको उपयोग गरिनेछ।

द. सामुदायिक एवम् संस्थागत विद्यालयहरूले गरेका असल अभ्यासहरूलाई संकलन गरी नगरपालिकाको समग्र शैक्षिक उन्नयनको लागि उपयोग गरिनेछ।

ध. संस्थागत विद्यालयहरूबाट भएका शैक्षिक गुणस्तर अभिवृद्धिका कार्यहरूलाई प्रोत्साहित गरिनेछ।

न. बालमैत्री विद्यालयको अवधारणालाई कार्यान्वयन गरिनेछ।

ऩ. विद्यालयमा "पढ्दै कमाउँदै र कमाउँदै पढ्दै " कार्यक्रम सञ्चालनको लागि आवश्यक व्यवस्था मिलाइनेछ।

प. प्राविधिक धारका विद्यार्थीहरूले गर्ने कार्यगत तालिम (On the Job Training ; OJT) लाई अझ बढी व्यवस्थित र फलदायी बनाइनेछ ।

फ. माध्यमिक शिक्षा परीक्षा दिएर बसेका विद्यार्थीहरूको लागि प्रतिकारात्मक स्वास्थ्य, सन्तुलित भोजन, प्राथमिक उपचार, सवारी नियम, पाकशाला, आत्मसुरक्षा, कार्यक्षेत्रको सुरक्षा, दुर्व्यवहार, राष्ट्रप्रेम, स्वयंसेवा, नैतिक आचरण, योग र ध्यान, पुस्तान्तरको प्रभाव जस्ता विषयमा अल्पकालीन तालिमको व्यवस्था गरिनेछ।

ब. इलाम नगरपालिकालाई शैक्षिक हब बनाउनको लागि आवश्यक पर्ने मार्गचित्रको खाका तयार गरिनेछ ।

### ३.३.८ उपलब्धि तथा नतिजा

- **उपलब्धि**

नगर शिक्षा योजनाको कार्यान्वयनबाट निम्न अनुसारको उपलब्धि हासिल भएको हुनेछ :

क. निःशुल्क माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भएको हुनेछ ।
ख. निर्धारित मापदण्ड अनुसारका भौतिक संरचनाहरू तयार भएका हुनेछन् ।
ग. सबै विद्यालयहरूमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमताको अवस्था कायम भएको हुनेछ ।
घ. उमेर समूहका सबै बालबालिकाहरू विद्यालयमा भर्ना भएका हुनेछन् ।
ङ. सबै विद्यालयहरू बालमैत्री भएका हुनेछन् ।
च. प्राविधिक धारको शिक्षामा बालबालिकाको पहुँच वृद्धि भएको हुनेछ ।
छ. सबै विद्यालयमा पुस्तकालय, वाचनालय, विज्ञान तथा गणित प्रयोगशाला तथा आइसिटी प्रयोगशालाको व्यवस्था भएको हुनेछ ।
ज. शैक्षिक गुणस्तरमा सुधार भएको हुनेछ ।

- **नतिजा**

योजनाको कार्यान्वयनबाट निम्न अनुसारको नतिजा प्राप्त हुने अपेक्षा गरिएको छ ।

| क्र.सं. | सूचकहरू | आधार वर्ष | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ |
|---|---|---|---|---|---|---|---|
| | | २०८२/८३ | | | | | |
| १ | PMEC पुरा गरेको विद्यालयको सङ्ख्या | २ | २ | ३ | ४ | ५ | ६ |
| २ | कुल भर्नादर | ९३.०४ | ९३.०४ | ९४ | ९६ | ९८ | १०० |
| ३ | खुद भर्नादर | ३४.४८ | ३४.४८ | ३६ | ३७.५ | ३९ | ४० |
| ४ | कक्षा छोड्ने दर | १.५१ | १.५१ | १.४ | १.३ | १.२ | १ |
| ५ | कक्षा दोहोऱ्याउने दर | ७.९८ | ७.९८ | ५ | ४ | ३ | २ |
| ६ | उत्तीर्ण दर | | | | | | |
| | कक्षा ९-१० | ९१.७४ | ९१.७४ | ९२ | ९३ | ९४ | ९५ |
| | कक्षा ११-१२ | ८०.५४ | ८०.५४ | ८२ | ८४ | ८६ | ८८ |
| ७ | औसत सिकाइ उपलब्धि | | | | | | |
| | कक्षा ९-१० | ३.१९ | ३.१९ | ३.२ | ३.२२ | ३.२४ | ३.२५ |
| | कक्षा ११-१२ | | | | | | |

### ३.३.९ प्रमुख क्रियाकालाप र परिमाणात्मक लक्ष्य :-

| क्र.सं. | क्रियाकलापहरू | एकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व | दोस्रो आ.व | तेस्रो आ.व | चौथो आ.व | पाँचौं आ.व | | |
| १ | विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | | १ | | | | १ | |
| २ | विद्यालयको भौतिक पूर्वाधार विकास | निरन्तर | | | | | | | |
| ३ | शिक्षक दरबन्दी समायोजन | निरन्तर | | | | | | | |
| ४ | विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको क्षमता विकास कार्यक्रम | पटक | | १ | | | १ | २ | |
| ५ | विद्यालयको कार्यसम्पादन परीक्षण | पटक | | | | | १ | १ | |
| ६ | अभिभावक शिक्षा | पटक | | १ | १ | १ | १ | ४ | सबै विद्यार्थीका अभिभावकहरूका लागि |
| ७ | विद्यार्थी परामर्श तथा उत्प्रेरणा कार्यक्रम | पटक | | १ | १ | १ | १ | ४ | कक्षा ८-१२ |
| ८ | विषयगत नतिजा विश्लेषण | पटक | | १ | १ | १ | १ | ४ | कक्षा ५, ८, १०, १२ |
| ९ | शैक्षिक सामग्री निर्माण कार्यशाला | पटक | | १ | १ | १ | १ | ४ | |
| १० | विद्यालयका असल अभ्यासहरूको संकलन र प्रकाशन | पटक | | १ | १ | १ | १ | ४ | |
| ११ | विषयगत शिक्षक अन्तरक्रिया | पटक | | १ | १ | १ | १ | ४ | |
| १२ | विद्यालय अनुगमन सुपरीवेक्षण र पृष्ठपोषण | विद्यालय | निरन्तर | | | | | | |
| १३ | शिक्षकहरूका लागि मागमा आधारित तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १४ | शैक्षिक हब निर्माण सम्वन्धी मार्ग चित्रको खाका निर्माण | पटक | | | १ | | | १ | |
| १५ | अतिरिक्त क्रियाकलाप | पटक | १ | ५ | ५ | ५ | ५ | २१ | |

## ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

### ३.४.१ परिचय

कुनै प्रविधिसँग सम्बन्धित भएर हासिल गरिने व्यावसायिक ज्ञानलाई प्राविधिक शिक्षा भनिन्छ । यस्तो शिक्षा कुनै व्यवसायसँग सम्बन्धित ज्ञान, सिप र प्रविधिमा आधारित हुन्छ । नेपालको संविधानको धारा ५१ को राज्यका नीतिहरू अन्तर्गत नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिमा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगामूलक एवम् जनमुखी बनाउँदै सक्षम प्रतिस्पर्धी नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार पार्ने कुरा उल्लेख गरिएको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रमा संस्थागत बिस्तार गरी सिप विकासमा जोड दिँदै सबैका लागि प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासको अवसर उपलव्ध गराउने नीति अवलम्बन गरेको छ । नेपालको सोह्रौं योजनाले साधारण धारतर्फभन्दा प्राविधिक धारतर्फ अध्ययन गर्ने विद्यार्थीको अनुपात वृद्धि गर्ने नीति लिएको छ ।

### ३.४.२ वर्तमान अवस्था

नेपालमा एकातिर प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (Council for Technical Education and Vocational Training; CTEVT) ले आफ्ना विभिन्न संरचनाहरूमार्फत प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गर्दै आएको छ भने अर्को तिर नेपाल सरकार शिक्षा तथा मानव स्रोत विकास केन्द्रले सामुदायिक विद्यालयहरूको कक्षा ९-१२ मा प्राविधिक धारको रूपमा पनि प्राविधिक शिक्षा प्रदान गर्दै आएको छ । त्यस्तै विभिन्न विश्वविद्यालयबाट सम्बन्धन लिएर क्याम्पसहरूले पनि प्राविधिक तथा व्यावसायिक विषयको शिक्षा प्रदान गर्दै आएका छन् ।
इलाम नगरपालिकामा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदान गर्ने संस्थाहरू यस प्रकार रहेका छन् ।

- **अमर माध्यमिक विद्यालय**


इलाम नगरपालिकाको अमर माध्यमिक विद्यालय बरबोटेमा कम्प्युटर इञ्जिनियरिङ विषयको प्राविधिक धारको कार्यक्रम सञ्चालित छ । यस विद्यालयमा २०७० सालदेखि यो कार्यक्रम सञ्चालन भएको हो । यो कार्यक्रम अन्तरगत कक्षा ९ देखि कक्षा १२ सम्म कम्प्युटर इन्जिनियरिङ विषयको पठनपाठन हुन्छ । शैक्षिक सत्र २०८१ मा अमर माध्यमिक विद्यालयको प्राविधिक धार अन्तर्गत कक्षा ९ मा २८, कक्षा १० मा २८, कक्षा ११ मा ८ र कक्षा १२ मा ५ जना गरेर जम्मा ६९ जना विद्यार्थीहरू अध्ययनरत छन् । यस विद्यालयको प्राविधिक धार अन्तर्गत शिक्षक (प्रशिक्षक र सहायक प्रशिक्षक) को दरबन्दी सङ्ख्या ८ वटा रहेको छ ।

- **इलाम सामुदायिक कृषि क्याम्पस**

इलाम सामुदायिक कृषि क्याम्पसको स्थापना वि.सं. २०७८ मा भएको हो । यो क्याम्पस इलाम नगरपालिका वडा नम्बर ९ सेरामा रहेकोछ । यो इलाम नगरपालिकाबाट सञ्चालित क्याम्पस हो । यसले पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन लिएको छ ।

इलाम सामुदायिक कृषि क्याम्पसमा ४ वर्षे B.Sc. (Hons) in Agriculture को पढाइ ८ वटा सेमेष्टरमा पूरा हुन्छ । यहाँ प्रत्येक व्याचको लागि ४८ जना विद्यार्थीहरूको कोटा निर्धारण गरिएको छ । इलाम सामुदायिक कृषि क्याम्पसको संस्थागत संरचना यस प्रकार रहेकोछ ।

यो क्याम्पस इलाम नगरपालिकाको स्वामित्वमा रहेकोले सबैभन्दा माथिल्लो अङ्ग नगरसभा रहेको छ र इलाम नगरपालिकाको प्रमुख पदेन संरक्षकको रुपमा रहने व्यवस्था रहेको छ । क्याम्पस सञ्चालनको लागि सञ्चालक समितिको व्यवस्था रहेको छ । क्याम्पसको संस्थागत संरचना निम्नानुसार रहेको छ ।



यस क्याम्पसमा शैक्षिक वर्ष २०७८/०७९ मा ४८ जना, शैक्षिक वर्ष २०७९/०८० मा ४० जना र शैक्षिक वर्ष २०८०/०८१ मा ४८ जना विद्यार्थीहरू भर्ना भएका छन् । हाल यो क्याम्पसले प्रभावकारी रूपमा सस्तो र गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गरिरहेको छ ।

- **रत्न कुमार वान्तवा बहुप्राविधिक शिक्षालय**

इलाम नगरपालिकाको वडा नम्बर १ साखेजुङमा CTEVT को आङ्गिक शिक्षालयको रूपमा रत्न कुमार वान्तवा बहुप्राविधिक शिक्षालय सञ्चालित छ । यो शिक्षालयको स्थापना वि.सं. २०७४ मा भएको हो । यहाँ लामो अवधि र छोटो अवधि गरेर दुई प्रकारका तालिमहरू सञ्चालन हुन्छन् । यस संस्थामा सञ्चालित कार्यक्रमहरू विद्यार्थी सङ्ख्या यसप्रकार रहेका छन् ।

**सञ्चालित कार्यक्रम**

| क्र.सं. | कार्यक्रमको नाम | तह | स्वीकृत कोटा |
|---|---|---|---|
| १ | कृषि (पशु विज्ञान) | डिप्लोमा | ४० |
| २ | कृषि (बाली विज्ञान) | डिप्लोमा | ४० |
| ३ | वन विज्ञान | डिप्लोमा | ४० |
| ४ | सिभिल इन्जिनियरिङ् | डिप्लोमा | ४८ |
| ५ | फरेष्टी | डिप्लोमा | ४० |
| ६ | सिभिल इन्जिनियरिङ् (विशेष छात्रवृत्ति) | डिप्लोमा | ४८ |
| ७ | सामान्य चिकित्सा | डिप्लोमा | ४८ |
| ८ | चिया प्रविधि | प्रि-डिप्लोमा | ३० |

**विद्यार्थी विवरण**

| क्र.सं. | कार्यक्रमको नाम | २०७९ | २०८० | २०८१ |
|---|---|---|---|---|
| १ | फरेष्टी | ४० | ३७ | ३९ |
| २ | वन विज्ञान | २६ | १२ | X |
| ३ | सिभिल इन्जिनियरिङ् (नियमित) | ४२ | २२ | १४ |
| ४ | सिभिल इन्जिनियरिङ् (विशेष) | X | ४० | ५ |
| ५ | बाली विज्ञान | २५ | १८ | १ |
| ६ | पशु विज्ञान | ३० | २८ | २१ |

| क्र.सं. | कार्यक्रमको नाम | २०७९ | २०८० | २०८१ |
|---|---|---|---|---|
| ७ | सामान्य चिकित्सा | X | X | ४० |
| ८ | चिया प्रविधि | X | ४० | २६ |
| जम्मा | | १६३ | १९७ | १४६ |

- **इलाम टेक्निकल इन्स्टिच्युट**

इलाम टेक्निकल इन्स्टिच्युट इलाम नगरपालिका वडा नम्बर ६ खरेल डाँडामा सञ्चालित छ। यो संस्था २०६५ सालमा CTEVT बाट सम्बन्धन लिएर सञ्चालनमा आएको हो। यो संस्थामा निम्न अनुसारका कार्यक्रमहरू रहेका छन्।

| क्र. सं | कार्यक्रमको नाम | तह | अवधि | कोटा |
|---|---|---|---|---|
| १ | HA (सामान्य चिकित्सा) | डिप्लोमा | ३ वर्ष | ४० |
| २ | CMLT (ल्याब टेक्निसियन) | डिप्लोमा | ३ वर्ष | ३० |
| ३ | कम्प्युटर इन्जिनियरिङ | डिप्लोमा | १८ महिने | ४० |

- **सनराइज इन्जिनियरिङ कलेज**

सनराइज इन्जिनियरिङ कलेज इलाम नगरपालिका वडा नम्बर ९ मा सञ्चालित छ। यो संस्था CTEVT बाट सम्बन्धन लिएर शैक्षिक वर्ष २०८१ देखि सञ्चालमा आएको हो। यो संस्थामा निम्न अनुसारका कार्यक्रमहरू रहेका छन्।

| क्र. सं | कार्यक्रमको नाम | तह | कोटा |
|---|---|---|---|
| १ | सिभिल इन्जिनियरिङ् | डिप्लोमा | ४८ |
| २ | वन विज्ञान | डिप्लोमा | ४० |

- **ज्ञानपुञ्ज सिर्जनशील प्रतिष्ठान**

ज्ञानपुञ्ज सिर्जनशील प्रतिष्ठान वि.सं.२०७६ सालमा स्थापना भएको हो। यो संस्था इलाम नगरपालिका वडा नं. ७ को चोकबजारमा रहेको छ। यो संस्था विभिन्न विषयहरूमा शिक्षण, प्रशिक्षण, सहजीकरण र अन्वेषण गर्ने उद्देश्यले स्थापना भएको हो। यो संस्थाले वि .सं.२०७९ मा निम्न अनुसारका छोटो अवधिका तालिमहरू सञ्चालन गर्नको लागि प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट सम्वन्धन लिएको छ।

| क्र. सं | कार्यक्रमको नाम | कोटा |
|---|---|---|
| १ | Phychosocial Counselor | ७८० घण्टा |
| २ | Paralegal Assistant | ४१५ घण्टा |
| ३ | Singer | ३९० घण्टा |

### ३.४ ३. समस्या र चुनौती

- **समस्या**

क . प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सम्बन्धी पर्याप्त जनचेतनाको अभाव ।
ख . विषय शिक्षक नपाइने समस्या ।
ग. शिक्षकहरूको सेवा सुरक्षाको सुनिश्चिता नहुनु ।
घ. कार्यगत तलिम (OJT ) तथा इन्टर्नसीप व्यवस्थापनको समस्या ।
ङ . प्राविधिक शिक्षा अध्ययन गरेका शिक्षार्थीहरूको लागि रोजगारी र स्वरोजगारीको सुनिश्चितता नहुनु ।

- **चुनौती**

क. एउटा पालिकामा एउटा मात्र प्राविधिक धारको विद्यालय सञ्चालन गर्ने सरकारी नीति,
ख. CTEVT र प्राविधिक धारका कार्यक्रमहरूमा समन्वयको अभाव ।

### ३.४.४ उद्देश्य

प्राविधिक शिक्षा तथा तालिम सम्बन्धी यस नगर शिक्षा योजनाका उद्देश्यहरू यस प्रकार छन् ।
प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको दायरा बिस्तार गर्नु,
रोजगारी र स्वरोजगारीका अवसरहरू सिर्जना गर्नु,
शैक्षिक बेरोजगारीलाई न्यूनीकरण गर्नु,
शिक्षा र स्थानीय उत्पादन बिच सम्बन्ध स्थापित गर्नु ।

### ३.४.५ रणनीति

क. विद्यार्थीहरूलाई प्राविधिक धारतर्फ आकर्षित गर्न नगरपालिकाबाट प्रदान गरिंदै आएको छात्रवृत्तिलाई निरन्तरता दिंदै थप छात्रवृत्तिको व्यवस्था गरिनेछ ।
ख. विषयगत आवश्यकताको पहिचान गरी CTEVT बाट सम्बन्धन लिएर इलाम नगरपालिकाभित्र एउटा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (Technical Education in community school; TECS) कार्यक्रम सञ्चालन गरिनेछ ।
ग. इलाम सामुदायिक कृषि क्याम्पसमा स्नातकोत्तर कक्षा सञ्चालन गर्ने व्यवस्था मिलाउन पहल गरिनेछ ।

घ. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको आवश्यकता र महत्त्व सम्बन्धी सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

ङ. इलाम नगरपालिकाभित्र सञ्चालित सबै प्रकारका प्राविधिक शिक्षा तथा तालिमहरूलाई अभिलेखीकरण गरी प्रभावकारी व्यवस्थापनको प्रबन्ध गरिनेछ ।

च. नगरपालिकाको आवश्यकतामा आधारित छोटो अवधिका तालिम कार्यक्रमहरू सञ्चालन गर्न CTEVT बाट सम्बन्धन प्राप्त गरेका संस्थाहरूलाई आवश्यक सहयोग गरिनेछ ।

छ. प्राविधिक शिक्षा प्रदान गर्ने संस्थाहरू र रोजगारदाता संघ संस्थाहरूबीच समन्वय गरी ओजेटी तथा इन्टर्नसिप कार्यक्रमलाई व्यवस्थित बनाइनेछ ।

ज. इलाम सामुदायिक कृषि क्याम्पसलाई कृषि क्षेत्रको अनुसन्धान गर्ने निकायको रूपम उपयोग गरिनेछ ।

झ. छोटो अवधिका प्राविधिक एवम् व्यावसायिक तालिमहरूको उपलब्धि मूल्याङ्कन गरी आवश्यक नीति तय गरिनेछ ।

ञ. परम्परागत स्थानीय प्रविधिलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमसँग जोड्न आवश्यक नीति तय गरिनेछ ।

ट. प्राविधिक धारको कार्यक्रमलाई आवश्यकतानुसार परिमार्जन गर्न र एक स्थानीय तह एक प्राविधिक विद्यालयको सरकारी नीतिलाई लचिलो बनाउन सम्बन्धित निकायमा अनुरोध गरिनेछ ।

ठ. इलाम नगरपालिका भित्रका प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदान गर्ने सबै संस्थाहरूलाई समन्वयात्मक ढंगले अघि बढाउनको लागि सहजीकरण गरिनेछ ।

ड. SEE दिएर बसेका विद्यार्थीहरूको लागि अल्पकालीन तालिमको व्यवस्था गरिनेछ ।

### ३.४.६ उपलब्धि तथा नतिजा

- **उपलब्धि**

क. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा शिक्षार्थीहरूको पहुँच वृद्धि भएको हुनेछ ।

ख. इलाम नगरपालिकाभित्र प्राविधिक शिक्षा र व्यावसायिक तालिम प्राप्त गर्नको लागि प्रशस्त अवसरहरू सिर्जना भएका हुनेछन् ।

ग. रोजगारी र स्वरोजगारीका अवसरहरू सिर्जना भएका हुनेछन् ।

- **नतिजा**

योजनाको कार्यान्वयनबाट निम्न अनसुसारको नतिजा प्राप्त हुने अपेक्षा गरिएको छ ।

| **क्र.स.** | **सूचकहरू** | आधार वर्ष | शैक्षिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २०८२/८३ | २०८२/८३ | २०८३/ ८४ | २०८४/ ८५ | २०८५/८६ | २०८६/ ८७ |
| १ | नगरपालिकामा TECS कार्यक्रम भएका विद्यालयको सङ्ख्या | | | | १ | १ | १ |
| २ | कृषि क्याम्पसमा स्नातकोत्तर कक्षाको व्यवस्था | | | | | १ | १ |

| क्र.स. | सूचकहरू | आधार वर्ष | शैक्षिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २०८२/८३ | २०८२/८३ | २०८३/ ८४ | २०८४/ ८५ | २०८५/८६ | २०८६/ ८७ |
| ३ | प्राविधिक धार अध्ययन गर्ने विद्यार्थी सङ्ख्या | ८२ | ८२ | १०० | ११५ | १३० | १४५ |

### ३.४.७. प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व. | पाँचौं आ.व. | | |
| १ | TECS कार्यक्रमको व्यवस्था | विद्यालय | | | | १ | | १ | |
| २ | कृषि क्याम्पसमा स्नातकोत्तर कक्षाको व्यवस्था | क्याम्पस | | | | १ | | १ | |
| ३ | प्राविधिक शिक्षा तथा तालिम सम्वन्धी सचेतना | पटक | | १ | १ | १ | १ | ४ | |
| ४ | छात्रवृत्तिको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ५ | प्राविधिक शिक्षालायहरूको अभिलेखीकरण | पटक | | १ | १ | १ | १ | ४ | |
| ६ | ओ.जे.टी./इन्टर्नसिप व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ७ | SEE दिएर बसेका विद्यार्थीको लागि अल्पकालीन तालिम | पटक | | १ | १ | १ | १ | ४ | |

## ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

### ३.५.१ परिचय

शिक्षा औपचारिक र अनौपचारिक गरेर दुईवटा माध्यमबाट प्राप्त गर्न सकिन्छ। अनौपचारिक शिक्षा भन्नाले औपचारिक शिक्षण संस्थाहरू विद्यालय, कलेज तथा विश्वविद्यालयभन्दा बाहिरबाट प्राप्त गर्ने शिक्षा भन्ने बुझिन्छ। अनौपचारिक शिक्षा जीवनपर्यन्त चलिरहन्छ र यसबाट आजीवन सिकाइ हुन्छ। नेपालमा अनौपचारिक शिक्षाको इतिहास धेरै लामो छ। गुरुकुल पद्धतिमा आधारित वैदिक शिक्षा एवम् बौद्ध विहार तथा गुम्बाहरू मार्फत् प्रदान गरिने बौद्ध दर्शनमा आधारित शिक्षा यसका प्राचीन उदाहरणहरू हुन्। अनौपचारिक शिक्षा इतिहासका विभिन्न कालखण्डहरूमा बेग्लाबेग्लै स्वरूपमा प्रदान गरिंदै आजको अवस्थामा आइपुगेको छ तर यसको सम्पूर्ण इतिहासलाई अभिलेखीकरण गर्न सकिएको छैन। शिक्षा नियमावली २०५९ को नियम ४८ मा विद्यालयमा भर्ना भई शिक्षा हासिल गर्न नसक्ने व्यक्तिलाई आधारभूत प्रौढ साक्षरता शिक्षा,

साक्षरोत्तर शिक्षा, निरन्तर शिक्षा र वैकल्पिक शैक्षिक कार्यक्रमको माध्यमबाट अनौपचारिक शिक्षा प्रदान गर्न सकिने कुरा उल्लेख गरिएको छ ।

आजभोलि नेपालमा सामुदायिक सिकाइ केन्द्र, खुला विद्यालय, रेडियो तथा टेलिभिजन शिक्षा एवम् विभिन्न सरकारी तथा गैरसरकारी निकायहरूका कार्यक्रमहरू मार्फत् अनौपचारिक शिक्षा प्रदान गरिन्छ । निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर शिक्षा, आय आर्जनको लागि सिप विकास जस्ता कार्यक्रमहरू अनौपचारिक शिक्षासँग सम्बन्धित छन् ।

### ३.५.२ वर्तमान अवस्था

सामुदायिक सिकाइ केन्द्र (community Learning center; CLC) भनेको औपचारिक शिक्षाको पहुँचबाट टाढा रहेका वा विभिन्न कारणले बिचमा पढाइ छोडेका व्यक्तिहरूलाई सिकाइको अवसर प्रदान गर्ने संस्था हो । हाल नेपालमा २१५६ वटा सामुदायिक सिकाइ केन्द्रहरू रहेका छन् । यी केन्द्रहरूमध्ये २१५१ वटा संघीय सरकारको लगानीमा र ५ वटा स्थानीय सरकारको लगानीमा सञ्चालित छन् । कोशी प्रदेशमा संघीय सरकारको लगानीमा ३३३ वटा र स्थानीय सरकारको लगानीमा २ वटा सामुदायिक सिकाइ केन्द्रहरू सञ्चालित छन् । इलाम जिल्लामा सञ्चालित सामुदायिक सिकाइ केन्द्रहरूको सङ्ख्या २५ रहेको छ । इलाम नगरपालिकामा ४ वटा सामुदायिक सिकाइ केन्द्रहरू सञ्चालनमा रहेका छन् ।

इलाम नगरपालिकामा सञ्चालित सामुदायिक सिकाइ केन्द्रहरूको विवरण यसप्रकार छ:-

| क्र.सं. | सामुदायिक सिकाइ केन्द्रको नाम | ठेगाना |
|---|---|---|
| १ | बरबोटे सामुदायिक सिकाइ केन्द्र | इलाम नगरपालिका ५ बरबोटे |
| २ | गोदक सामुदायिक सिकाइ केन्द्र | इलाम नगरपालिका १० गोदक |
| ३ | सोयाक  सामुदायिक सिकाइ केन्द्र | इलाम नगरपालिका ११ सोयाक |
| ४ | हिमचुली  सामुदायिक सिकाइ केन्द्र | इलाम नगरपालिका १२ साङरूम्बा |

खुला विद्यालय भनेको विद्यार्थीहरूले निश्चित समय, स्थान र उमेरको बन्धनमा नपरी आफ्नो अनुकूलता अनुसार पढाइलाई निरन्तरता दिने शैक्षिक प्रणाली हो । यसको मुख्य उद्देश्य आर्थिक, सामाजिक, भौगोलिक वा अन्य कारणले गर्दा नियमित विद्यालय जान नपाएका वा बिचमा पढाइ छोडेका व्यक्तिहरूको लागि शिक्षाको अवसर प्रदान गर्नु हो ।

शैक्षिक सत्र २०८१ मा नेपालमा खुला विद्यालयहरूको सङ्ख्या १२१ रहेको छ । यीमध्ये आधारभूत तह (कक्षा ६-८ ) सञ्चालित विद्यालय ३७ वटा र माध्यमिक तह (कक्षा ९-१०) सञ्चालित विद्यालय ८४ वटा रहेका छन् । इलाम नगरपालिकाको वडा नम्बर ९ मा रहेको भगवती माध्यमिक विद्यालयमा शैक्षिक सत्र २०६७ देखि खुला विद्यालयको कार्यक्रम सञ्चालित छ । यस कार्यक्रम अन्तर्गत प्रथम वर्षमा नै यो कार्यक्रममा ६६ जना विद्यार्थीहरू भर्ना हुनुले खुला विद्यालयको आवश्यकतालाई पुष्टि गरेको थियो । विभिन्न कारणले औपचारिक शिक्षाको अवसरबाट वञ्चित भएका धेरै व्यक्तिहरूले यो कार्यक्रमको माध्यमबाट SLC/SEE उत्तीर्ण गरेर आफ्नो भविष्य निर्माण गरेका छन् । शैक्षिक सत्र २०८१ मा भगवती माध्यमिक विद्यालयमा  यस कार्यक्रममा अध्ययन गर्ने विद्यार्थीको सङ्ख्या १६ थियो । ती मध्ये ३७.५ प्रतिशत विद्यार्थीहरूले SEE उत्तीर्ण गरेका थिए ।

सामुदायिक पुस्तकालय भनेको स्थानीय समुदायका सदस्यहरूको लागि स्थापना गरिएको सबैको पहुँचमा रहेको पुस्तकालय हो । यसको उद्देश्य समुदायका मानिसहरूलाई पढाइ, जानकारी र सिकाइका स्रोतहरू उपलब्ध गराउनु हो । सामुदायिक पुस्तकालय पनि अनौपचारिक शिक्षाको एउटा माध्यम हो । हाल नेपालमा ९२९ वटा जति सामुदायिक पुस्तकालयहरू रहेका

छन्, जसमध्ये कोशी प्रदेशका सामुदायिक पुस्तकालयको सङ्ख्या १५२ रहेको छ। इलाम नगरपालिकामा रहेका सामुदायिक पुस्तकालयहरूको विवरण यस प्रकार छ।

| क्र.सं. | पुस्तकालयको नाम | ठेगाना |
|---|---|---|
| १ | जनकल्याण सामुदायिक पुस्तकालय | इलाम नगरपालिका -४ |
| २ | गजराजसिंह थापा सामुदायिक पुस्तकालय | इलाम नगरपालिका -७ |
| ३ | अमेरिकी कर्नर इलाम | इलाम नगरपालिका -७ |
| ४ | सहिद स्मृति सामुदायिक पुस्तकालय | इलाम नगरपालिका -६ |
| ५ | ज्योति पुस्तकालय | इलाम नगरपालिका |
| ६ | सुपर मेची पुस्तकालय | इलाम नगरपालिका -२ |

### ३.५.३. समस्या र चुनौती

इलाम नगरपालिकामा अनौपचारिक शिक्षाका प्रमुख समस्या र चुनौती निम्न अनुसार रहेका छन्।

- **समस्या**

क. सबै नगरबासीहरूलाई अनौपचारिक शिक्षाको अवसर, प्रकृति र महत्वको बारेमा जानकारी नहुनु,

ख. अनौपचारिक शिक्षाका कार्यक्रमहरूले प्राथमिकता नपाउनु,

ग. नेपाल सरकारको सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड अनुसार सिकाइ केन्द्रहरू सञ्चालन हुन नसक्नु,

घ. खुला विद्यालयको सम्पर्क कक्षामा विद्यार्थीहरूको नियमित उपस्थिति नहुनु,

ङ. खुला विद्यालयको लागि छुटै पाठ्यक्रम र पाठ्यपुस्तक नहुनु,

च. खुला विद्यालयका विद्यार्थीहरूको लागि ऐच्छिक विषय छनोट गर्ने पर्याप्त अवसर नहुनु,

छ. खुला विद्यालयका विद्यार्थीका अभिभावक र विद्यालय बिच सम्पर्क नहुनु,

ज. सामुदायिक पुस्तकालयहरूको लागि समुदायबाट सहयोग प्राप्त नहुनु,

झ. सामुदायिक पुस्तकालयहरूको लागि भौतिक पूर्वाधार र स्थायी आर्थिक श्रोतको अभाव,

ञ. सामुदायिक पुस्तकालयहरूमा समसामयिक र जीवनोपयोगी पुस्तकहरूको अपर्याप्तता।

- **चुनौती**

क. खुला विद्यालयमा कक्षा ११ र १२ अध्यापन गराउने सरकारी नीति नभएकोले विद्यार्थीहरूको शैक्षिक निरन्तरतामा अवरोध।

ख. सामुदायिक सिकाइ केन्द्रहरूको सीमित कोटा।

ग. पठन संस्कृतिमा आएको ह्रास।

### ३.५.४ उद्देश्य

अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ सम्बन्धमा नगर शिक्षा योजनाका उद्देश्यहरू निम्नानुसार छन्।

क. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको क्षेत्रमा सबैको समावेशी तथा समतामूलक पहुँच स्थापित गर्ने,

ख. कार्यमूलक साक्षरता एवम् खुला तथा आजीवन सिकाइका अवसरहरूमा बिस्तार तथा विविधिकरण गर्ने,

ग. खुला विद्यालयलाई औपचारिक शिक्षाको महत्वपूर्ण विकल्पको रूपमा विकास गर्ने,
घ. आजीवन सिकाइ संस्कृतिको विकास गर्नका लागि संस्थागत संरचनाहरूको सुदृढीकरण गर्ने।

### ३.५.५ रणनीति

अनौपचारिक शिक्षा सम्बन्धी रणनीति निम्नानुसारको हुनेछ।

क. सामुदायिक सिकाइ केन्द्रहरूलाई नेपाल सरकारले निर्धारण गरेको मापदण्ड अनुसार सञ्चालन गरिनेछ।
ख. साक्षरताको परिभाषालाई युगसापेक्ष रूपमा परिभाषित गरी आधारभूत साक्षरता (पढ्ने, लेख्ने र गणना गर्ने), डिजिटल साक्षरता, वित्तीय साक्षरता, सञ्चार साक्षरता, स्वास्थ्य साक्षरता, कानुनी साक्षरता, पर्यावरणीय साक्षरता जस्ता विभिन्न आयामहरू सम्बन्धी कार्यक्रमहरू सामुदायिक सिकाइ केन्द्रको माध्यमबाट सञ्चालन गरिनेछ।
ग. स्थानीय सरकारको लगानीमा नगरपालिकाको केन्द्रमा एउटा नमूना सामुदायिक सिकाइ केन्द्र स्थापना गरिनेछ।
घ. नगरपालिकाको नीति तथा कार्यक्रमअन्तर्गत परेका विभिन्न प्रकारका सचेतनामूलक एवम् जीवनोपयोगी आय आर्जनसँग सम्बन्धित प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गर्ने कार्यमा सामुदायिक सिकाइ केन्द्रलाई संलग्न गराइनेछ।
ङ. खुला विद्यालयमा विद्यार्थी सङ्ख्या वृद्धि गर्न सूचनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।
च. खुला विद्यालयका विद्यार्थीहरूको लागि अनलाइन कक्षाको समेत व्यवस्था मिलाइनेछ।
छ. खुला विद्यालयका विद्यार्थीहरूको लागि परामर्श तथा उत्प्रेरणाका कार्यक्रमहरू सञ्चालन गरिनेछ।
ज. खुला विद्यालयका विद्यार्थीहरूको असाइनमेण्टलाई अनलाइन सबमिट गर्ने प्रणालीको विकास गरिनेछ।
झ. खुला विद्यालयका विद्यार्थीहरूको लागि ऐच्छिक बिषय छनौटको सुविधा उपलब्ध गराउन आवश्यक सहयोग गरिनेछ।
ञ. खुला विद्यालयका कमजोर विद्यार्थीहरूको लागि उपचारात्मक कक्षाको व्यवस्था मिलाइनेछ।
ट. सामुदायिक पुस्तकालयहरूमा जीवनोपयोगी र पाठकको चाहना अनुसारका पुस्तकहरू उपलब्ध हुने व्यवस्था मिलाइनेछ।
ठ. सामुदायिक पुस्तकालयलाई डिजिटल लाइब्रेरीको रूपमा पनि विकास गर्दै लागिनेछ।
ड. इलाम नगरगरपालिका भित्रका लेखकहरूबाट सिर्जना तथा प्रकाशन भएका प्रत्येक पुस्तकको एकप्रति सबै सामुदायिक पुस्तकालयहरूमा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।
ढ. विषयवस्तु मिल्दो विषयको आन्तरिक मूल्याङ्कनसँग साक्षरतालाई आवद्ध गरी एक व्यक्ति, एक साक्षर (Each one, Teach one) कार्यक्रम मार्फत् प्रौढ साक्षरताको लागि कक्षा ९ देखि १२ सम्मका विद्यार्थीहरूलाई उपयोग गरिनेछ।
ण. सामुदायिक सिकाइ केन्द्रद्वारा सञ्चालन, व्यवस्थापन, अनुगमन र कार्यक्रमहरूको प्रमाणीकरण गर्नको लागि वडा शिक्षा समितिलाई जिम्मेवार बनाइनेछ।

### ३.५.६ उपलब्धि तथा नतिजा

- **उपलब्धि**

यो नगर शिक्षा योजनाको कार्यान्वयनबाट निम्न अनुसारका उपलब्धिहरू हासिल हुने अपेक्षा गरिएको छ।

क. सबै नगरबासीहरूको लागि अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका अवसरहरूमा समावेशी तथा समतामूलक पहुँच स्थापित भएको हुनेछ।

ख. सबै सामुदायिक सिकाइ केन्द्रहरू नेपाल सरकारको सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड अनुसार सञ्चालन भएका हुनेछन्।
ग. खुला विद्यालयको विद्यार्थी सङ्ख्या र शैक्षिक गुणस्तरमा वृद्धि भएको हुनेछ।
घ. सामुदायिक पुस्तकालयहरूमा पर्याप्त पठन सामग्री र नवीनतम प्रविधिको सुविधा उपलब्ध भएको हुनेछ।

- **नतिजा**

यो नगर शिक्षा योजनाको कार्यान्वयनबाट अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको क्षेत्रमा निम्नानुसारको नतिजा प्राप्त हुनेछ।

| क्र.सं. | सूचकहरू | आधार वर्ष २०८२/०८३ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ |
|---|---|---|---|---|---|---|---|
| १ | मापदण्ड अनुसार सञ्चालित CLC सङ्ख्या | | | १ | ४ | ४ | ४ |
| २ | खुला विद्यालय विद्यार्थी सङ्ख्या | १६ | १६ | २० | ३० | ४० | ५० |
| ३ | खुला विद्यालयमा विद्यार्थी उत्तीर्ण प्रतिशत | ३८ | ३८ | ४० | ५० | ६० | ७० |
| ४ | सामुदायिक पुस्तकालयको सङ्ख्या | ५ | ५ | ६ | ७ | ९ | १३ |

### ३.५.७. प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको क्षेत्रमा निम्नानुसारका क्रियाकलापहरू सञ्चालन हुनेछन्।

| क्र.सं. | क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व. | पाँचौं आ.व. | |
| १ | निरक्षरहरूको तथ्याङ्क संकलन तथा खण्डीकृत डाटावेस तयारी | पटक | | १ | १ | १ | १ | ४ |
| २ | सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण | पटक | | १ | १ | १ | १ | ४ |
| ३ | साक्षरता तथा साक्षरोत्तर कार्यक्रम सञ्चालन | पटक | | १ | १ | १ | १ | ४ |
| ४ | नमुना सामुदायिक सिकाइ केन्द्रको स्थापना | सङ्ख्या | | | १ | | | १ |
| ५ | सहजकर्ताहरूका लागि तालिम | पटक | १ | १ | १ | १ | १ | ५ |
| ६ | आय आर्जनसँग सम्बन्धित तालिम | पटक | | १ | १ | १ | १ | ४ |
| ७ | खुला विद्यालयको लागि मागमा आधारित तालिम | पटक | | १ | १ | १ | १ | ४ |
| ८ | खुला विद्यालयका विद्यार्थीहरूका लागि परामर्श कार्यक्रम | पटक | | १ | १ | १ | १ | ४ |
| ९ | सामुदायिक पुस्तकालय सञ्चालकहरूको भेला | पटक | | १ | १ | १ | १ | ४ |

# परिच्छेद – ४: अन्तर सम्बन्धित विषय तथा क्षेत्र

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

### ४.१.१ परिचय

पाठ्यक्रम शिक्षा पद्धतिलाई मार्गनिर्देशन गर्ने एक महत्वपूर्ण औजार हो। यो विद्यार्थीहरूलाई तहगत, कक्षागत र विषयगत रूपमा के सिकाउने, कति सिकाउने, कसरी सिकाउने, किन सिकाउने र उनीहरूले सिक्न सके कि सकेनन् भन्ने जिज्ञासालाई सम्बोधन गर्दै उनीहरूमा न्यूनतम सक्षमताहरू हासिल गराउने मुख्य सामग्री हो। नेपालमा विद्यालय तहको पाठ्यक्रमको दस्तावेजीकरण गर्ने कार्य वि.सं. २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजनाबाट प्रारम्भ भएको पाइन्छ। विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजको रूपमा वि.सं. २०६३ सालमा राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार भयो। यस कार्यलाई निरन्तरता दिँदै राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ तयार भएर विद्यालय तहका सबै कक्षाहरूमा कार्यान्वयन भएको छ।

पाठ्यपुस्तक भनेको पाठ्यक्रमको आधारमा तयार पारिएको विद्यार्थीहरूले प्रयोग गर्ने महत्वपूर्ण शैक्षिक सामग्री हो। नेपालमा जनक शिक्षा सामग्री केन्द्र र निजी प्रकाशनहरूले पाठ्यपुस्तक प्रकाशन गर्छन्। सामुदायिक विद्यालयका पाठ्यपुस्तकहरू जनक शिक्षा सामग्री केन्द्रले र संस्थागत विद्यालयहरूका पाठ्यपुस्तकहरू निजी संस्थाहरूले प्रकाशन गर्दछन्।

मूल्याङ्कन भनेको विद्यार्थीले सिकेको ज्ञान, सीप र व्यवहार मापन गर्ने प्रक्रिया हो। मूल्याङ्कनले विद्यार्थीको प्रगति र कमजोरी पत्ता लगाउन एवम् शिक्षण पद्धतिमा सुधार गर्न र भविष्यको योजना बनाउनमा सहयोग पुर्‍याउँछ। मूल्याङ्कन निर्माणात्मक र निर्णयात्मक गरेर २ प्रकारको हुन्छ।

### ४.१.२ वर्तमान अवस्था

हाल नेपालमा आधारभूत तह कक्षा १-३, कक्षा ४-५ र कक्षा ६-८ मा छुट्टाछुट्टै पाठ्यक्रम निर्माण गरेर कार्यान्वयनमा ल्याइएको छ। कक्षा १-३ को लागि एकीकृत पाठ्यक्रम लागू गरिएको छ। आधारभूत तहको कक्षा १ देखि ८ सम्म एउटा स्थानीय विषयको पाठ्यक्रम तयार गरेर लागू गर्ने जिम्मा स्थानीय तहलाई दिइएको छ। यसैगरी माध्यमिक तहको कक्षा ९-१० र कक्षा ११-१२ मा पनि अलग अलग पाठ्यक्रम तयार गरेर प्रयोगमा ल्याइएको छ। माध्यमिक तहको पाठ्यक्रममा प्राविधिक धारको पनि व्यवस्था गरिएको छ। कक्षा ११ र १२ को पाठ्यक्रमलाई एकल पथीय (Single-Track) बनाउने प्रयास गरिएको छ। इलाम नगरपालिकाका विद्यालयहरूले पनि यही व्यवस्थालाई कार्यान्वयन गरिरहेका छन्।

यहाँका विद्यालयहरूमा पाठ्यक्रम विकास केन्द्रले तयार पारेको पाठ्यक्रम अनुसारका पाठ्यपुस्तकहरू पढाइ भइरहेका छन्। यहाँका विद्यालयहरूले प्रयोग गरेको पाठ्यक्रम एउटै भए तापनि पाठ्यपुस्तकको प्रयोगमा चाहिँ विविधता रहेको छ। इलाम नगरपालिका भित्रका सामुदायिक विद्यालयहरूले जनक शिक्षा सामग्री केन्द्रले प्रकाशन गरेका पाठ्यपुस्तकहरू प्रयोग गर्छन् भने संस्थागत विद्यालयहरूले प्राय: निजी प्रकाशनका पाठ्यपुस्तकहरू प्रयोग गर्छन्। सबै संस्थागत विद्यालयहरूले प्रयोग गर्ने पाठ्यपुस्तकमा पनि एकरूपता छैन। यो नगरपालिकाले आधारभूत तहको लागि 'इलामको सेरोफेरो' नामक स्थानीय पाठ्यक्रम तयार गरी कार्यान्वयनमा ल्याएको छ। शैक्षिक सत्र २०७९ देखि यो पाठ्यक्रम अनुसारको कक्षा १-५ को स्थानीय पाठ्यपुस्तक 'इलामको सेरोफेरो' प्रकाशन

भई पठनपाठन भइरहेको छ भने कक्षा ६-८ का पाठ्यपुस्तकहरू प्रकाशोन्मुख अवस्थामा रहेका छन् । आधारभूत र माध्यमिक दुवै तहका सामुदायिक विद्यालयहरूमा नि:शुल्क रूपमा पाठ्यपुस्तक उपलब्ध गराइएको छ ।

विद्यार्थी मूल्याङ्कनको सम्बन्धमा पाठ्यक्रमले निर्धारण गरेको प्रक्रिया अनुसार नै इलाम नगरपालिकाका विद्यालयहरूमा पनि मूल्याङ्कन हुने गरेको छ । आधारभूत तहको अन्त्यमा लिइने कक्षा ८ को बाह्य परीक्षा नगरपालिकाले सञ्चालन गर्ने गरेको छ ।

### ४.१.३ समस्या र चुनौतीहरू

- **समस्याहरू:**

क. विद्यालयको पाठ्यक्रम व्यावहारिक र जीवनोपयोगी हुन नसक्नु ।
ख. सबै विद्यालयमा समयमा नै पाठ्यपुस्तक पुग्न नसक्नु ।
ग. निर्माणात्मक मूल्याङ्कन प्रणालीको कम प्रयोग हुनु ।
घ. सबै विद्यालयमा पाठ्यक्रम, शिक्षक निर्देशिका र स्वाध्ययन सामग्रीहरू पर्याप्त मात्रामा नहुनु ।
ङ. स्थानीय विषयको शिक्षक निर्देशिका नहुनु ।
च. सिकाइ सहजीकरण प्रक्रियामा पाठ्यक्रमको प्रयोग कम हुनु ।

- **चुनौतीहरू:**

क. पाठ्यक्रमलाई भन्दा पाठ्यपुस्तकलाई बढी महत्व दिने परम्परा ।
ख. सामुदायिक र संस्थागत विद्यालयहरूमा बेग्लाबेग्लै पाठ्यपुस्तक प्रयोग ।
ग. स्थानीय पाठ्यपुस्तकको प्रकाशन र वितरणको निरन्तरताको आर्थिक चुनौती ।
घ. निर्णयात्मक मूल्याङ्कन पद्धतिलाई प्राथमिकता ।
ङ. स्मृतिमा आधारित मूल्याङ्कन प्रणाली ।
च. पुरानो पाठ्यपुस्तक प्रयोग गर्ने प्रचलनको अभाव ।

### ४.१.४ उद्देश्य

क. राष्ट्रिय पाठ्यक्रम प्रारूपले निर्धारण गरेको पाठ्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु ।
ख. आधारभूत तहको लागि स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक तयार गरी कार्यान्वयन गर्नु ।
ग. निरन्तर, आवधिक र स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु ।
घ. मूल्याङ्कन प्रणालीलाई बढी व्यावहारिक, मापनीय र विश्वसनीय बनाउनु ।

### ४.१.५ रणनीति

क. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुसारको पाठ्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।
ख. सबै विद्यालयहरूमा समयमा नै पाठ्यपुस्तक उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

ग. सबै विद्यालयहरूमा पाठ्यक्रम, शिक्षक निर्देशिका र स्वाध्ययन सामग्रीहरू उपलब्ध गराइनेछ।
घ. पाठ्यक्रम, पाठ्यपुस्तक र मूल्याङ्कन प्रक्रियाको प्रयोगको विषयमा शिक्षकहरूलाई अभिमुखीकरण गरिनेछ।
ङ. परियोजना कार्य, प्रयोगात्मक अभ्यास र निर्माणात्मक मूल्याङ्कनमा जोड दिइनेछ।
च. स्थानीय विषयको पाठ्यक्रम र पाठ्यपुस्तक तयार गरी प्रयोगमा ल्याइनेछ।
छ. स्थानीय विषयको शिक्षक निर्देशिका र निरन्तर विद्यार्थी मूल्याङ्कन अभिलेखीकरण फारम तयार गरी प्रयोगमा ल्याइनेछ।
ज. विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट सिकाइ सहजीकरण गर्ने प्रणालीको विकास गरिनेछ।

### ४.१.६ उपलब्धि तथा नतिजा

- **उपलब्धि**

यो नगर शिक्षा योजनाको कार्यान्वयनबाट निम्नानुसारको उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छ।

क. पाठ्यक्रममा आधारित सिकाइ सहजीकरणबाट सिकारुको ज्ञान, सीप र व्यवहारमा सकारात्मक परिवर्तन भएको हुनेछ।
ख. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्रीको निर्माण र प्रभावकारी कार्यान्वयन भएको हुनेछ।
ग. निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन भई विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ।

- नतिजा

| क्र. सं. | सूचक | आधार वर्ष २०८२/०८३ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ |
|---|---|---|---|---|---|---|---|
| १ | निर्धारित पाठ्यक्रम, पाठ्यपुस्तक, र शिक्षक निर्देशिका प्रयोग गर्ने विद्यालय | ७२ | ७२ | ७२ | ७२ | ७२ | ७२ |
| २ | स्तरीकृत प्रश्नपत्र प्रयोग गर्ने विद्यालय | ६८ | ६८ | ६८ | ६८ | ६८ | ७२ |
| ३ | निरन्तर विद्यार्थी मूल्याङ्कन प्रयोग गर्ने विद्यालय सङ्ख्या | ४६ | ४६ | ७२ | ७२ | ७२ | ७२ |
| ४ | समयमा नै पाठ्यपुस्तक उपलब्ध गराउने विद्यालय | ४६ | ४६ | ४६ | ४६ | ४६ | ४६ |
| ५ | कक्षा १-३ को स्थानीय पाठ्यपुस्तक प्रयोग गर्ने विद्यालय सङ्ख्या | ७२ | ७२ | ७२ | ७२ | ७२ | ७२ |
| ६ | कक्षा ४-५ को स्थानीय पाठ्यपुस्तक प्रयोग गर्ने विद्यालयको सङ्ख्या | ६७ | ६७ | ६७ | ६७ | ६७ | ६७ |
| ७ | कक्षा ६-८ को स्थानीय पाठ्यपुस्तक प्रयोग गर्ने विद्यालय सङ्ख्या | - | - | - | ४४ | ४४ | ४४ |

### ४.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

योजनाको कार्यान्वयनको लागि गरिने प्रमुख क्रियाकलापहरू यस प्रकार रहेका छन्।

| क्र.सं. | क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व. | पाँचौं आ.व. | |
| १ | पाठ्यक्रम र पाठ्यपुस्तक अभिमुखीकरण | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | मूल्याङ्कन प्रक्रिया सम्बन्धी अभिमुखीकरण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ३ | स्थानीय विषयको पाठ्यपुस्तक वितरण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ४ | नतिजा विश्लेषण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ५ | स्थानीय विषयको पाठ्यपुस्तक वितरण | विद्यालय | ७२ | ७२ | ७२ | ७२ | ७२ | ७२ |
| ६ | स्थानीय विषयको शिक्षक निर्देशिका र निरन्तर मूल्याङ्कन फाराम निर्माण र वितरण | पटक | | | | १ | १ | २ |
| ७ | प्रश्नपत्र एवम् उत्तरकुञ्जिका निर्माण कार्यशाला | पटक | १ | १ | १ | १ | १ | ५ |

### ४ २. शिक्षक व्यवस्थापन

### ४.२.१ परिचय

पाठ्यक्रमले निर्धारण गरेको विषयवस्तुलाई विद्यार्थीसम्म पुऱ्याएर अपेक्षित सिकाइ उपलब्धि हासिल गर्नको लागि शिक्षकको महत्त्वपूर्ण भूमिका रहन्छ। आफ्नो पेशाप्रति सन्तुष्ट, दक्ष र अभिप्रेरित शिक्षकबाट मात्रै सिकाइलाई प्रभावकारी र चिरस्थायी बनाउन सकिन्छ। शिक्षकलाई सम्बन्धित विषयवस्तु र नवीनतम शिक्षण कलामा दक्ष, पेशाप्रति समर्पित र ऊर्जाशील बनाउन उचित प्रकारको शिक्षक व्यवस्थापन आवश्यक छ। श्रम बजारमा रहेको गुणस्तरीय जनशक्तिलाई शिक्षण पेशाप्रति आकर्षित गर्नु र कार्यक्षेत्रमा रहेका दक्ष शिक्षकहरूलाई शिक्षण कार्यमा टिकाइ राख्नु आजको आवश्यकता हो। शिक्षक व्यवस्थापन अन्तर्गत शैक्षिक जनशक्तिको उत्पादन, आवश्यक शिक्षक दरबन्दीको व्यवस्था, शिक्षकको पदपूर्ति, तालिम, पेशागत सुरक्षा एवम् शिक्षकहरूको वृत्ति विकास जस्ता कुराहरू पर्दछन्। शिक्षा सम्बन्धी विभिन्न प्रतिवेदनहरूले शिक्षक व्यवस्थापनको लागि शिक्षकको प्राज्ञिक योग्यता र तालिम दुवैलाई उत्तिकै महत्त्व दिएका छन्। उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदनले पनि शिक्षकको समुचित व्यवस्थापनबाट मात्रै गुणस्तरीय शिक्षा हासिल हुने कुरा जनाएको छ।

हाल नेपालमा शिक्षक उत्पादन गर्ने कार्य विद्यालय र विश्वविद्यालयहरूले गरिरहेका छन्। शिक्षक अध्यापन अनुमति पत्र प्रदान गर्ने, शिक्षक छनोट र सिफारिस गर्ने एवम् शिक्षकको बढुवा सम्बन्धी प्रक्रिया पूरा गर्ने कार्य शिक्षक सेवा आयोगले गर्दै आएको छ। यसै गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्र, विद्यालय शिक्षक किताबखाना, शिक्षा विकास निर्देशनालय, शिक्षा तालिम केन्द्र, शिक्षा विकास तथा समन्वय इकाइ, स्थानीय तह र विद्यालयहरू पनि शिक्षक व्यवस्थापनको कार्यमा संलग्न छन्। शिक्षक व्यवस्थापन कार्यलाई योजनाबद्ध ढंगबाट अघि बढाउने कार्यमा इलाम नगरपालिका पनि लागिरहेको छ।

### ४.२.२ वर्तमान अवस्था

**अ. शिक्षक विवरणः** विद्यालयको तहगत संरचना र सेवाको प्रकृति अनुसार यस नगरपालिकामा सेवारत शिक्षकहरूको विवरण यस प्रकार छ।

**शिक्षक तथा कर्मचारी विवरण २०८२ (प्राविधिक धार समेत)**

| क्र.सं. | तह | महिला | | | | | पुरुष | | | | | जम्मा | | | | | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | | | | अस्थायी | स्थायी | | | | अस्थायी | स्थायी | | | | अस्थायी | |
| | | प्र. | द्वि. | तृ. | जम्मा | | प्र. | द्वि. | तृ. | जम्मा | | प्र. | द्वि. | तृ. | जम्मा | | |
| १ | उच्च माध्यमिक | ० | ० | ० | ० | ४ | ० | | | ० | १६ | ० | ० | ० | ० | २० | २० |
| २ | माध्यमिक | ० | ० | ८ | ८ | ४ | १ | ९ | १६ | २६ | १४ | १ | ९ | २४ | ३४ | १८ | ५२ |
| ३ | निम्न माध्यमिक | ० | ३ | १५ | १८ | ५ | १ | १२ | २० | ३३ | १६ | १ | १५ | ३५ | ५१ | २१ | ७२ |
| ४ | प्राथमिक | ४ | ३७ | ६५ | १०६ | १९ | ६ | ३० | ६० | ९६ | ६ | १० | ६७ | १२५ | २०२ | २५ | २२७ |
| ५ | सहजकर्ता | ० | ० | ० | ० | ६६ | ० | ० | ० | ० | २ | ० | ० | ० | ० | ६८ | ६८ |
| ६ | कर्मचारी | ० | ० | ० | ० | २८ | ० | ० | ० | ० | ३२ | ० | ० | ० | ० | ६० | ६० |
| जम्मा | | ४ | ४० | ८८ | १३२ | १२६ | ८ | ५१ | ९६ | १५५ | ८६ | १२ | ९१ | १८४ | २८७ | २१२ | ४९९ |

**आ. नयाँ अभ्यासः** इलाम नगरपालिकाले शिक्षक व्यवस्थापनको क्षेत्रमा निम्नानुसारका नयाँ अभ्यासहरू गरेको छ।

क. रिक्त दरबन्दीमा करार शिक्षकहरूको पदपूर्ति गर्नको लागि नगरपालिका स्तरीय पदपूर्ति समितिको व्यवस्था।
ख. शिक्षकहरूको लागि डिजिटल हाजिरीको व्यवस्था।
ग. शिक्षकहरूको तलब भत्ता मासिक रूपमा नगरपालिकाले सिधै शिक्षकहरूको बैंक खातामा निकासा गरिदिने व्यवस्था।
घ. शिक्षकहरूको कर्मचारी सञ्चय कोष र सावधिक बिमा कोष नगरपालिकाले एकमुष्ट रूपमा जम्मा गर्ने व्यवस्था।
ङ. वार्षिक रूपमा उत्कृष्ट शिक्षक छनोट गरी नगर शिक्षा पदक प्रदान गर्ने कार्य।

### ४.२.३ समस्या र चुनौती

इलाम नगरपालिकामा शिक्षक व्यवस्थापनको क्षेत्रमा देखिएका केही समस्या र चुनौतीहरू यस प्रकार रहेका छन्।

- **समस्या**

  क. दरबन्दी मिलानको समस्या।
  ख. गणित र विज्ञान विषयका शिक्षकको अपर्याप्तता।
  ग. प्राविधिक धारका प्रशिक्षकहरू लामो समयसम्म विद्यालयमा नटिक्नु।
  घ. अधिकांश पुराना शिक्षकहरूमा कम्प्युटर र प्रविधि सम्बन्धी ज्ञानको अभाव।
  ङ. आधारभूत तहका शिक्षकहरूमा विषयगत सन्तुलनको अभाव र माध्यमिक तहमा शिक्षक दरबन्दीको अपर्याप्तता।

च. सबै शिक्षकहरूलाई यथासमयमा TPD तालिमको अवसर प्राप्त नहुनु ।
छ. प्रसुति बिदा र दरबन्दी खाली भएर पदपूर्ति हुने क्रममा रहेका शिक्षकहरूको कक्षा खाली हुने समस्या ।

- **चुनौती**

क. शिक्षण पेशा प्रतिको आकर्षणमा कमी ।
ख. विभिन्न प्रक्रियाको नियुक्ति र फरक फरक सेवा, शर्त र सुविधा भएका शिक्षकहरूको व्यवस्थापन ।
ग. बाल शिक्षक र साविक उच्च माध्यमिक तहका शिक्षक, राहत अनुदान कोटाका शिक्षक एवम् प्राविधिक धारका प्रशिक्षकहरूको सेवा सुरक्षाको अनिश्चितता ।
घ. गणित, विज्ञान र कम्प्युटर विषयका जनशक्तिको विदेश पलायन ।
ङ. विद्यालय र विश्वविद्यालयमा उत्कृष्ट अङ्क हासिल गरेका विद्यार्थीहरू सोझै शिक्षण पेशामा प्रवेश गराउनमा कानुनी अवरोध ।
च. शिक्षक लाइसेन्सको प्रयोगमा जटिलता ।

### ४.२.४ उद्देश्य

क. तहगत, कक्षागत र विषयगत रूपमा शिक्षकको व्यवस्थापन गर्नु ।
ख. शिक्षकको पेशागत क्षमता अभिवृद्धि गर्नु ।
ग. शिक्षक सक्षमता प्रारूपको प्रभावकारी कार्यान्वयन गर्नु ।
घ. शिक्षकको वृत्ति विकास र पेशागत सुरक्षाको सुनिश्चितता गर्नु ।

### ४.२.५ रणनीति

क. शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गरिनेछ ।
ख. शिक्षक बिदामा रहेको समयमा वा दरबन्दी पूर्तिको क्रममा शिक्षक अभाव हुन नदिन स्वयंसेवक शिक्षक तथा विज्ञहरूको समूह सूची तयार गरी विद्यालयमा शिक्षण गर्ने अवसर प्रदान गरिनेछ ।
ग. शिक्षक छनोट, नियुक्ति, तालिम, बढुवा एवम् प्रोत्साहन प्रणालीलाई पारदर्शी एवम् अनुमानयोग्य बनाइनेछ ।
घ. उत्कृष्ट शिक्षकलाई नगर शिक्षा पदक प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
ङ. नवप्रवेशी शिक्षक, प्रधानाध्यापक एवम् स्वयंसेवक शिक्षकहरूलाई अभिमुखीकरण गरी कार्यथलोमा पठाइनेछ ।
च. शिक्षकको पेशागत विकास र क्षमता अभिवृद्धिका लागि नगरपालिका स्तरमा शिक्षक सहायता संयन्त्र (Teacher Support Mechanism) को व्यवस्था गरिनेछ ।
छ. शिक्षकको क्षमता विकासका लागि विषयगत/थिमगत आधारमा सिकाइका लागि आमनेसामने/अनलाइन अन्तर्क्रिया, गोष्ठी र कार्यशाला सञ्चालन गरी सिकाइका अवसरहरू प्रदान गरिनेछ ।
ज. शिक्षकलाई अनुसन्धानमूलक कार्यमा उत्प्रेरित गर्न नगरपालिकास्तरीय शिक्षक जर्नल प्रकाशन गरिनेछ ।
झ. शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग आवद्ध गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गरिनेछ ।

ञ. शिक्षकहरूको लागि असल अभ्यासहरूको आदान प्रदान गर्न अन्तरक्रिया तथा अवलोकन भ्रमणका कार्यक्रमहरूको व्यवस्था गरिनेछ।

### ४.२.६ उपलब्धि तथा नतिजा

- **उपलब्धि**

क. शिक्षक दरबन्दी मिलान कार्य सम्पन्न भई सबै विद्यालयहरूमा कक्षागत र विषयगत शिक्षकको व्यवस्था भएको हुनेछ।
ख. सबै विद्यालयहरूले दक्ष, जिम्मेवार, पेशाप्रति प्रतिबद्ध र ऊर्जाशील शिक्षकहरू प्राप्त गरेका हुनेछन्।
ग. शिक्षकहरूले पेशागत तालिम, प्रोत्साहन र वृत्ति विकासको अवसर प्राप्त गरेका हुनेछन्।
घ. शिक्षकहरूले पेशागत सुरक्षा र आत्मसम्मानको अनुभूति गरेका हुनेछन्।
ङ. शिक्षक सरुवा र वृत्ति विकासको लागि पारदर्शी, अनुमानयोग्य र वस्तुनिष्ठ आधार सहितको पद्धति विकास भएको हुनेछ।
च. आवश्यकता अनुसार स्वयंसेवक तथा घुम्ती शिक्षकको व्यवस्था भएको हुनेछ।
छ. इलाम नगरपालिकाबाट निश्चित मापदण्डका आधारमा उत्कृष्ट शिक्षकहरू सम्मानित भएका हुनेछन्।
ज. प्रत्येक वर्ष नगर शिक्षा शाखाबाट शैक्षिक अनुसन्धानात्मक जर्नल प्रकाशित भएको हुनेछ।

- **नतिजा**

नगर शिक्षा योजनाको कार्यान्वयनबाट निम्न अनुसारको नतिजा प्राप्त भएको हुनेछ।

| क्र.सं. | सूचक | आधार वर्ष २०८२/८३ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकासमा तालिम प्राप्त शिक्षक सङ्ख्या | ७१ | ७१ | ७१ | ७१ | ७१ | ७१ |
| २ | आधारभूत तहमा तालिम प्राप्त शिक्षक सङ्ख्या | ३०२ | ३०२ | ३०२ | ३०२ | ३०२ | ३०२ |
| ३ | माध्यमिक तहमा तालिम प्राप्त शिक्षक सङ्ख्या | ७६ | ७६ | ७६ | ७६ | ७६ | ७६ |
| ४ | सूचना तथा प्रविधि सम्बन्धी न्यूनतम सक्षमता भएका शिक्षक प्रतिशत | ५१ | ५१ | ५६ | ६१ | ६६ | ७१ |
| ५ | TPD तालिम पूरा गरेका शिक्षक प्रतिशत | ८० | ८० | ८२ | ८४ | ८६ | ८८ |
| ६ | मेन्टरिङ कार्यक्रम पूरा गरेका शिक्षक सङ्ख्या | ३५ | ३५ | ३७ | ४० | ४५ | ५० |
| ७ | कक्षागत र विषयगत दरबन्दी पूरा भएका विद्यालयको प्रतिशत | ८.६९ | ८.६९ | १० | १५ | २० | २५ |

### ४.२.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

नगर शिक्षा योजना कार्यान्वयन गर्नका लागि निम्नानुसारका क्रियाकलापहरू गरिनेछ ।

| क्र.सं. | क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य ( ५ वर्ष) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व | दोस्रो आ.व | तेस्रो आ.व | चौथो आ.व | पाँचौं आ.व | |
| १ | दरबन्दी मिलान तथा पुनर्वितरण | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | शिक्षण सुधार योजना निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ३ | शैक्षिक सामग्री निर्माण कार्यशाला | पटक | १ | १ | १ | १ | १ | ५ |
| ४ | प्रश्न पत्र निर्माण कार्यशाला | पटक | १ | १ | १ | १ | १ | ५ |
| ५ | मागमा आधारित तालिम | पटक | १ | १ | १ | १ | १ | ५ |
| ६ | प्रविधिमैत्री शिक्षण तालिम | पटक | १ | १ | १ | १ | १ | ५ |
| ७ | शैक्षिक जर्नल प्रकाशन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ८ | उत्कृष्ट शिक्षक सम्मान | पटक | १ | १ | १ | १ | १ | ५ |
| ९ | अन्तर विद्यालय अवलोकन भ्रमण | पटक | | १ | १ | १ | १ | ४ |

## ४ ३. शैक्षिक समता र समावेशीकरण

### ४.३.१ परिचय

शिक्षाको मूल प्रवाहभन्दा बाहिर रहेका वा वञ्चितीकरणमा परेका बालबालिकाहरूलाई समेत समावेश गरेर शिक्षा प्रदान गर्नु समावेशी शिक्षा हो । सबै बालबालिकाहरूले एउटै प्रक्रियाबाट उही समयमा त्यही कुरा सिक्न सक्दैनन् । त्यसैले अपाङ्गता भएका, कार्यगत सीमितता तथा सिकाइमा कठिनाइ भएका बालबालिकाहरूको समेत पहुँचमा हुने गरी शिक्षाको व्यवस्था गर्नुपर्छ । समाजमा रहेका हरेक वर्ग, क्षेत्र, समुदाय र जातजातिका बालबालिकाहरूले उनीहरूको आवश्यकता र चाहना अनुसारको शिक्षा प्राप्त गर्ने अवसर पाउनुपर्छ । नेपालको संविधानले नेपाललाई समावेशी राष्ट्रको रूपमा अगाडि बढाउने अठोट गरेको छ । संविधानमा अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकले कानुन बमोजिम निःशुल्क शिक्षा पाउने एवम् दृष्टिविहीन नागरिक तथा सुस्त श्रवण र बोलाइ सम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट निःशुल्क शिक्षा दिने कुरा मौलिक हकको रूपमा उल्लेख गरिएको छ । शिक्षा नीति, २०७६ ले पनि शिक्षामा समता र समावेशिता अभिवृद्धि गर्नका लागि विभिन्न नीतिहरू तय गरेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ र नियमावली २०७७ ले अपाङ्गता भएका व्यक्ति तथा आर्थिक र सामाजिक रूपले पछाडि परेका समुदायलाई छात्रवृत्ति तथा नेपाल सरकारले तोकिदिए बमोजिमका शैक्षिक संस्थाहरूद्वारा निःशुल्क रूपमा विद्यालय शिक्षा, उच्च शिक्षा र प्राविधिक तथा व्यावसायिक शिक्षा उपलब्ध गराउने प्रावधान राखेको छ ।

### ४.३.२ वर्तमान अवस्था

समावेशी शिक्षाको सम्बन्धमा इलाम नगरपालिकाको वर्तमान अवस्थालाई हेर्दा यहाँ शैक्षिक सत्र २०८२ मा प्रारम्भिक बालविकास देखि कक्षा १२ सम्म जम्मा १२,५०१ जना विद्यार्थीहरू अध्ययनरत छन्। तीमध्ये छात्रा ५९५०, दलित ९२५, जनजाति ७५४८ र अपाङ्गता भएका विद्यार्थीहरू ८९ जना रहेका छन्। अपाङ्गता भएका विद्यार्थीहरूको कक्षागत विवरण यस प्रकार रहेको छ।

| क्र.सं | कक्षा | सामुदायिक | | | संस्थागत | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | पूर्वप्राथमिक | ५ | २ | ७ | २ | ० | २ | ७ | २ | ९ |
| २ | कक्षा १-५ | २० | २१ | ४१ | ४ | १० | १४ | २४ | ३१ | ५५ |
| ३ | कक्षा ६-८ | ५ | ८ | १३ | ३ | ० | ३ | ८ | ८ | १६ |
| ४ | कक्षा ९-१० | २ | ० | २ | २ | ० | २ | ४ | ० | ४ |
| ५ | कक्षा ११- १२ | १ | ३ | ४ | १ | ० | १ | २ | ३ | ५ |
| जम्मा | | ३३ | ३४ | ६७ | १२ | १० | २२ | ४५ | ४४ | ८९ |

### ४.३.३ समस्या र चुनौतीहरू:

- **समस्याहरू:**

क. सिकाइ सहजीकरण क्रियाकलापलाई सिकारुको वैयक्तिक आवश्यकता र चाहना अनुरूपको बनाउन नसक्नु।
ख. पुस्तकालय, सूचना तथा सञ्चार प्रविधिको प्रयोग र सह तथा अतिरिक्त क्रियाकलापमा समावेशी पहुँच सुनिश्चित गर्न नसक्नु।

- **चुनौतीहरू:**

क. समुदाय तथा सरोकारवालाहरूमा समावेशी शिक्षा सम्बन्धमा समान बुझाई विकास गर्नु।
ख. सबै प्रकृतिका सरोकारवालाहरूको पहुँचयुक्त संरचना तथा सिकाइ वातावरणको सुनिश्चितताका लागि शिक्षामा लगानी वृद्धि गर्नु।

### ४.३.४ उद्देश्य:

क. शिक्षामा लक्षित समूहका बालबालिकाको समावेशी रूपमा समतामूलक पहुँच सुनिश्चित गर्नु।
ख. लक्षित समूहका बालबालिकाको सिकाइ सहभागितामा वृद्धि तथा सिकाइ उपलब्धि सुधार गर्नु।
ग. विद्यालयमा कुनै पनि प्रकारको विभेद तथा दुर्व्यवहार नहुने सुनिश्चितता गरी बालबालिकाको नियमित उपस्थिति, सहभागिता र सिकाइ सहज हुने वातावरण सिर्जना गर्नु।

### ४.३.५ रणनीतिः

क. विद्यालयका भौतिक संरचनाहरूलाई बालमैत्री, लैङ्गिकमैत्री, प्रविधिमैत्री र अपाङ्गतामैत्री बनाइनेछ।
ख. अपाङ्गताको प्रारम्भिक लेखाजोखा गरेर यसका प्रकारहरू र अवस्थाको पहिचान गरी विशेष कार्यक्रमको माध्यमबाट उपयुक्त प्रकारको समावेशी शिक्षाको प्रबन्ध गरिनेछ।
ग. लोपोन्मुख, अति विपन्न, जोखिममा रहेका, अपाङ्गता वा कार्यगत सीमितता भएका बालबालिकाहरूको लागि छात्रवृत्तिको व्यवस्था गरिनेछ।
घ. विद्यालयमा सरसफाइ एवम् स्वच्छता सम्बन्धी सेवा तथा किशोरी लक्षित महिनावारी स्वच्छता सम्बन्धी सेवा प्रदान गरिनेछ।
ङ. सबै विद्यालयहरूमा लैङ्गिक फोकल पर्सनको व्यवस्था गरिनेछ।
च. शिक्षकहरूलाई शैक्षिक समता समावेशीकरण सम्वन्धी तालिम दिइनेछ।
छ. सबै विद्याललयमा बालकालिका तथा समावेशी शिक्षा सञ्जाल गठन गरिनेछ।
ज. विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, बहिष्कार र हेपाइ नहुने सुनिश्चितता सहितको बालमैत्री वातावरण सिर्जना गरिनेछ।
झ. सबै बालबालिकाहरूको आवश्यकता सम्बोधन गर्न सिकाइको विश्वव्यापी ढाँचा अनुसार बहुविधि र बहुसामग्री सहितको शिक्षा पद्धति विकास गरिनेछ।

### ४.३.६ उपलब्धि तथा नतिजाः

- **उपलब्धि**

क. लक्षित समूहका बालबालिकाहरूको शिक्षामा समतामूलक पहुँच सुनिश्चित भई सिकाइ उपलब्धिमा सुधार भएको हुनेछ।
ख. लक्षित समूहका बालबालिकाहरूको लागि कुनै पनि प्रकारको विभेद नभएको अवस्था सिर्जना भएको हुनेछ।

- **नतिजा**

| क्र.सं. | सूचकहरू | आधार वर्ष | शैक्षिक सत्र | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २०८२/०८३ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८७/०८८ |
| १ | कार्यक्रम कार्यान्वयन निर्देशिकाको आधारमा लक्षित समूहले छात्रवृत्ति पाउने विद्यालय | ४६ | ४६ | ४६ | ४६ | ४६ | ४६ |
| २ | Gender Equity and Social Inclusion (GESI) सम्बन्धी तालिम प्राप्त शिक्षक सङ्ख्या | - | - | २३ | ४६ | ४६ | ४६ |
| ३ | लैङ्गिक फोकल पर्सन भएका विद्यालयको सङ्ख्या | ४६ | ४६ | ७२ | ७२ | ७२ | ७२ |
| ४ | बालबालिका तथा सामाजिक सञ्जाल गठन भएका विद्यालयको सङ्ख्या | - | - | ७२ | ७२ | ७२ | ७२ |

### ४.३.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः

**नगर शिक्षा योजना कार्यान्वयन गर्नका लागि निम्न अनुसारका क्रियाकलापहरू गरिनेछन् ।**

| क्र.सं. | क्रियाकलापहरू (Activities) | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | एकाइ | पहिलो आ.व | दोस्रो आ.व | तेस्रो आ.व | चौथो आ.व | पाँचौं आ.व | जम्मा |
| १ | अपाङ्गताको प्रकार र अवस्थाको सर्वेक्षण | पटक | | | १ | १ | १ | ३ |
| २ | विद्यालयमा बालमैत्री, अपाङ्गता मैत्री र लैङ्गिक मैत्री भौतिक संरचना निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ३ | कार्यक्रम कार्यान्वयन निर्देशिकाको आधारमा छात्रवृत्ति वितरण | निरन्तर | १ | १ | १ | १ | १ | ५ |
| ४ | समावेशी शिक्षा सम्बन्धी रणनीतिक योजना निर्माण | पटक | - | - | १ | - | - | १ |
| ५ | शिक्षकहरूलाई शैक्षिक समता र समावेशीकरण सम्बन्धी तालिम | पटक | | | १ | १ | १ | ३ |
| ६ | लक्षित समूहको आवश्यकता अनुसारको शैक्षिक सामग्री निर्माण | पटक | | | १ | १ | १ | ३ |
| ७ | समता र समावेशीकरण सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ परिचय

विद्यालय जाने बालबालिकाहरूको लागि पौष्टिक खाजाको व्यवस्था गरेर उनीहरूको शारीरिक, मानसिक तथा शैक्षिक विकासमा सहयोग पुऱ्याउने अभिप्रायले नेपाल सरकारले दिवा खाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रम ल्याएको छ । दिवा खाजा कार्यक्रम आर्थिक वर्ष २०७७/०७८ देखि लागु भएको हो । यो कार्यक्रम अन्तर्गत सबै सामुदायिक विद्यालयमा अध्ययन गर्ने प्रारम्भिक बाल विकासदेखि कक्षा ५ सम्मका विद्यार्थीहरूका लागि दिवा खाजाको व्यवस्थापन गर्न सरकारले प्रतिदिन प्रति विद्यार्थी रु. २०/- बराबरको बजेट विनियोजन गरेको छ । यो कार्यक्रमबाट बालबालिकाको स्वास्थ्यमा सुधार आउनुका अतिरिक्त विद्यालयमा विद्यार्थीहरूको उपस्थितिमा वृद्धि, कक्षा छोड्ने दरमा कमी र सिकाइको गुणस्तर वृद्धि गर्नमा मद्दत पुगेको छ ।

### ४.४.२ वर्तमान अवस्था

वर्तमान अवस्थामा नेपालका सबै सामुदायिक विद्यालयहरूमा यो कार्यक्रम लागु भएको छ । इलाम नगरपालिका अन्तर्गतका ४६ वटा सामुदायिक विद्यालयहरूमा यो कार्यक्रम सञ्चालन भइरहेको छ । यीमध्ये १७ वटा विद्यालयहरूले विद्यालयमा नै खाजा तयार गरेर

विद्यार्थीलाई दिएका छन् भने अन्य विद्यालयहरूले खाजा उपलब्ध गराउने जिम्मा अभिभावकहरूलाई दिएका छन् । इलाम नगरपालिकाको एउटा विद्यालयमा मात्रै विद्यालय नर्सको व्यवस्था छ । यहाँका माध्यमिक तहका विद्यालयहरूका छात्र र छात्राको लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था छ । आधारभूत तह कक्षा ६-८ र माध्यमिक तह कक्षा ९-१२ का किशोरीहरूको लागि फोलिक एसिड तथा आइरन चक्की वितरण गरिँदै आएको छ । किशोरीहरूलाई पाठेघरको मुखको क्यान्सरबाट बचाउन हरेक वर्ष अभियानकै रूपमा सबै विद्यालयका कक्षा ६ देखि १० सम्मका छात्राहरूलाई HPV खोपको सुनिश्चितता गरिएको छ । सामुदायिक विद्यालयका छात्राहरूको लागि निःशुल्क रूपमा सेनिटरी प्याडको समेत व्यवस्था गरिएको छ ।

### ४.४.३ समस्या र चुनौती

- **समस्या**

क. दिवा खाजाको लागि उपलब्ध गराइएको रकम अपर्याप्त ।
ख. दिवा खाजा तयार गर्नको लागि विद्यालयमा छुट्टै जनशक्ति, भौतिक संरचना र आवश्यक सामग्रीको अभाव ।
ग. प्रत्येक दिन फरक फरक प्रकारको स्थानीय खाजा उपलब्ध गराउनमा कठिनाइ ।
घ. विद्यालय सञ्चालन हुने अवधि २२० दिन हुने तर दिवाखाजा कार्यक्रम अन्तर्गत १८० दिनको लागि मात्र बजेट विनियोजन हुने ।
ङ. सबै विद्यालयमा स्वास्थ्यकर्मीको व्यवस्था नहुनु ।

- **चुनौती**

क. विनियोजित बजेटबाट शैक्षिक सत्र भरमा पर्याप्त र गुणस्तरीय खाजाको व्यवस्था गर्नु,
ख. सबै विद्यालयहरूमा स्वास्थ्यकर्मीको व्यवस्था गर्नु ।

### ४.४.४ उद्देश्य

क. सबै विद्यालयका बालबालिकालाई ताजा, स्वस्थकर, अर्गानिक तथा रैथाने खाजाको व्यवस्था गर्नु ।
ख. स्वास्थ्य, पोषण, सरसफाई तथा स्वच्छता सम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु ।
ग. बालबालिकाको नियमित स्वास्थ्य परीक्षणको व्यवस्था गर्नु ।
घ. दिवा खाजा कार्यक्रममा अभिभावक तथा अन्य सरोकारवालाहरूको सहभागिता र समन्वय स्थापित गर्नु ।

### ४.४.५ रणनीति

क. स्थानीयस्तरमा उत्पादन हुने मौसमी उपजहरूको प्रयोग गर्दा खाजाको लागत कम हुने र पोषण तत्व पनि बढी हुने भएकोले त्यस्ता वस्तुहरूलाई दिवा खाजामा प्राथमिकता दिइनेछ ।

ख. विद्यार्थी र अभिभावकहरूलाई स्वस्थ खाजा, पोषण र सरसफाइको बारेमा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
ग. स्थानीय समुदायमा प्रचलित स्वस्थकर रेसिपीहरूको प्रयोग गरी परम्परागत खाना शैलीलाई आधुनिक पोषण आवश्यकतासँग समायोजन गरिनेछ ।
घ. विद्यार्थीको रुचि र आवश्यकतालाई ध्यानमा राखेर दिवा खाजामा विविधता ल्याइनेछ ।
ङ. बालबालिकाको आवधिक स्वास्थ्य परीक्षणको प्रवन्ध मिलाइनेछ ।
च. विद्यालयमा उपलब्ध भएको खानेपानीको गुणस्तर परीक्षण गरिनेछ ।
छ. दिवा खाजा, स्वास्थ्य, पोषण तथा सरसफाइ कार्यक्रमको अनुगमन, मूल्याङ्कन र पुनरावलोकन गरी थप प्रभावकारी बनाइनेछ ।

### ४.४.६ उपलब्धि तथा नतिजा

क. सबै बालबालिकाहरूले ताजा, पोषणयुक्त र अर्गानिक खाजा प्राप्त गरेका हुनेछन् ।
ख. सबै माध्यमिक विद्यालयहरूमा एकजना स्वास्थ्यकर्मीको व्यवस्था भएको हुनेछ ।
ग. बालबालिकाहरूको आवधिक स्वास्थ्य परीक्षण भएको हुनेछ ।
घ. स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक मार्फत् बालबालिकाहरूलाई पोषण, स्वास्थ्य र सरसफाइ सम्बन्धी शिक्षा प्रदान गरिएको हुनेछ ।
ङ. सबै विद्यालयहरूमा प्राथमिक उपचारका सामग्रीहरू वितरण गरिएको हुनेछ ।
च. विद्यालयमा दिवा खाजा व्यवस्थापनको लागि आवश्यक जनशक्ति भौतिक संरचना र अन्य सामग्रीको व्यवस्था भएको हुनेछ ।

### ४.४.७ प्रमुख क्रियाकालाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व | दोस्रो आ.व | तेस्रो आ.व | चौथो आ.व | पाँचौं आ.व |
| १ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम सम्बन्धी सचेतना | विद्यालय | | ४६ | ४६ | ४६ | ४६ |
| २ | स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तकको माध्यमबाट पोषण, स्वास्थ्य र सरसफाइ सम्बन्धि शिक्षा | विद्यालय | ७२ | ७२ | ७२ | ७२ | ७२ |
| ३ | विद्यालय नर्सको व्यवस्था | विद्यालय | १ | १ | २ | ३ | ४ |
| ४ | प्राथमिक उपचार सामग्री वितरण | विद्यालय | | ४६ | ६४ | ७० | ७२ |
| ५ | कक्षा ६–१० का छात्राहरूलाई स्यानिटरी प्याड वितरण | विद्यालय | २२ | २२ | ४४ | ४४ | ४४ |

## ४.५ विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता

### ४.५.१ परिचय

विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता भन्नाले प्राकृतिक प्रकोप, महामारी, युद्ध तथा द्वन्द्वको अवस्थामा बालबालिकाहरूको सुरक्षा, उनीहरूको सिक्न पाउने अधिकारको संरक्षण र सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायहरूको व्यवस्थापन भन्ने बुझिन्छ । यस कार्यक्रमको मुख्य उद्देश्य विभिन्न कारणले उत्पन्न हुने संकटको अवस्थामा बालबालिकाको जीवन रक्षा, प्रकोपबाट सिर्जित संकटको व्यवस्थापन तथा समग्र शिक्षा क्षेत्रलाई निर्बाध रूपमा सञ्चालन गर्ने वातावरण सिर्जना गर्नु हो । आपतकालीन अवस्थामा पनि बालबालिकाहरूले शिक्षा प्राप्त गर्न सक्नुपर्ने अवधारणालाई बाल अधिकारको रूपमा स्वीकार गरिएको छ ।

### ४.५.२ वर्तमान अवस्था

विपद्को अवस्थामा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई अवरुद्ध हुन नदिन विभिन्न प्रकारका अभ्यासहरू हुँदै आएका छन् । स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०७२ ले विपद्बाट हुने क्षति न्यूनीकरण गर्दै शिक्षक तथा विद्यार्थीलाई संरक्षण गरी विपद्को समयमा पनि सिकाइलाई निरन्तरता दिने वैकल्पिक व्यवस्थाको लागि मार्गनिर्देश गरेको छ । वृहत् विद्यालय सुरक्षा गुरुयोजना सन् २०१६ तथा वृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि २०७२ ले विपद् जोखिम न्यूनीकरण तथा उत्थानशीलता विकास गर्ने अवधारणा ल्याएको छ । कोभिड-१९ को विश्वव्यापी महामारीको अवस्थामा शैक्षिक क्षतिलाई न्यूनीकरण गर्न वैकल्पिक माध्यमबाट सिकाइ सहजीकरण गर्ने नीतिहरू अवलम्बन गरिएका छन् । यसै सन्दर्भमा सिकाइ सहजीकरण निर्देशिका २०७७, विद्यालय शिक्षा सम्बन्धी आकस्मिक कार्ययोजना २०७७, विद्यालय सञ्चालन सम्बन्धी कार्यढाँचा २०७७, पाठ्यक्रम समायोजन ढाँचा २०७७ एवम् एसइई नतिजा प्रकाशन तथा प्रमाणीकरण कार्यविधि २०७७ जारी गरिएको छ ।

इलाम नगरपालिकामा विपद्को समयमा नेपाल रेडक्रस सोसाइटी, जुनियर रेडक्रस सर्कल तथा युवा रेडक्रस सर्कल, स्काउट, बालक्लब एवम् विभिन्न सामाजिक संघ संस्थाहरूले सहयोग गर्दै आएका छन् । यस नगरपालिकामा कोभिड १९ को समयमा शैक्षिक क्षतिलाई न्यूनीकरण गर्न एफ.एम रेडियो मार्फत् कक्षा सञ्चालन, टोल कक्षा सञ्चालन, अनलाइन कक्षा सञ्चालन, मनोसामाजिक परामर्श जस्ता सिकाइका वैकल्पिक उपायहरू अपनाइएको थियो । यस नगरपालिकाले आधारभूत तहका स्थानीय विषयको पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार गरेर सुरक्षा, विपद् व्यवस्थापन र सामाजिक संघ संस्थाहरूको बारेमा शिक्षा प्रदान गर्दिँदै आएको छ ।

### ४.५.३ समस्या र चुनौती

- **समस्या**

क. विद्यालयमा सुरक्षित भौतिक संरचनाको अपर्याप्तता ।
ख. विद्यालयस्तरीय प्रतिकार्य योजनाको अभाव ।
ग. वैकल्पिक माध्यमबाट कक्षा सञ्चालन गर्न स्रोत साधन र प्रविधिको अभाव ।
घ. सिकाइका वैकल्पिक माध्यम सम्बन्धी अभ्यासको कमी ।

- **चुनौती**

क. प्रकोप आँकलन गर्न कठिन।
ख. प्रतिकार्य योजना प्रभावकारी नहुने सम्भावना।

### ४.५.४ उद्देश्य

क. विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्ने।
ख. सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्ने।
ग. आपतकालीन अवस्थामा वैकल्पिक सिकाइका माध्यम प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चित गर्ने।

### ४.५.५ रणनीति

क. सम्भावित विपद्बाट बच्ने उपायहरूबारे सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।
ख. शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपद्को पूर्वानुमान, प्रभाव मूल्याङ्कन तथा असर विश्लेषण गरिनेछ। विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड २०७० को पालना गरी विपद् प्रतिरोधी भौतिक संरचना निर्माण तथा पुन:स्थापना गरिनेछ।
ग. विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गरिनेछ।
घ. विपद्को समयमा सिकाइलाई निरन्तरता दिन प्रभावकारी योजना निर्माण गरिनेछ।
ङ. विपद् व्यवस्थापनको लागि परम्परागत ज्ञान र सीपको पहिचान, संरक्षण, संवर्द्धन र उपयोग गरिनेछ।
च. स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तकको माध्यमबाट बालबालिकाहरूलाई विद्यालय सुरक्षा र विपद् व्यवस्थापन सम्बन्धी शिक्षा दिइनेछ।
छ. संघीय सरकारले कार्यान्वयनमा ल्याएका विद्यालय सुरक्षा, विपद् व्यवस्थापन र आपतकालीन अवस्थामा सिकाइको निरन्तरता सम्बन्धी नीति, नियम तथा कार्यविधिहरूको अवलम्बन गरिनेछ।
ज. प्राकृतिक प्रकोपको जोखिम न्यूनीकरण गर्न जलवायु परिवर्तन सम्बन्धी शिक्षा, हरित विद्यालय अभियान तथा दिगो विकासको अवधारणालाई कार्यान्वयनमा ल्याइनेछ।

### ४.५.६ प्रमुख उपलब्धि तथा नतिजा

- **उपलब्धि**

क. विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास भएको हुनेछ।
ख. सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुनेछ।

ग. आपतकालीन अवस्थामा वैकल्पिक सिकाइका विधिहरू प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकार सुनिश्चित भएको हुनेछ ।

- **नतिजा तथा परिणामात्मक लक्ष्य**

| क्र.सं. | सूचकहरू | आधार वर्ष २०८२/०८३ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|
| १ | सुरक्षित विद्यालय र विपद् व्यवस्थापनसम्बन्धी सचेतना हुने विद्यालय | - | १३ | २२ | ४६ | ४६ |
| २ | स्थानीय पाठ्यक्रमको माध्यमबाट सुरक्षित विद्यालय र विपद् व्यवस्थापनको शिक्षा दिने विद्यालय | ७२ | ७२ | ७२ | ७२ | ७२ |
| ३ | हरित विद्यालय अभियान सञ्चालन गर्ने विद्यालय | | | ६ | १३ | २२ |
| ४ | प्रतिकार्य योजना तयार गर्ने विद्यालय | - | - | १३ | २२ | ४६ |

## ४.५.७ प्रमुख क्रियाकलाप र परिणामात्मक लक्ष्य

| क्र.सं. | क्रियाकलापहरू | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | एकाइ | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व. | पाँचौं आ.व. | जम्मा |
| १ | स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तकको माध्यमबाट सुरक्षित विद्यालय र विपद् व्यवस्थापन सम्बन्धी शिक्षा | विद्यालय | ७२ | ७२ | ७२ | ७२ | ७२ | ७२ |
| २ | बालबालिकाहरूलाई मनोसामाजिक परामर्श | विद्यालय | - | - | १३ | २२ | ४६ | ४६ |
| ३ | वैकल्पिक सिकाइको योजना निर्माण | पटक | - | | १ | | | |
| ४ | आपतकालीन अवस्थाको लागि स्वाध्ययन सामग्री विकास | पटक | - | | १ | | | |
| ५ | शिक्षक र विद्यालय व्यवस्थापन समितिलाई विपद् पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा उत्थानशीलताका लागि सचेतना कार्यक्रम | पटक | - | | १ | | | |
| ६ | विद्यालय प्रतिकार्य योजना निर्माण | विद्यालय | - | - | १३ | ९ | | २२ |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

विद्यालय भवन, कक्षाकोठा, फर्निचर, खानेपानी, शौचालय, पुस्तकालय, बुक कर्नर, प्रयोगशाला, शिक्षक कक्ष, बगैँचा आदि विद्यालयका भौतिक पूर्वाधारहरू हुन् । यी पूर्वाधारहरू निर्धारित मापदण्ड अनुसारका, सुरक्षित, बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्री, प्रविधिमैत्री तथा वातावरणमैत्री हुनुपर्छ। शिक्षा नियमावली, २०५९ अनुसार एक विद्यार्थीका लागि पठनपाठन कार्यमा सहभागी हुन प्रारम्भिक बालविकास तथा आधारभूत तह (कक्षा १–५) का लागि ०.७५ वर्गमिटर र सोभन्दा माथिल्ला कक्षाहरूका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफल भएको स्थान आवश्यक पर्दछ। राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, खानेपानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवन लगायत सम्पूर्ण भौतिक पूर्वाधारहरूलाई विपद् जोखिममुक्त बनाउँदै सबै विद्यालयहरूलाई सुरक्षित एवम् बालमैत्री हरित विद्यालयको रूपमा विकास गर्ने नीतिगत व्यवस्था गरेको छ।

### ४.६.२ वर्तमान अवस्था

हाल इलाम नगरपालिकामा सञ्चालित विद्यालयहरू र ती विद्यालयहरूमा रहेको भौतिक पूर्वाधारहरूको विवरण यस प्रकार रहेको छ।

#### क. विद्यालय विवरण

| क्र.सं. | सञ्चालित कक्षा | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|---|
| १ | पूर्व प्राथमिक | - | २ | २ |
| २ | कक्षा १ - ३ | ३ | | ३ |
| ३ | कक्षा ५ सम्म | २१ | २ | २३ |
| ४ | कक्षा ८ सम्म | ९ | ४ | १३ |
| ५ | कक्षा १० सम्म | ७ | १५ | २२ |
| ६ | कक्षा १२ सम्म | ६ | ३ | ९ |
| **जम्मा** | | **४६** | **२६** | **७२** |

#### ख. विद्यालय भौतिक पूर्वाधारको अवस्था

| क्र.सं. | भौतिक संरचना | सामुदायिक | संस्थागत |
|---|---|---|---|
| १ | भवन | ३०९ | ८२ |
| २ | कक्षाकोठा | ६३३ | ४५० |
| ३ | शौचालय | ४५१ | १५५ |
| ४ | विज्ञान प्रयोगशाला | १२ | ९ |
| ५ | पुस्तकालय | १९ | १५ |
| ६ | स्कूल बस | १ | ७ |

### ४.६.३ समस्या र चुनौती

- **समस्या**

क. कक्षाकोठाको अपर्याप्तता ।
ख. जीर्ण कक्षाकोठाहरू ।
ग. शौचालयको अपर्याप्तता ।
घ. आधारभूत तहमा छात्र र छात्राको लागि छुट्टाछुट्टै शौचालय नहुनु ।
ङ. फर्निचरहरू बालमैत्री नहुनु ।
च. अपाङ्गता मैत्री भौतिक संरचना नहुनु ।
छ. विज्ञान प्रयोगशालाको अपर्याप्तता र गणित प्रयोगशाला नहुनु ।
ज. धेरै विद्यालयहरूमा खेल मैदानको अभाव ।
झ. विद्यालयहरूमा घेराबारा तथा कम्पाउण्डवाल नहुनु ।
ञ. विभिन्न संस्थाहरूद्वारा तयार पारिएको विद्यालयका भौतिक संरचनाहरूको लागत अनुमानमा एकरूपता नहुनु ।

- **चुनौती**

क. विद्यालयहरूको गुरुयोजना (**Master Plan**) तयार गरेर त्यसको आधारमा भौतिक संरचना निर्माण गर्नु ।
ख. निर्धारित मापदण्ड अनुसारका भौतिक संरचनाहरू निर्माण गर्नु ।
ग. विद्यमान भौतिक संरचनाहरूलाई बालमैत्री, अपाङ्गतामैत्री, र लैङ्गिकमैत्री बनाउनु ।
घ. गाभिएका विद्यालयका भौतिक पूर्वाधारहरूको व्यवस्थापन र सदुपयोग ।

### ४.६.४ उद्देश्य

क. निर्धारित मापदण्ड अनुसारका भौतिक संरचनाहरू निर्माण गर्ने ।
ख. विद्यालयको गुरुयोजनाका आधारमा भौतिक पूर्वाधारहरू निर्माण गर्ने ।
ग. विद्यमान भौतिक संरचनाहरूलाई बालमैत्री, अपाङ्गतामैत्री, प्रविधिमैत्री, लैङ्गिकमैत्री र सुरक्षित बनाउने ।
घ. गाभिएका विद्यालयका भौतिक पूर्वाधारहरूको व्यवस्थापन ।

### ४.६.५ रणनीति

क. भौतिक पूर्वाधार विकासका लागि विद्यालयको सञ्चालित तह, भौगोलिक क्षेत्र र विद्यार्थी सङ्ख्याको प्रक्षेपणको आधारमा मापदण्ड तयार गरेर गुरुयोजना तयार गरिनेछ ।
ख. विद्यालयमा विद्यमान भौतिक पूर्वाधारहरूको लेखाजोखा गरी नयाँ निर्माण गर्नुपर्ने, मर्मत सम्भार तथा सबलीकरण गर्नुपर्ने र हटाउनुपर्ने संरचनाहरूको प्रोफाइल तयार गरी प्राथमिकताको आधारमा कार्य सम्पन्न गरिनेछ ।

ग. एउटा विद्यालयमा पूर्वाधार विकासका सबै कार्यहरू एकै पटक गर्ने पूर्ण विद्यालय निर्माणको अवधारणा कार्यान्वयन गरिनेछ।
घ. नयाँ निर्माण गरिने भौतिक संरचनाहरूलाई सुरक्षित, वातावरणमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री बनाइनेछ।
ङ. विद्यालयमा पूर्वाधार विकासका लागि संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरी सरोकारवालाहरूको सहभागितामा कार्यान्वयन हुने प्रबन्ध मिलाइनेछ।
च. पूर्वाधार विकाससँगै सुरक्षित विद्यालय एवम् सामाजिक र वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गरिनेछ।
छ. विद्यालयको भौतिक पक्षमा सुधार गर्नका लागि स्थानीय समुदाय र लगानीकर्ताहरूलाई प्रोत्साहन, सहजीकरण र समन्वय गरिनेछ।

### ४.६.६ प्रमुख उपलब्धि तथा नतिजा

- **उपलब्धि**

क. सबै विद्यालयमा पर्याप्त भौतिक पूर्वाधारको विकास भएको हुनेछ।
ख. विद्यालयका भौतिक संरचनाहरू बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्री, वातावरणमैत्री र सुरक्षित भएका हुनेछन्।
ग. विद्यालयहरूमा भौतिक पूर्वाधारको विकास भई विद्यालयको वातावरण सिकाइ अनुकूल भएको हुनेछ।

- **नतिजा एवम् परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचकहरू | आधार वर्ष २०८२/८३ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/०८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | कक्षाकोठा सङ्ख्या | ६३३ | ६३३ | ६३३ | ६४३ | ६५३ | ६६३ |
| २ | विज्ञान प्रयोगशालाको सङ्ख्या | १२ | १२ | १५ | १८ | २२ | २७ |
| ३ | गणित प्रयोगशालाको सङ्ख्या | - | - | - | १ | २ | २ |
| ४ | शौचालयको सङ्ख्या | ४५१ | ४५१ | ४५१ | ४६० | ४६३ | ४८६ |
| ५ | घेरावारा तथा कम्पाउण्ड वाल सहितका विद्यालयको सङ्ख्या | - | - | - | ३ | ३ | ३ |
| ६ | स्कुल बस | - | १ | १ | - | २ | २ |

### ४.६.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व | दोस्रो आ.व | तेस्रो आ.व | चौथो आ.व | पाँचौं आ.व | जम्मा |
| १ | भौतिक पूर्वाधारको अवस्था विश्लेषण र प्रोफाइल तयारी | पटक | - | १ | - | - | - | १ |
| २ | भौतिक पूर्वाधार विकासको मापदण्ड र गुरुयोजना निर्माण | पटक | - | १ | - | - | - | १ |
| ३ | भौतिक पूर्वाधार विकासको लागि स्रोत र साधनको व्यवस्था | निरन्तर | - | - | - | - | - | - |
| ४ | नयाँ कक्षाकोठा निर्माण | कोठा | ८ | ८ | १० | १० | १० | ४६ |
| ५ | कक्षाकोठा मर्मत | कोठा | ६ | ५० | ५० | ५० | ५० | २०६ |
| ६ | शौचालय निर्माण | शौचालय | - | - | ९ | ९ | ९ | २७ |
| ७ | विद्यालय घेराबारा निर्माण | विद्यालय | २ | २ | ४ | ४ | ५ | १३ |
| ८ | बालमैत्री फर्निचर निर्माण | विद्यार्थी सङ्ख्या | - | १०० | १०० | १०० | १०० | ४०० |

## ४.७ सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ परिचय

सूचना तथा सञ्चार प्रविधि भन्नाले ध्वनि, तस्विर, श्रव्य र दृश्य तथा तथ्याङ्कको रूपमा सूचनाहरूलाई विद्युतीय यन्त्र प्रणाली तथा प्रविधिको माध्यमबाट सङ्कलन, भण्डारण, प्रशोधन, सम्पादन तथा सम्प्रेषण गर्नु भन्ने बुझिन्छ। नेपालमा सूचना र प्रविधिको क्षेत्रमा भएको विकास उत्साहजनक छ। सूचना र प्रविधि शिक्षा क्षेत्रको एक नवीनतम अवधारणा हो। विद्यालयमा सूचना र सञ्चार प्रविधिका माध्यम तथा उपकरणहरूमा रेडियो, टेलिभिजन, कम्प्युटर, ल्यापटप, स्मार्टबोर्ड तथा इन्टरएक्टिभ बोर्ड, प्रोजेक्टर, इन्टरनेट कनेक्टिभिटी, ई-लाइब्रेरी, शैक्षिक सफ्टवेयर, अनलाइन कक्षा आदि पर्दछन्।

### ४.७.२ वर्तमान अवस्था

नेपालमा शिक्षामा सूचना तथा सञ्चार सम्बन्धी गुरुयोजना २०१३ ले सूचना तथा सञ्चार प्रविधिको माध्यमबाट शिक्षामा सबैको पहुँच पुऱ्याउने, डिजिटल साक्षरता बढाउने, शैक्षिक व्यवस्थापनलाई सुदृढ गर्ने तथा शिक्षाको गुणस्तर वृद्धि गर्ने लक्ष्य राखेको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गको रूपमा एकीकृत गर्दै प्रविधिमैत्री, व्यवस्थित र नतिजामूलक बनाउने नीति अवलम्बन गरेको छ।

**इलाम नगरपालिकामा सूचना तथा सञ्चारका आधारभूत पूर्वाधार तथा उपकरणहरू उपलब्ध भएका विद्यालयहरूको विवरण:**

| क्र.स. | विवरण | विद्यालयको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | विद्युत जडान | ४६ | १०० |
| २ | इन्टरनेट जडान | ४६ | १०० |
| ३ | ICT ल्याब | २१ | ४६ |
| ४ | विज्ञान प्रयोगशाला | १२ | २६ |
| ५ | डिजिटल पाठ्य सामग्रीको प्रयोग | २ | ४ |
| ६ | विद्युतीय हाजिरी | ४६ | १०० |
| ७ | डेस्कटप कम्प्युटर र प्रिन्टर | ४६ | १०० |
| ८ | विद्यालयको वेबसाइट | २ | ४ |

### ४.७.३ समस्या र चुनौती

- **समस्याहरू:**

क. सबै शिक्षक एवम् कर्मचारीहरूमा डिजिटल प्रविधिको ज्ञान नहुनु।
ख. उपलब्ध सामग्रीहरूको प्रयोगमा निरन्तरताको कमी।
ग. डिजिटल पाठ्यसामग्रीको प्रयोगमा कमी।
घ. पुरानो मोडेलका उपकरणहरूको ठाउँमा नयाँ प्रविधिको उपकरणहरू प्रतिस्थापन गर्ने समस्या।

- **चुनौतीहरू:**

क. परम्परागत प्रविधि र डिजिटल प्रविधिको समायोजन।
ख. सूचना र सञ्चारको क्षेत्रमा हुने तीव्र परिवर्तनको गति।
ग. सूचना र सञ्चार प्रविधिको व्यवस्थापनका लागि आवश्यक स्रोत साधन र जनशक्तिको प्रबन्ध।

### ४.७.४ उद्देश्य

क. सबै विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको पहुँच पुऱ्याउनु।
ख. सबै विद्यालयमा प्रविधिको प्रयोग गर्न सक्ने जनशक्ति तयार गर्नु।
ग. सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु।
घ. विपद् तथा संकटको समयमा पनि विद्यालयका शैक्षिक गतिविधिहरूलाई निरन्तरता दिनको लागि प्रविधिसँग सम्बन्धित संरचना, उपकरण, र जनशक्तिको व्यवस्थापन गर्नु।
ङ. विद्यालयका प्रशासनिक एवम् व्यवस्थापकीय कार्यहरूमा कागज रहित पद्धति स्थापित गर्ने।

### ४.७.५ रणनीति

यस योजनामा उल्लेख भएका विद्यालयमा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी उद्देश्यहरू पूरा गर्नको लागि निम्नानुसारका रणनीतिहरू अवलम्बन गरिनेछ।

क. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणहरूको प्रवन्ध गरिनेछ।
ख. सबै विद्यालयमा इन्टरनेट सुविधा उपलब्ध गराइनेछ।
ग. सबै शिक्षक एवम् कर्मचारीहरूमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी क्षमता अभिवृद्धि गरिनेछ।
घ. कागजरहित प्रशासनिक सेवाको व्यवस्था मिलाइनेछ।
ङ. लागत सहभागिताको आधारमा 'एक शिक्षक एक ल्यापटप'को अवधारणालाई क्रमशः अघि बढाइनेछ।
च. विभिन्न कक्षा र विषयका लागि डिजिटल पाठ्यसामग्रीको विकास गरिनेछ।
छ. माध्यमिक विद्यालयहरूमा ई-लाइब्रेरीको व्यवस्था गरिनेछ।
ज. सामुदायिक सिकाइ केन्द्रहरूलाई सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा सेवा प्रदान गर्न परिचालित गरिनेछ।
झ. नगरपालिकास्तरमा शिक्षा सम्बन्धी जानकारीको लागि ई-पोर्टलको व्यवस्था गरिनेछ।
ञ. स्थानीय एफ.एम. रेडियोहरूसँग समन्वय गरेर नियमित रूपमा शैक्षिक कार्यक्रमहरूको उत्पादन र प्रसारण गरिनेछ।
ट. सूचना तथा सञ्चार प्रविधिमा आधारित अनुगमन तथा मूल्याङ्कन पद्धतिको विकास गरिनेछ।

### ४.७.६ प्रमुख उपलब्धि तथा नतिजा

- **उपलब्धिः**

क. सबै विद्यालयहरूमा सूचना तथा प्रविधिको पहुँच स्थापित भएको हुनेछ।
ख. सबै शिक्षक तथा कर्मचारीहरूमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्न सक्ने क्षमता विकास भएको हुनेछ।
ग. आवश्यकता अनुसार डिजिटल शैक्षिक सामग्रीको प्रयोग भएको हुनेछ।
घ. विद्यालयहरूमा कागजरहित प्रशासनिक सेवाको व्यवस्था भएको हुनेछ।
ङ. विपद् तथा संकटको अवस्थामा पनि सूचना तथा सञ्चार प्रविधिको माध्यमबाट शैक्षिक गतिविधिहरू सञ्चालन गर्ने संयन्त्रको विकास भएको हुनेछ।

- **नतिजा एवम् परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचकहरू | आधार वर्ष २०८२/०८३ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|
| १ | विद्युत जडान भएको विद्यालय | ४६ | ४६ | ४६ | ४६ | ४६ |
| २ | इन्टरनेट जडान भएको विद्यालय | ४६ | ४६ | ४६ | ४६ | ४६ |
| ३ | आफ्नो वेबसाइट सञ्चालन गर्ने विद्यालय | २ | २ | ५ | ८ | १३ |
| ४ | विद्युतीय हाजिरी प्रयोग गर्ने विद्यालय | ४६ | ४६ | ४६ | ४६ | ४६ |
| ५ | ICT Lab स्थापना भएका विद्यालय | २१ | २१ | २२ | २२ | २२ |
| ६ | डिजिटल पाठ्य सामग्री प्रयोग गर्ने विद्यालय | २ | ४ | ६ | १० | १३ |

### ४.७.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व | दोस्रो आ.व | तेस्रो आ.व | चौथो आ.व | पाँचौं आ.व | जम्मा |
| १ | शिक्षकलाई ICT सम्बन्धी तालिम | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | विद्यालयको वेबसाइट सञ्चालन | विद्यालय | - | २ | ३ | ३ | ४ | ११ |
| ३ | ई-लाईब्रेरीको व्यवस्था | विद्यालय | - | १ | १ | १ | १ | ४ |
| ४ | डिजिटल पाठ्य सामग्री निर्माण | पटक | | १ | १ | १ | १ | ४ |
| ५ | एक शिक्षक एक ल्यापटप कार्यक्रम | विद्यालय | - | | १ | १ | १ | ३ |
| ६ | सी.सी.टी.भी जडान | विद्यालय | १ | १ | ३ | ४ | ४ | १३ |
| ७ | विद्युतीय हाजिरी | विद्यालय | ४६ | | | | | ४६ |

# परिच्छेद - ५: अन्य उपक्षेत्र

## ५.१. संस्थागत विद्यालय

### ५.१.१. परिचय

संस्थागत विद्यालय भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय भन्ने बुझिन्छ । संस्थागत विद्यालय व्यक्ति, कम्पनी, ट्रष्ट वा कुनै संस्थाले स्थापना र सञ्चालन गरेको हुन्छ । नेपालमा शिक्षाको उन्नयनका लागि संस्थागत विद्यालयहरूले महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । इलाम नगरपालिकामा पनि चार दशकभन्दा बढी समय अघिदेखि शिक्षाको गुणस्तर वृद्धि गर्ने कार्यमा संस्थागत विद्यालयहरूले उल्लेखनीय योगदान पुर्‍याउँदै आएका छन् ।

### ५.१.२. पृष्ठभूमि

गुणस्तरीय शिक्षा तथा अङ्ग्रेजी भाषाको आवश्यकता बुझेका र आर्थिक रूपले लगानी गर्ने क्षमता भएका नेपालका केही अभिभावकहरूले पहिलेदेखि नै इलाम जिल्लासँग नजिकमा रहेका भारतका दार्जिलिङ, खरसाङ, कालिम्पोङ, मिरिक आदि शहरका विद्यालयहरूमा आफ्ना छोराछोरीहरू लगेर पढाउने गरेका थिए । खास गरी नेपालको काठमाण्डौ लगायतका ठूला शहरहरूमा निजी श्रोत र लगानीमा अङ्ग्रेजी माध्यममा पठनपाठन हुने गरी बोडिंग स्कूलको नामले निजी विद्यालयहरू खुल्ने क्रम २०३६ सालदेखि वृद्धि भएको पाइन्छ । इलाममा पनि हालसम्म सञ्चालनमा रहिरहेको सबभन्दा पुरानो विद्यालय माउण्ट मेची (तत्कालीन नाम माउण्ट मेरी) बोडिङ्ग स्कूल वि. सं. २०३६ सालमा स्थापना भएको थियो । यो विद्यालय सर्वप्रथम सूर्योदय नगरपालिकाको छिप्पीटारमा शुरू भई केही समयपछि स्थानीय शिक्षाप्रेमी श्री शरण प्रधानको सहयोग र सहजीकरणमा इलाम सदरमुकाममा स्थानान्तरण भएको थियो । माउण्ट मेची बोडिङ्ग स्कूल इलाममा स्थापना हुनु अगावै इलाम नगरपालिका वडा नं ७ मालापथस्थित हाल भारतीय सैनिक (सोल्डर बोर्ड) को कार्यालय रहेको स्थानमा संस्थापक प्रिन्सिपल श्री वेद कुमार श्रेष्ठ रहनुभएको पिस जोन (Peace Zone) बोर्डिङ् स्कूल नामको विद्यालय सञ्चालनमा थियो । केही समय दुवै निजी विद्यालय सञ्चालनमा रहेका थिए तर पछि पिस जोन बोडिङ्ग स्कूल इलामबाट स्थानान्तरण भएर काठमाण्डौ बालुवाटारमा सञ्चालन हुन पुगेको थियो । त्यति बेला खुलेका यी विद्यालयहरूका संस्थापक/सञ्चालकहरू दार्जिलिङ्गको शैक्षिक वातावरण, रहनसहन र परिवेशबाट शिक्षित र दीक्षित थिए ।

यस बाहेक इलाम नगरपालिकामा २०४६ साल अगाडि खुलेका थोरै निजी विद्यालयहरूका रूपमा प्रज्ञा सदन बोडिङ्ग स्कूल (२०४१ साल), सिहंवाहिनी बोडिङ्ग स्कूल (हाल सञ्चालन नभएको) र ज्योति सदन पर्छन् भने अरु विद्यालयहरू त्यसपछि खुलेका हुन् । खास गरी अङ्ग्रेजी भाषाको मोह, विद्यार्थीको राम्रो हेरचाह र शैक्षिक नतिजाका कारणले अभिभावकको आकर्षण निजी लगानीमा सञ्चालित संस्थागत विद्यालयहरू प्रति बढ्दै गएर इलाम जिल्लामा सयभन्दा बढी र इलाम नगरपालिकाभित्र पूर्व प्रा.वि., आधारभूत र माध्यमिक गरी करीब २८ वटा संस्थागत विद्यालयहरू खुलेका थिए । इलाम नगरपालिकाभित्र वडा नं ११ बाहेक सबै वडामा संस्थागत विद्यालयहरू सञ्चालन भएपनि बढी सङ्ख्यामा  साविकको सदरमुकामा रहेका छन् ।

२०६२ सालतिर सशस्त्र माओवादी द्वन्द्वका कारण इलाम जिल्लाका प्राय: सबै संस्थागत विद्यालयहरू बन्द भएको भएपनि पछि पुन: संस्थागत विद्यालय सञ्चालनमा आएका हुन् । २०७२ को भूकम्पको क्षति र २०७७/२०७८ सालमा कोभिड-१९ को महामारीको

अकल्पनीय चपेटामा परेर पनि संस्थागत विद्यालयले इलामको शैक्षिक विकासमा उल्लेखनीय टेवा पुऱ्याउँदै आएका छन् । शैक्षिक गुणस्तर, उत्कृष्ट विद्यार्थी उत्पादन, खेलकुद लगायत अतिरिक्त क्रियाकलापहरूमा राम्रै प्रतिष्ठा कमाउँदै आएका यस नगरका संस्थागत विद्यालयहरूले गुणस्तरीय शिक्षा दिलाउने अभिप्रायले झापा, मोरङ्ग, काठमाण्डौ र दार्जिलिङ्ग (भारत) जस्ता शहरहरूमा इलामबाट बालबालिकाहरू लैजाने क्रमलाई धेरै नै न्यूनीकरण गर्न सकेका छन् । अन्य पालिका र जिल्लाबाट समेत यहाँका संस्थागत विद्यालयहरूमा छोराछोरीहरू पढाउने चलन रहेकोले इलाम नगर र बजारको व्यावसायिक चहलपहल र आर्थिक गतिविधिलाई यी विद्यालयहरूले टेवा पुऱ्याएका छन् ।

इलाम नगरपालिकामा सञ्चालित संस्थागत विद्यालयहरूले निम्न कुराहरूको आधारमा आफ्नो औचित्यता पुष्टि गरिरहेका छन् ।

- क. उत्कृष्ट शैक्षिक नतिजा ।
- ख. अङ्ग्रेजी माध्यमबाट प्रभावकारी पठनपाठन ।
- ग. रोजगारीको सिर्जना ।
- घ. नगरको व्यापार व्यवसायमा गतिशिलता ।
- ङ. राजस्वमा योगदान ।
- च. अतिरिक्त क्रियाकलाप र सहक्रियाकलाप ।
- छ. नगरको पर्यटन विकासमा सहयोग ।
- ज. इलाम नगरलाई शैक्षिक गन्तव्यको रूपमा विकास गर्ने कार्यमा मद्दत ।

### ५.१.३ वर्तमान अवस्था

वर्तमान अवस्थामा इलाम नगरपालिकामा सञ्चालित जम्मा ७२ वटा विद्यालयहरूमध्ये संस्थागत विद्यालयको सङ्ख्या २६ वटा रहेको छ । तहगत संरचना, भौतिक पूर्वाधार, विद्यार्थी सङ्ख्या र नतिजा अनुसार संस्थागत विद्यालयहरूको विवरण निम्नानुसार रहेको छ ।

#### क. तहगत संरचना

| तह | सङ्ख्या |
|---|---|
| पूर्व प्राथमिक | २ |
| आधारभूत तह कक्षा (१-५) | २ |
| आधारभूत तह कक्षा (१-८) | ४ |
| माध्यमिक तह कक्षा (१-१०) | १५ |
| माध्यमिक तह कक्षा (१-१२) | ३ |
| **संस्थागत विद्यालयको जम्मा सङ्ख्या** | २६ |

## ख. भौतिक पूर्वाधार

| क्र.सं. | विवरण | सङ्ख्या |
|---|---|---|
| १ | भवन | ८२ |
| २ | कक्षा कोठा | ४५० |
| ३ | शौचालय | १५५ |
| ४ | विज्ञान प्रयोगशाला | ९ |
| ५ | पुस्तकालय | १५ |
| ६ | स्कूल बस | ७ |

## ग. विद्यार्थी सङ्ख्या

| शैक्षिक सत्र | संस्थागत विद्यालय विद्यार्थी सङ्ख्या | | | कुल विद्यार्थी सङ्ख्या | संस्थागत विद्यालयको विद्यार्थी प्रतिशत |
|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | | |
| **२०८०** | ३३०८ | ३८०८ | ७११६ | ११८६७ | ५९.९६ |
| **२०८१** | ३६६६ | ४१६७ | ७८३३ | १३५२४ | ५७.९२ |
| **२०८२** | ३६४० | ४२३० | ७८७० | १२५०१ | ६२.९५ |

## घ. नतिजा: विद्यार्थी उत्तीर्ण प्रतिशत

| वर्ष | ३ | ५ | ८ | १० |
|---|---|---|---|---|
| २०८१ | ९७.३१ | ९८.०७ | ९८.०७ | ९५.५३ |
| २०८२ | ९८.५७ | ९८.७४ | ९९.०९ | ९९.२६ |

## ङ. कक्षा दोहोऱ्याउने दर

| क.सं. | कक्षा | शैक्षिक सत्र | | |
|---|---|---|---|---|
| | | २०८० | २०८१ | २०८२ |
| १ | बालविकास | ५९.७७ | ५३.८३ | ६०.६१ |
| २ | कक्षा १-५ | १.५८ | १.०७ | २.२० |
| ३ | कक्षा ६-८ | २.२८ | १.९८ | १.४२ |
| ४ | कक्षा ९-१० | ०.८४ | १.५ | ०.५९ |

### च. कक्षा छोड्ने दर

| क्र.सं. | कक्षा | शैक्षिक सत्र | | |
|---|---|---|---|---|
| | | २०८० | २०८१ | २०८२ |
| १ | बालविकास | १.४२ | १.४८ | १.५६ |
| २ | कक्षा १-५ | ०.८२ | ०.७७ | ०.७६ |
| ३ | कक्षा ६-८ | ०.२२ | ०.२२ | ०.४३ |
| ४ | कक्षा ९-१० | ०.३५ | ०.९१ | ०.८७ |

## ५.१.४ समस्या र चुनौती

- **समस्याहरू:**

क. शैक्षिक गुणस्तर मापनको साझा र सर्वमान्य मापदण्डको अभाव।
ख. शिक्षक तथा कर्मचारीहरूको उच्च स्थानान्तरण दर।
ग. घट्दो जनसङ्ख्या वृद्धिदर।
घ. संस्थागत विद्यालयमा गरिने लगानीको प्रतिफलको सुनिश्चितता नभएको।
ङ. वार्षिक रुपमा दर्ता/ नवीकरण गर्नुपर्ने झन्झटिलो प्रक्रिया।
च. डिजिटल शिक्षण प्रणालीका लागि पर्याप्त स्रोत साधनको अभाव।
छ. बालमैत्री अवधारणाको कार्यान्वयनमा कमी।
ज. आयकर, सम्पत्ति कर, व्यवसाय कर, सामाजिक सुरक्षा कर, TDS, समता शिक्षा कर आदि विभिन्न करहरूको बोझ।
झ. संस्थागत विद्यालयहरू बिच यदाकदा अस्वस्थ प्रतिस्पर्धा हुने गरेको।
ञ. संस्थागत विद्यालय र स्थानीय सरकार बिच पर्याप्त मात्रामा समन्वय र सहकार्यको अभाव।
ट. संस्थागत विद्यालयहरू सम्बन्धी स्पष्ट र स्थायी सरकारी नीतिको अभाव।

- **चुनौतीहरू:**

क. स्थानीय सरकारको नियमनभित्र रहेर संस्थागत विद्यालयहरूको प्राज्ञिक स्वायत्तता कायम राख्नु।
ख. SEE उत्तीर्ण गरेका विद्यार्थीहरू इलाम नगरपालिका भित्रका विद्यालयहरूमा नै अध्ययन गर्न चाहने शैक्षिक वातावरण सिर्जना गर्नु।
ग. इलाम नगरपालिका भित्रका संस्थागत विद्यालयहरूको शैक्षिक गुणस्तर नेपालका अन्य क्षेत्रका नाम चलेका विद्यालयहरूको समान छ भन्ने कुरामा सरोकारवालाहरूलाई विश्वस्त बनाउनु।
घ. सामुदायिक र संस्थागत विद्यालयहरू बिचमा समन्वय र सहकार्यको वातावरण सिर्जना गर्नु।
ङ. अभिभावकको महत्त्वकांक्षा।

यसका अतिरिक्त गुणस्तरीय शिक्षामा गरेको योगदानलाई वेवास्ता गरेको, संस्थागत विद्यालयमा अध्ययन गर्ने विद्यार्थीलाई राज्यले प्रदान गर्ने छात्रवृत्ति र अन्य सुविधाबाट वञ्चित गराएको, सरकारी कर्मचारीका छोराछोरीहरूलाई संस्थागत विद्यालयमा पढाउन निरूत्साहित गरिएको आदि गुनासो संस्थागत विद्यालयहरूले गर्ने गरेका छन्।

### ५.१.५ उद्देश्य

क. संस्थागत विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धि गर्नु।
ख. संस्थागत विद्यालयहरूमा समावेशी, सुरक्षित, बालमैत्री र प्रविधिमैत्री वातावरण सिर्जना गर्नु।
ग. छात्रवृत्ति तथा सामाजिक उत्तरदायित्वको कार्यक्रमलाई प्रभावकारी बनाउनु।
घ. नगरपालिका र संस्थागत विद्यालयबिच समन्वय र सहकार्य सुदृढ गर्नु।
ङ. विश्व वजारमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति उत्पादन गर्नु।

### ५.१.६ रणनीति

क. नगरस्तरीय न्यूनतम विद्यालय गुणस्तर मापदण्ड निर्माण र कार्यान्वयन गरिनेछ।
ख. सिकाइ उपलब्धि परीक्षण र विश्लेषण प्रणालीको विकास गरिनेछ।
ग. बालमैत्री, अपाङ्गतामैत्री र प्रविधिमैत्री भौतिक संरचना निर्माण गर्ने वातावरण सिर्जना गरिनेछ।
घ. शुल्क, छात्रवृत्ति तथा सेवा सुविधा सम्बन्धी मापदण्ड निर्माण र कार्यान्वयन गरिनेछ।
ङ. सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ।
च. संस्थागत विद्यालयहरूको प्रतिनिधि सहितको अनुगमन समिति बनाई विद्यालयको अनुगमन र सुपरिवेक्षण गरिनेछ।
छ. गुणस्तरीय शिक्षाका लागि संस्थागत र सामुदायिक विद्यालयबीच असल अभ्यास आदान प्रदान र सहकार्य गर्ने व्यवस्था मिलाइनेछ।
ज. संस्थागत विद्यालयका साझा समस्याहरू पहिचान गरी स्थानीय तहमा गर्न सकिने सुशासनका उपायहरू अवलम्बन गर्न संस्थागत विद्यालय, स्थानीय सरकार, विज्ञ समूह र सरोकारवालाहरू बिच अन्तरक्रिया, समन्वय र सहकार्य गरिनेछ।
झ. संस्थागत विद्यालयमा कार्यरत शिक्षक, कर्मचारी र विद्यालय व्यवस्थापन समितिको क्षमता अभिवृद्धि गर्न प्रशिक्षणको व्यवस्था गरिनेछ।
ञ. संस्थागत विद्यालयको शुल्क निर्धारण र व्यवस्थापनलाई वैज्ञानिक, पारदर्शी र यथार्थपरक बनाइनेछ।
ट. संस्थागत विद्यालयहरूबाट प्रदान गरिने छात्रवृत्तिलाई नियमित, पारदर्शी, अनुमानयोग्य र व्यवस्थित गरी सार्वजनिक गरिनेछ।
ठ. संस्थागत विद्यालयका शिक्षक एवम् कर्मचारीहरूको सेवा, सुरक्षा, वृत्ति विकास र सामाजिक सुरक्षालाई व्यवस्थित गरिनेछ।

### ५.१.७ प्रमुख उपलब्धि

यस योजनाको कार्यान्वयनबाट निम्न अनुसारका प्रमुख उपलब्धिहरू हासिल भएका हुनेछन् ।

क. संस्थागत विद्यालयहरूमा निर्धारित मापदण्ड अनुसारका भौतिक संरचनाहरू निर्माण भएका हुनेछन् ।
ख. संस्थागत विद्यालयहरूमा समावेशी, सुरक्षित, बालमैत्री र प्रविधिमैत्री वातावरण सिर्जना भएको हुनेछ ।
ग. SEE उत्तीर्ण गरेका उत्कृष्ट विद्यार्थीहरू यहींका विद्यालयहरूमा कक्षा १२ सम्म अध्ययन गरिरहेका हुनेछन् ।
घ. संस्थागत विद्यालयहरूबाट विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने सक्षम जनशक्ति उत्पादन भएको हुनेछ ।
ङ. सामुदायिक र संस्थागत विद्यालयहरू बिच शैक्षिक अन्तरक्रिया, राम्रा अभ्यासहरूको आदान प्रदान, अवलोकन भ्रमण र सहकार्य गर्ने पद्धतिको विकास भएको हुनेछ ।

### ५.१.८ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| सि.नं. | क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व | दोस्रो आ.व | तेस्रो आ.व | चौथो आ.व | पाँचौं आ.व | जम्मा |
| १ | संस्थागत विद्यालयहरूको प्रोफाइल तथा तथ्याङ्क सङ्कलन र अद्यावधिक गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | न्यूनतम गुणस्तर मापदण्ड निर्माण र कार्यान्वयन | पटक | | १ | | | | १ |
| ३ | विद्यालय अनुगमन र सुपरिवेक्षण | पटक | | १ | १ | १ | १ | ४ |
| ४ | एकीकृत रूपमा आधारभूत तहको परीक्षा सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ५ | विद्यालय व्यवस्थापन समिति क्षमता विकास तालिम | पटक | | | १ | | | १ |
| ६ | संस्थागत र सामुदायिक विद्यालयहरू बिच अनुभव आदानप्रदान | पटक | | | १ | १ | १ | ३ |
| ७ | विद्यालय सुरक्षा तथा विपद् व्यवस्थापन योजना निर्माण | विद्यालय | | | २६ | | | २६ |
| ८ | उत्कृष्ट विद्यालय, विद्यार्थी र शिक्षक सम्मान तथा प्रोत्साहन | पटक | १ | १ | १ | १ | १ | ५ |

## ५.२ महिला फिडर छात्राबास सबलीकरण

### ५.२.१ परिचय

नेपाल सरकारद्वारा सञ्चालित महिला फिडर छात्राबास दुर्गम क्षेत्रका पिछडिएका तथा विपन्न परिवारका बालिकाहरूलाई लक्षित गरेर ल्याइएको कार्यक्रम हो । यसको मुख्य उद्देश्य छात्राहरूलाई कक्षा ६ देखि १० सम्म निशुल्क आवास:, भोजन र शिक्षा प्रदान गरेर भविष्यमा योग्य शिक्षक बन्नको लागि तयार गर्नु हो । महिला फिडर छात्राबासको अवधारणा वि.सं २०२७/२८ (सन् १९७०) तिर आएको हो । नेपालका २० वटा जिल्लाका एक एक वटा माध्यमिक विद्यालयहरूमा यो कार्यक्रम शुरु गरिएको थियो । महिला फिडर छात्राबास प्रारम्भ गरिएका जिल्लाहरू इलाम, ओखलढुङ्गा, महोत्तरी, सर्लाही, रौतहट, दोलखा, नुवाकोट, मकवानपुर, वागलुङ, पाल्पा, रोल्पा, कपिलवस्तु, दाङ, हुम्ला, जुम्ला, डोल्पा, जाजरकोट, कैलाली, डोटी, र वैतडी हुन् ।

### ५.२.२. वर्तमान अवस्था

महिला फिडर छात्राबासहरू जिल्ला सदरमुकाम वा पुराना नाम चलेका सामुदायिक माध्यमिक विद्यालयसँग आवद्ध गरेर सञ्चालन गरिएका छन् । इलाम जिल्लाको सदरमुकामस्थित इलाम नगरपालिका अन्तर्गतको आदर्श माध्यमिक विद्यालयमा महिला फिडर छात्राबास सञ्चालन भइरहेको छ । आदर्श माध्यमिक विद्यालयमा यो कार्यक्रम वि.सं. २०३६ सालबाट शुरु भएको हो । यो कार्यक्रमको सेवाक्षेत्र भित्र धनकुटा, तेह्रथुम, ताप्लेजुङ, पाँचथर, इलाम र झापा जिल्ला पर्दछन् । प्रारम्भमा यो कार्यक्रम कक्षा ६–१० लाई लक्षित गरेर ल्याइएको भए पनि शिक्षा ऐनको नयाँ व्यवस्था अनुसार कक्षा ९–१२ लाई माध्यमिक तह मानिएपछि हाल यो छात्राबासमा कक्षा ११ र १२ मा विज्ञान विषय अध्ययन गर्ने छात्राहरू बस्ने गरेका छन् ।

आदर्श माध्यमिक विद्यालयको महिला फिडर छात्राबासमा हाल कक्षा ११ का १० जना र कक्षा १२ का ९ जना गरेर जम्मा १९ जना छात्राहरू रहेका छन् । यस छात्रबासमा बसेर अध्ययन गर्ने छात्राहरूले प्रतिवर्ष १० महिनाको लागि मासिक रु. पाँच हजार छात्रवृत्ति प्राप्त गर्दछन् भने विद्यालयले व्यवस्थापन खर्च बापत वार्षिक एकमुष्ट रु. दुई लाख पचास हजार अनुदान प्राप्त गर्दछ । विद्यालयले यो रकम तोकिएको मापदण्ड अनुसार चौकीदार, भान्से र वार्डेनको व्यवस्था, खानेपानी र बत्ती महसुल, अतिरिक्त कक्षा आदि शीर्षकमा खर्च गर्नु पर्दछ ।

### ५.२.३. समस्या र चुनौती

- **समस्या**

क. जीर्ण भौतिक संरचना ( आवास, फर्निचर, लुगाफाटा, शौचालय आदि ) ।
ख. विद्युतीय उपकरणहरूको अभाव ।
ग. वर्तमान मुद्रास्फितिको तुलनामा अपर्याप्त बजेट ।
घ. राज्यको संघीय संरचना अनुसार स्थानीय सरकारलाई छात्राबासको व्यवस्थापकीय जिम्मेवारी प्रदान नगरिएको ।

- **चुनौती**

क. न्यून सरकारी अनुदान र सीमित स्थानीय स्रोतका बिचमा छात्राबासलाई डिजिटल र आधुनिक सिकाइ केन्द्रको रुपमा रुपान्तरण गर्नु।

ख. संघीय सरकारबाट प्राप्त हुने सशर्त अनुदान र नगरपालिकाको आन्तरिक स्रोतको साझेदारी गरी दिगो आर्थिक स्रोतको व्यवस्था गर्नु।

ग. छात्राबासको सुरक्षा, तनाव व्यवस्थापन, शैक्षिक उन्नति र वृत्तिमार्ग निर्देशनलाई विश्वसनीय र संस्थागत बनाउनु ।

### ५.२.४ उद्देश्य

क. छात्राबासको सेवा क्षेत्र भित्रका विपन्न, पिछडिएको क्षेत्र , दलित, जनजाति, लोपोन्मुख, सिमान्तकृत र जेहेन्दार छात्राहरूलाई आवास सहितको सुरक्षित, प्रविधिमैत्री, जीवनोपयोगी र गुणस्तरीय शिक्षाको अवसर सुनिश्चित गर्नु।

ख. छात्राबासको भौतिक र व्यवस्थापकीय पक्षलाई स्थानीय आवश्यकताका आधारमा व्यवस्थापन तथा सुदृढीकरण र आधुनिकीकरण गर्नु।

ग. कक्षा ११ र १२ मा विज्ञान विषय अध्ययन गर्ने छात्राहरूको शैक्षिक उन्नति, क्षमता विकास र वृत्तिमार्ग निर्देशनमा सहयोग पुऱ्याउनु।

घ. छात्राबासको आवासीय सुविधा सहित कक्षा ११ र १२ मा अध्ययन गरिरहेका छात्राहरूको वृत्ति विकास सम्बन्धी अभिलेखको व्यवस्था गर्नु।

### ५.२.५ रणनीतिहरू

योजनाले निर्धारण गरेका उद्देश्य प्राप्त गर्न निम्न अनुसारका रणनीतिहरू अवलम्बन गरिनेछ।

क. छात्राबासको भौतिक पूर्वाधार सुधारका लागि संघ, प्रदेश, स्थानीय सरकार र सामाजिक संस्थासँग आवश्यक समन्वय र सहकार्य गरिनेछ।

ख. विज्ञान शिक्षा प्रवर्द्धन कार्यक्रममा पनि छात्राबास स्तरोन्नतिको कार्यक्रम समावेश गरिनेछ।

ग. छात्राबासमा बसेर अध्ययन गर्ने छात्राहरूका लागि अतिरिक्त कक्षा, शैक्षिक परामर्श, वृत्तिमार्ग निर्देशन र स्वास्थ्य परीक्षणको व्यवस्था मिलाइनेछ।

घ. छात्राहरूको छात्रबृत्ति र व्यवस्थापन खर्चलाई समयानुकूल रुपमा वृद्धि गर्नको लागि संघीय सरकारलाई अनुरोध गरिनेछ।

ङ. छात्राबासको नियमित अनुगमन र पृष्ठपोषणको लागि इलाम नगरपालिकाको संयोजनमा एउटा संयन्त्र निर्माण गरिनेछ।

### ५.२.६ अपेक्षित उपलब्धि

क. आदर्श माध्यमिक विद्यालयमा सञ्चालित महिला फिडर छात्राबासको भौतिक संरचना पुनर्निर्माण भई सुरक्षित, अपाङ्गमैत्री र सुविधायुक्त भएको हुनेछ।

ख. छात्राबासमा बस्ने छात्राहरूको पोषण, स्वास्थ्य, जीवनोपयोगी सीप र सिकाइ उपलब्धिमा सकारात्मक सुधार आएको हुनेछ ।

ग. आवासीय छात्राहरूले युग सापेक्ष प्रविधिको सुविधाको उपयोग गरिरहेका हुनेछन् ।

घ. छात्राबासको उचित व्यवस्थापनमा इलाम नगरपालिका शिक्षा शाखा, विद्यालय व्यवस्थापन समिति र छात्राबास व्यवस्थापन समितिबिच समन्वय र सहकार्य भएको हुनेछ ।

ङ. यस छात्राबासमा बसोबास गर्ने पूर्व छात्राहरूले गरेको शैक्षिक उन्नयनको अभिलेख व्यवस्थित भएको हुनेछ ।

### ५.२.७. प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | एकाइ | पहिलो आ.व | दोस्रो आ.व | तेस्रो आ.व | चौथो आ.व | पाँचौं आ.व | जम्मा |
| १ | छात्राबास व्यवस्थापन समिति, नगर शिक्षा शाखा र विद्यालय व्यवस्थापन समितिबिच अन्तरक्रिया | पटक | | १ | १ | १ | १ | ४ |
| २ | छात्राबासका सेवा सुविधाहरूको अभिमुखीकरण | पटक | | १ | १ | १ | १ | ४ |
| ३ | छात्राहरूलाई शैक्षिक एवम् मनोसामाजिक परामर्श | पटक | | १ | १ | १ | १ | ४ |
| ४ | छात्राबास भवन सबलीकरण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ५ | फर्निचर निर्माण तथा मर्मत | पटक | १ | | १ | - | | २ |
| ६ | छात्राबासमा ई–लाइब्रेरी स्थापना | पटक | - | - | - | १ | - | १ |
| ७ | छात्राबास वार्डेनको लागि प्राथमिक होस्टल व्यवस्थापन तालिम | पटक | | - | १ | - | - | १ |
| ८ | भान्सेका लागि पोषण र पाकशिक्षा सम्बन्धी तालिम | पटक | | १ | - | १ | - | २ |

## ५.३ बौद्धिक अपाङ्गता स्रोत कक्षा

### ५.३.१ परिचय

बौद्धिक अपाङ्गता भनेको औसतभन्दा कम मानसिक क्षमताका कारण दैनिक जीवनका लागि आवश्यक सीपहरूमा कमी हुनु हो । यस अवस्थाका बालबालिकामा व्यक्तिगत उमेर र परिस्थितिअनुसार मस्तिष्कको विकास हुन सक्दैन, जसले गर्दा बुझाइ, सोच, स्मरण शक्ति र व्यवहारिक कामहरू गर्न कठिनाइ हुन्छ ।

बौद्धिक अपाङ्गता भएका बालबालिकाहरूको शैक्षिक आवश्यकतालाई ध्यानमा राखेर उनीहरूको क्षमता अनुसार शिक्षा दिन र सीप विकास गर्नका लागि नियमित विद्यालय भित्रै सञ्चालन गरिने कक्षा नै बौद्धिक अपाङ्गता स्रोत कक्षा हो । नेपालका विभिन्न

विद्यालयहरूमा बौद्धिक अपाङ्गता स्रोत कक्षाहरू सञ्चालन भइरहेका छन् । जसमध्ये इलाम जिल्लाको इलाम नगरपालिका अन्तरगत अमर माध्यमिक विद्यालय बरवोटेमा सञ्चालित बौद्धिक अपाङ्गता स्रोत कक्षा पनि एक हो ।

### ५.३.२ वर्तमान अवस्था

समावेशी शिक्षाको अवधारणा अनुसार प्रत्येक बालबालिकालाई उनीहरूको क्षमता, अवस्था र आवश्यकता अनुसार जीवनोपयोगी र गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गर्नु राज्यको दायित्व हो । त्यसैले बौद्धिक अपाङ्गता भएका बालबालिकाहरूलाई नियमित कक्षाकोठा भित्र राखेर मात्र आवश्यक शिक्षा प्रदान गर्न कठिन हुने भएकोले छुट्टै बौद्धिक अपाङ्गता स्रोत कक्षा सञ्चालन गरिएको हो । अमर माध्यमिक विद्यालय बरबोटे इलाममा सञ्चालित बौद्धिक अपाङ्गता स्रोत केन्द्रले यसै अवधारणा अनुसार यस भेगका बौद्धिक अपाङ्गता भएका विद्यार्थीहरूलाई उनीहरूको व्यक्तिगत आवश्यकता अनुरूप शैक्षिक, सामाजिक, व्यावहारिक तथा जीवनोपयोगी सिप विकासका अवसरहरू प्रदान गर्दै आएको छ ।

अमर माध्यमिक विद्यालय बरबोटेको बौद्धिक अपाङ्गता स्रोत कक्षाको स्थापना वि.सं. २०५४ सालमा भएको थियो । यो स्रोत कक्षामा २०५५ साल बैशाखबाट पठनपाठन कार्य प्रारम्भ भएको हो । प्रारम्भमा एउटा कार्यक्रम (कोटा) बाट शुरु भएको यो कक्षामा विद्यार्थीसङ्ख्या वृद्धि भएपछि कार्यक्रम (कोटा) थप हुँदै गयो र हाल यहाँ ३ वटा (कोटा) कार्यक्रमहरू सञ्चालन भइरहेका छन् । कार्यक्रमको एउटा (कोटा) को लागि १ जना स्रोत शिक्षक र १ जना आया रहने प्रावधान अनुसार हाल यहाँ ३ जना स्रोत शिक्षक र ३ जना आयाहरू कार्यरत छन् । यस श्रोत कक्षामा अहिले २१ जना विद्यार्थीहरू आवासीय रूपमा अध्ययन गरिरहेका छन् । यस विद्यालयमा स्रोत कक्षाको लागि कक्षा कोठा १, अपाङ्गमैत्री शौचालय १, आवास कोठा ३ र भान्सा कोठा १ वटा रहेका छन् । पठनपाठन, आवास र भान्सा व्यवस्थापनको दृष्टिले यो स्रोत कक्षा नेपालका राम्रा स्रोत कक्षाहरूमध्ये एउटा मानिन्छ । यस स्रोत कक्षा अन्तर्गत बाल बचत कोष पनि सञ्चालन गरिएको छ । अमर माध्यमिक विद्यालय बरबोटेको बौद्धिक अपाङ्गता स्रोत कक्षाको लागि आ.व. २०८१/८२ मा निकासा भएको रकमको विवरण यस प्रकार छ ।

| क्र.सं. | शीर्षक | निकासा भएको रकम (रुपैयाँ) |
|---|---|---|
| १ | आवासीय छात्रवृत्ति | १०,५०,००० |
| २ | स्रोतकक्षा व्यवस्थापन अनुदान | ७,३५,००० |
| ३ | स्रोतकक्षा व्यवस्थापन अनुदान (स्थानीय तह) | १,५३,८७८ |
| **जम्मा** | | **१९,३८,८७५** |

### ५.३.३ समस्या र चुनौती

यस स्रोत कक्षाका प्रमुख समस्या र चुनौतीहरू यस प्रकार छन् ।

- **समस्या**

क. अभिभावक तथा समुदायमा बौद्धिक अपाङ्गता सम्बन्धी चेतनाको अभाव ।
ख. भौतिक संरचना र फर्निचरहरू निर्माण र मर्मत गर्नुपर्ने अवस्थामा रहेको ।
ग. अपर्याप्त सरकारी अनुदान ।
घ. विशेष शिक्षण सामग्री र सहायक उपकरणहरूको अभाव ।

- **चुनौती**

क. विभिन्नस्तरको बौद्धिक अपाङ्गता भएका विद्यार्थीहरूलाई एउटै कक्षामा व्यवस्थापन गर्नुपर्ने ।
ख. विद्यालय देखि समुदाय सम्म समावेशी वातावरण सिर्जना गर्नुपर्ने ।
ग. स्रोत कक्षामा सिकेको सीपलाई घर तथा समुदायमा प्रयोग गर्ने वातावरण सिर्जना गर्नु ।
घ. बालबालिकालाई स्रोत कक्षाको जिम्मा दिन नचाहने वा जिम्मा लगाए पछि आफू पन्छिन खोज्ने अभिभावकको चेतनास्तर ।

### ५.३.४ उद्देश्य

क. विद्यार्थीको बौद्धिक, सामाजिक, व्यावहारिक तथा जीवनोपयोगी सीपको विकास गर्नु,
ख. वैयक्तिक शिक्षा योजना (IEP) प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,
ग. स्रोत कक्षाको भौतिक संरचनालाई बालमैत्री, अपाङ्गतामैत्री र प्रविधिमैत्री बनाउनु,
घ. विद्यार्थीको शारीरिक, मानसिक अवस्था सुधार गर्दै नियमित थेरापी र स्वास्थ्य शिक्षा सुनिश्चित गर्नु ।

### ५.३.५ रणनीतिहरू

योजनाका लागि उल्लेखित उद्देश्यहरू पूरा गर्न निम्न अनुसारका रणनीतिहरू अपनाइनेछ ।

क. बौद्धिक अपाङ्गता भएका विद्यार्थीहरूको खोजी र पहिचान गरिनेछ ।
ख. स्रोत कक्षाको बारेमा प्रचार प्रसार र सचेतना कार्यक्रम गरी विद्यार्थी सङ्ख्या वृद्धि गरिनेछ ।
ग. बौद्धिक अपाङ्गता स्रोत कक्षाका विद्यार्थीहरूको बाल बचत कोषलाई व्यवस्थित गरिनेछ ।
घ. संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, गैरसरकारी संघसंस्था र निजी क्षेत्रसँग साझेदारी र सहकार्य गरेर स्रोत कक्षा व्यवस्थापनका लागि आर्थिक र प्राविधिक स्रोत जुटाइनेछ ।
ङ. स्रोत कक्षामा आवश्यक शैक्षिक सामग्री तथा सहायक उपकरणहरूको व्यवस्था गरिनेछ ।
च. वैयक्तिक शिक्षा योजना (IEP; Individualized Education Plan) निर्माण तथा कार्यान्वयनलाई प्रभावकारी बनाइनेछ ।

छ. स्रोत कक्षामा कार्यरत शिक्षक र कर्मचारीको लागि आधुनिक विशेष शिक्षा र व्यावहारिक व्यवहार विश्लेषण (ABA; Applied Behavior Analysis) सम्बन्धी तालिम प्रदान गरिनेछ।

ज. स्रोत कक्षामा स्रोत शिक्षकको अतिरिक्त फिजियो थेरापिस्ट, स्पिच थेरापिस्ट र मनोसामाजिक परामर्शदाताको सेवालाई नियमित रूपमा जोडिनेछ।

झ. स्रोत कक्षाको नियमित अनुगमन, मूल्याङ्कन तथा नतिजा अभिलेखीकरण गरिनेछ।

### ५.३.६ अपेक्षित उपलब्धि

यो योजना कार्यान्वयन भएपछि निम्न अनुसारका उपलब्धिहरू प्राप्त हुनेछन्

क. विद्यार्थीहरूमा आत्मनिर्भरता र स्वावलम्बनको स्तर वृद्धि भएको हुनेछ।

ख. वैयक्तिक शिक्षा योजना अनुसार विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि भएको हुनेछ।

ग. स्रोत कक्षाको व्यवस्थापन तथा सेवा प्रवाह थप प्रभावकारी भएको हुनेछ।

घ. अभिभावक तथा समुदायमा बौद्धिक अपाङ्गता तथा समावेशी शिक्षाप्रति सकारात्मक सोचको विकास भएको हुनेछ।

### ५.३.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व. | पाँचौं आ.व. | जम्मा |
| १ | अभिभावक अभिमुखीकरण तथा परामर्श | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | भौतिक संरचना निर्माण / मर्मत | | | | १ | १ | १ | ३ |
| ३ | स्रोत कक्षाका शिक्षकहरूको क्षमता विकास तालिम | पटक | | | १ | | | १ |
| ४ | वैयक्तिक शिक्षा योजना (IEP) निर्माण तथा कार्यान्वयन तालिम | पटक | | | १ | | | १ |
| ५ | व्यावहारिक व्यवहार विश्लेषण (ABA) तालिम | पटक | १ | | १ | | | २ |
| ६ | विद्यार्थीको स्वास्थ्य परीक्षण र थेरापी सेवा | पटक | १ | १ | १ | १ | १ | ५ |

# परिच्छेद – ६: सुशासन तथा व्यवस्थापन

## ६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत विकास

### ६.१.१ परिचय

नेपालको संविधानको अनुसूची ८ मा आधारभूत र माध्यमिक शिक्षाको अधिकार स्थानीय तहलाई प्रदान गरिएको छ भने अनुसूची ९ मा शिक्षालाई सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा राखिएको छ । त्यसैले नेपालमा शिक्षाको व्यवस्थापन तथा संस्थागत विकास सङ्घ, प्रदेश र स्थानीय तहको समन्वय र साझेदारीमा हुँदै आएको छ ।

### ६.१.२ वर्तमान अवस्था

शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकासका लागि सङ्घीय संरचना अन्तर्गत शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र, शैक्षिक गुणस्तर परीक्षण केन्द्र, राष्ट्रिय परीक्षा बोर्ड, शिक्षा विकास तथा समन्वय इकाई, जिल्ला शिक्षा समिति आदि संस्थागत संरचनाहरू सञ्चालित छन् भने प्रदेशस्तरमा सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय तथा शिक्षा तालिम केन्द्रहरू रहेका छन् । स्थानीय तह अन्तर्गत नगरपालिकामा शिक्षा, युवा तथा खेलकुद शाखा, नगर शिक्षा समिति, वडा शिक्षा समिति, विद्यालयहरू, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ कार्यकारी समिति, सामुदायिक सिकाइ केन्द्र आदि संस्थागत संरचनाहरू रहेका छन् । इलाम नगरपालिकाले प्राविधिक शिक्षालयको रूपमा इलाम सामुदायिक कृषि क्याम्पस समेत सञ्चालन गरेको छ ।

इलाम नगरपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी नगर शिक्षा नियमावली २०७४ र नगर शिक्षा ऐन २०७५ निर्माण गरेर कार्यान्वयनमा ल्याएको छ । यस नगरपालिकाले शैक्षिक कार्यक्रमहरूलाई व्यवस्थित र प्रभावकारी बनाउन विभिन्न कार्यविधि र निर्देशिकाहरू तयार गरी कार्यान्वयनमा ल्याएको छ । यस नगरपालिका अन्तर्गतका सबै विद्यालयहरूमा नगरपालिकाबाट नियुक्त लेखापरीक्षकहरूबाट लेखा परीक्षण हुने गरेको छ । यस नगरपालिकाभित्र सञ्चालित सबै विद्यालयहरूमा स्थानीय शिक्षा ऐन तथा नियमावली अनुसार विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ कार्यकारी समिति गठन भएर क्रियाशील रहेका छन् । विद्यालयहरूमा विद्यालय सुधार योजना निर्माण गरेर कार्यान्वयनमा ल्याइएको छ । केही विद्यालयहरूमा प्रधानाध्यापक र सहायक प्रधानाध्यापकको अतिरिक्त तहगत इन्चार्जको व्यवस्था गरेर विद्यालयको व्यवस्थापकीय र प्रशासनिक कार्यहरूलाई प्रभावकारी बनाउने प्रयास गरिएको छ ।

यस नगरपालिका अन्तर्गतका विद्यालयहरूको आर्थिक स्रोत र साधनको व्यवस्थापन निम्नानुसार हुने गरेको छ ।

- क. सङ्घीय सरकारबाट प्राप्त अनुदान ।
- ख. प्रदेश सरकारबाट प्राप्त अनुदान ।
- ग. नगरपालिकाबाट प्राप्त अनुदान ।
- घ. विद्यालयको आन्तरिक स्रोत ।
- ङ. चन्दा वा दान ।

### ६.१.३ समस्या र चुनौती

- **समस्या**

क. विद्यालय निरीक्षक र स्रोतव्यक्तिको व्यवस्था नभएकाले विद्यालय अनुगमन तथा शिक्षण सहयोग पद्धतिमा कठिनाइ।
ख. विद्यालय कर्मचारीको दरबन्दी सिर्जना हुन नसक्नु।
ग. सामाजिक परीक्षण प्रतिवेदनको कार्यान्वयनमा कमी।

- **चुनौती**

क. विद्यालयमा समुदायको लगानीमा न्यून सहभागिता।
ख. नयाँ नीतिगत संरचना र पुरानो शिक्षा ऐन।

### ६.१.४ उद्देश्य

क. स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु।
ख. नगरपालिका भित्रका शैक्षिक संस्थाहरूमा कार्यरत जनशक्तिको क्षमता विकास गर्ने।
ग. शिक्षा क्षेत्रको उचित व्यवस्थापनको लागि आवश्यक स्रोत र साधनको व्यवस्था गर्ने।

### ६.१.५ रणनीति

यस योजनाले तय गरेका उद्देश्यहरू हासिल गर्नका लागि निम्न अनुसारका रणनीतिहरू अवलम्बन गरिएको छ।

क. शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गरिनेछ।
ख. शिक्षा सम्बन्धी कानुन, नीति, निर्देशिका, कार्यविधि तथा मापदण्डहरू बनाउँदा सरोकारवालाहरूको सहभागिता गराइनेछ।
ग. शिक्षा, युवा तथा खेलकुद शाखाको संस्थागत संरचना अनुसारको जनशक्तिको व्यवस्था गरिनेछ।
घ. शिक्षा क्षेत्रसँग सम्बद्ध नगरपालिकाका कर्मचारी, विद्यालयका शिक्षक एवम् कर्मचारी र विभिन्न समितिका पदाधिकारीहरूको क्षमता विकास गरिनेछ।
ङ. शिक्षा क्षेत्रसँग सम्बद्ध जिम्मेवार व्यक्ति तथा पदाधिकारीहरूलाई कार्यसम्पादन प्रति उत्तरदायी र नतिजाप्रति जवाफदेही बनाइनेछ।
च. शिक्षक सहायता प्रणालीको व्यवस्था गरिनेछ।
छ. सार्वजनिक खरिद र सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ।
ज. शैक्षिक कार्यक्रमहरूलाई प्रभावकारी ढङ्गबाट सम्पादन गर्नका लागि आवश्यक स्रोत र साधन सङ्कलनको व्यवस्थापन गरिनेछ।

### ६.१.६ उपलब्धि तथा नतिजा

- **उपलब्धि**

नगर शिक्षा योजनाको कार्यान्वयनबाट देहाय बमोजिमको उपलब्धि प्राप्त हुनेछ।

क. आफ्नो भूगोल, स्रोत साधन र जनशक्ति सुहाउँदो शिक्षा नीति तर्जुमा गरेको हुनेछ।

ख. आवश्यक पर्ने शैक्षिक जनशक्तिको व्यवस्थापन भएको हुनेछ।

ग. शिक्षा क्षेत्रमा सम्बद्ध व्यक्ति तथा पदाधिकारीहरूको क्षमता अभिवृद्धि भई उत्तरदायित्व तथा जिम्मेवारीमा वृद्धि भएको हुनेछ।

घ. आवश्यक स्रोत र साधनको व्यवस्थापन भई सबै कार्यक्रमहरू प्रभावकारी रूपमा सम्पादन भएका हुनेछन्।

- **नतिजा**

योजनाको कार्यान्वयनबाट निम्नानुसारको नतिजा प्राप्त हुनेछ।

| क्र.सं. | सूचकहरू | आधार वर्ष २०८२/०८३ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ |
|---|---|---|---|---|---|---|---|
| १ | नियमानुसार विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन भएका विद्यालय सङ्ख्या | ७२ | ७२ | ७२ | ७२ | ७२ | ७२ |
| २ | नियमित रूपमा लेखा परीक्षण भएका विद्यालय सङ्ख्या | ७२ | ७२ | ७२ | ७२ | ७२ | ७२ |
| ३ | विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन भएका विद्यालय सङ्ख्या | ४६ | ४६ | ४६ | ४६ | ४६ | ४६ |
| ४ | नियमित रूपमा सामाजिक परीक्षण भएका विद्यालय सङ्ख्या | ४६ | ४६ | ७२ | ७२ | ७२ | ७२ |
| ५ | सूचना अधिकारीको व्यवस्था भएका विद्यालय सङ्ख्या | ४६ | ४६ | ७२ | ७२ | ७२ | ७२ |
| ६ | गुनासो पेटिका व्यवस्थापन र कार्यान्वयन गर्ने विद्यालय सङ्ख्या | ४६ | ४६ | ७२ | ७२ | ७२ | ७२ |

### ६.१.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५वर्ष) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व | दोस्रो आ.व | तेस्रो आ.व | चौथो आ.व | पाँचौं आ.व | |
| १ | नगरपालिकाको शिक्षा नीति तर्जुमा | पटक | | | १ | | | १ |
| २ | शिक्षा क्षेत्रमा आवश्यक थप कार्यविधि र शिक्षा निर्देशिकाहरू निर्माण | पटक | | | १ | | | १ |
| ३ | विद्यालय लेखा प्रणाली सम्बन्धी तालिम | पटक | | १ | १ | १ | १ | ४ |
| ४ | विद्यालय सुशासन र संस्थागत क्षमता विकास तालिम | पटक | | १ | १ | १ | १ | ४ |
| ५ | सार्वजनिक खरिद र वित्त व्यवस्थापन तालिम | पटक | | | १ | १ | १ | ३ |

## ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ६.२.१ परिचय

शिक्षा योजना कार्यान्वयनको प्रबन्ध भनेको योजनाले तय गरेका उद्देश्यहरू पूरा हुने गरी योजनामा उल्लेखित कार्यक्रमहरू सम्पादन हुने व्यवस्था मिलाउनु हो । कुनै पनि योजनाको सफलता त्यसको कार्यान्वयनमा निर्भर गर्दछ । नगर शिक्षा योजना नगरपालिकाको योजना हो । त्यसैले यसको समयबद्ध र प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्था नगरपालिकाले मिलाउनेछ । नगरपालिकाले नीतिगत, प्रणालीगत र कार्यगत व्यवस्थापनलाई चुस्त दुरुस्त बनाएर योजनाको कार्यान्वयन गर्नेछ ।

### ६.२.२ वर्तमान अवस्था

यो नगर शिक्षा योजना कार्यान्वयन गर्ने दायित्व इलाम नगरपालिकाको हो । नगरपालिकाले आफू अन्तर्गत रहेका संरचनाहरू मार्फत् यसको कार्यान्वयन गर्छ । इलाम नगरपालिकाको शिक्षा योजना कार्यान्वयन गर्ने शैक्षिक संरचनाहरूमा नगरसभा, नगर कार्यपालिका, सामाजिक विकास समिति, नगर शिक्षा समिति, शिक्षा युवा तथा खेलकुद शाखा, १२ वटा वडा शिक्षा समितिहरू, ४६ वटा सामुदायिक र २६ वटा संस्थागत विद्यालयहरू, प्रत्येक विद्यालयका विद्यालय व्यवस्थापन समिति एवम् शिक्षक अभिभावक संघ कार्यकारी समितिहरू र ४ वटा सामुदायिक सिकाइ केन्द्रहरू रहेका छन् ।

### ६.२.३ समस्या र चुनौती

- **समस्या**

  क. अपर्याप्त स्रोत साधन तथा जनशक्ति ।
  ख. योजनाको नियमित अनुगमन र मूल्याङ्कन गर्ने संयन्त्रको अभाव ।

- **चुनौती**

  क. पर्याप्त स्रोत साधन र जनशक्तिको व्यवस्थापन ।
  ख. संघ, प्रदेश र स्थानीय तहका शैक्षिक कार्यक्रमहरूमा समन्वय र सहकार्य ।

### ६.२.४ उद्देश्य

क. प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।
ख. आवश्यक स्रोत साधन, जनशक्ति र संयन्त्रको व्यवस्था गर्नु ।

### ६.२.५ रणनीति

उद्देश्यहरू हासिल गर्नका लागि निम्नानुसारका रणनीति अपनाइनेछ ।

क. संघ र प्रदेशबाट प्राप्त अनुदान रकम समेत समावेश गरी वार्षिक रूपमा नगरपालिकाको शिक्षा सम्बन्धी बजेट तयार गरिनेछ ।
ख. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकता अनुसार कार्यविधि तथा निर्देशिकाहरू निर्माण गरिनेछ ।
ग. एकीकृत शैक्षिक सूचना व्यवस्थापन मार्फत् नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसको नतिजाको समीक्षा गरी आवश्यकता अनुसार सुधार गरिनेछ ।
घ. विद्यालय सुधार योजना निर्माण र सहजीकरण गर्न विद्यालयहरूलाई प्रोत्साहन गरिनेछ ।
ङ. नगर शिक्षा योजनासँग तालमेल हुने गरी विद्यालय सुधार योजना निर्माण गर्न विद्यालयहरूलाई सल्लाह प्रदान गरिनेछ ।
च. विद्यालय व्यवस्थापनलाई सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवार र उत्तरदायी बनाइने छ ।
छ. वित्तीय व्यवस्थापन , खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षाकोठामा समय तथा कार्यको सुनिश्चितता सम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागू गरिनेछ ।
ज. नगर शिक्षा शाखाको क्षमता विकास गरी योजना कार्यान्वयनमा प्राविधिक सहयोग गरिनेछ ।
झ. सामाजिक विकास समिति मार्फत नीति निर्देशन र योजनाको प्रगति कार्यपालिकामा पेश गरी कार्यक्रममा समन्वय गरिनेछ ।
ञ. सामुदायिक सिकाइ केन्द्रहरू मार्फत् सबै उमेर समूहका सिकारूहरूका लागि साक्षरता, साक्षरोत्तर शिक्षा, निरन्तर शिक्षा, वैकल्पिक शिक्षा तथा आय आर्जन र सिप विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रूपमा समेत कार्य गरिनेछ ।
ट. आन्तरिक र बाह्य पक्षको मध्यावधि र अन्तिम मूल्याङ्कन गराइनेछ ।

### ६.२.६ मुख्य उपलब्धि तथा नतिजा

योजनाको कार्य सम्पादनबाट निम्नानुसारको उपलब्धि तथा नतिजा प्राप्त हुनेछन् ।

क. योजना प्रभावकारी रूपमा कार्यान्वयन भएको हुनेछ ।
ख. योजनाका उल्लिखित उद्देश्यहरू प्राप्त भएका हुनेछन् ।

### ६.२.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

नगर शिक्षा योजना कार्यान्वयनका लागि निम्नानुसारका क्रियाकलापहरू सञ्चालन गरिनेछ ।

| क्र.सं. | क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व | दोस्रो आ.व | तेस्रो आ.व | चौथो आ.व | पाँचौं आ.व | जम्मा |
| १ | योजना कार्यान्वयन सम्बन्धी कार्यविधि र निर्देशिका निर्माण | पटक | १ | | | | | १ |
| २ | योजना सम्बन्धी नीति र कार्यक्रमहरूको प्रबोधीकरण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ३ | योजनाको अनुगमन र मूल्याङ्कन सम्बन्धी संयन्त्र निर्माण | पटक | १ | | | | | १ |
| ४ | योजनाको आवधिक समीक्षा | पटक | | | | | १ | १ |
| ५ | एकीकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ६ | प्रगति प्रतिवेदन तयारी, समीक्षा र प्रकाशन | पटक | १ | १ | १ | १ | १ | ५ |

# परिच्छेद – ७: लगानी र स्रोत व्यवस्थापन

## ७.१ परिचय

कुनै पनि क्षेत्रमा राम्रो प्रतिफल प्राप्त गर्नका लागि लगानी आवश्यक हुन्छ। शिक्षाको क्षेत्रमा पनि पर्याप्त लगानी बिना राम्रो प्रतिफलको आशा गर्न सकिँदैन। अझ शिक्षा क्षेत्रमा गरिएको लगानीको प्रतिफल प्राप्त गर्न केही समय पर्खनु पर्ने पनि हुन्छ। नेपालको संवैधानिक व्यवस्था अनुसार विद्यालय शिक्षाको वित्तीय व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय तहको साझेदारी आवश्यक छ। नेपालको संविधान अनुसार स्थानीय तहको वित्तीय स्रोतको लागि सङ्घीय स्रोतबाट सशर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान र विशेष अनुदानको प्रबन्ध गरिएको छ। समानीकरण अनुदान, समपूरक अनुदान र विशेष अनुदान सङ्घीय सरकारबाट प्रदेश तथा स्थानीय तहमा वित्तीय हस्तान्तरण हुने गरेको छ भने सशर्त अनुदान सम्बन्धित सङ्घीय विषयगत मन्त्रालयले तयार गरेका मापदण्डका आधारमा निर्धारित उद्देश्य तथा कार्यक्रमका लागि खर्च गर्ने गरी स्थानीय र प्रदेश तहमा वित्तीय हस्तान्तरण गर्ने गरिएको छ। स्थानीय सरकारले र प्रदेश सरकारले सङ्घ र प्रदेशबाट प्राप्त हुने विभिन्न प्रकारका अनुदानहरू बाहेक आफ्नै स्रोतबाट प्राप्त हुने बजेटबाट पनि शिक्षाको क्षेत्रमा लगानी गर्न सक्दछन्।

इलाम नगरपालिकाले यो नगर शिक्षा योजना कार्यान्वयनका लागि यस योजनाको परिच्छेद ३, ४, ५ र ६ मा प्रस्तावित क्रियाकलापहरूका निम्ति आवश्यक पर्ने बजेट अनुमान, प्रक्षेपण, स्रोतको पहिचान र व्यवस्थापन गर्नुपर्ने हुन्छ। स्रोतहरूको पहिचान र विश्लेषण गर्दा सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार र अन्य सङ्घ संस्थाहरूबाट प्राप्त हुने बजेटको अनुमान गरी कार्यान्वयन हुन सक्ने कार्यक्रमलाई प्राथमिकीकरण गर्नुपर्छ।

## ७.२ वर्तमान अवस्था

नेपालमा शिक्षाको क्षेत्रमा पर्याप्त मात्रामा आर्थिक लगानी हुन सकिरहेको छैन। विगत ५ वर्षको अवस्थालाई हेर्दा नेपालमा कुल बजेटको लगभग ११ प्रतिशत रकम मात्र शिक्षा क्षेत्रमा लगानी हुने गरेको छ। नेपालमा विगत ५ आर्थिक वर्षमा शिक्षा क्षेत्रमा छुट्याइएको बजेटको प्रतिशत यस प्रकार रहेको छ।

| आर्थिक वर्ष | बजेट प्रतिशत |
|---|---|
| २०७८/०७९ | १०.९३% |
| २०७९/०८० | ११.९४% |
| २०८०/०८१ | ११.२६% |
| २०८१/०८२ | १०.९५% |
| २०८२/०८३ | १०.७५% |

## इलाम नगरपालिकाको गत पाँच वर्षको शिक्षा क्षेत्रको वजेट विवरण

| आर्थिक वर्ष | सङ्घीय सरकार (सशर्त बजेट (उपशाखा) | प्रदेश सरकार | स्थानीय सरकार | जम्मा |
|---|---|---|---|---|
| २०७८/०७९ | २५,६९,१५,००० | - | १,००,००,००० | २६६९१५००० |
| २०७९/०८० | २७,२१,५७,००० | - | २,४०,७९,८४० | २९६२३६८४० |
| २०८०/०८१ | ३१,०६,००,००० | - | २,५७,१५,००० | ३३६३१५००० |
| २०८१/०८२ | ३१,४५,५६,००० | - | २,३५,१०,५०० | ३३८०६६५०० |
| २०८२/०८३ | ३२,५०,००,००० | ४३,७८,००० | २,९९,५३,५१३ | ३५९३३१५१३ |

आर्थिक वर्ष २०८२/८३ भन्दा अगाडिका आर्थिक वर्षका लागि प्रदेश  सरकारको कार्यक्रम तथा बजेट स्थानीय पालिका मार्फत् नभएर सोझै विद्यालयको खातामा निकासा दिएको थियो।

शिक्षामा लगानीका प्रमुख क्षेत्रहरू तलब भत्ता, भौतिक संरचना, छात्रवृत्ति, पाठ्यपुस्तक, दिवा खाजा, विद्यालय सञ्चालन तथा व्यवस्थापन, स्यानिटरी प्याड व्यवस्थापन आदि हुन्। इलाम नगरपालिका भित्रको शिक्षामा निजी क्षेत्रको पनि ठूलो रकम लगानी भइरहेको छ।

इलाम नगरपालिकाबाट अमर माध्यमिक विद्यालय बरबोटेको बौद्धिक अपाङ्गता स्रोत कक्षामा, आदर्श माध्यमिक विद्यालयको महिला फिडर छात्राबासमा र इलाम सामुदायिक कृषि क्याम्पसमा समेत लगानी र स्रोत व्यवस्थापन गरिएको छ।

### ७.३ समस्या तथा चुनौतीहरू

शिक्षा क्षेत्रमा लगानी र स्रोत व्यवस्थापनको क्षेत्रमा निम्नानुसारका समस्या र चुनौतीहरू रहेका छन्।

- **समस्याहरूः**
  - क. शिक्षा क्षेत्रमा आवश्यक मात्रामा लगानी तथा स्रोत व्यवस्थापन हुन नसक्नु।
  - ख. विद्यालय सुधार योजनालाई आधार मानेर लगानी र स्रोत व्यवस्थापन नहुनु।
  - ग. नगर शिक्षा योजना नहुनु।

- **चुनौतीहरूः**
  - क. शिक्षा क्षेत्रमा पर्याप्त लगानी र पूँजी व्यवस्थापन।
  - ख. शिक्षाका प्रमुख क्षेत्र र उपक्षेत्रहरूमा लगानीको प्राथमिकीकरण।
  - ग. शिक्षा क्षेत्रमा लगानी र पुँजी व्यवस्थापनमा प्रभावकारिता र पारदर्शिता।
  - घ. बद्लिँदो परिवेश अनुसार स्रोत व्यवस्थापनको अनुकूलन।

## ७.४ उद्देश्य

लगानी र स्रोत व्यवस्थापन सम्बन्धमा यस नगर शिक्षा योजनाका उद्देश्यहरू यस प्रकार छन्।

क. शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु।
ख. योजनामा समावेश भएका कार्यक्रमहरूको कार्यान्वयनको लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु।
ग. उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रम कार्यान्वयन गर्नु।

## ७.५ रणनीति

योजनामा उल्लेखित उद्देश्यहरू हासिल गर्नका लागि निम्नानुसारका रणनीतिहरू अपनाइनेछ।

क. सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा आन्तरिक स्रोतबाट शिक्षामा लगानी वृद्धि गरिनेछ।
ख. विद्यालय शिक्षामा पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानीको प्रभावकारिता बढाइनेछ।
ग. शिक्षामा निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाई उचित नियमनका साथ प्रोत्साहन तथा प्रवर्द्धन गरिनेछ।
घ. शैक्षिक कार्यक्रम कार्यान्वयनका लागि संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ।
ङ. कार्यक्रमको प्राथमिकीकरण गरी सोही अनुसार लगानीको व्यवस्थापन गरिनेछ।
च. निर्धारित मापदण्डको आधारमा खर्च गर्ने र प्रतिवेदन तयार गर्ने पद्धति अवलम्बन गरिनेछ।
छ. अभिभावकहरूलाई शिक्षाका विभिन्न क्षेत्रहरूमा लगानी गर्न प्रोत्साहन र सम्मानका कार्यक्रमहरू ल्याइनेछ।
ज. लगानीको परिचालन तथा उपयोग गर्ने संस्था विद्यालय भएकोले नतिजा र गुणस्तर हासिल गर्नको लागि विद्यालयलाई जवाफदेही बनाइनेछ।
झ. लागत साझेदारीमा आधारित कार्यक्रमहरू सञ्चालन गरिनेछ।
ञ. वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाइनेछ।

## ७.६ प्रमुख उपलब्धि

यो शिक्षा योजनाको कार्यान्वयनबाट निम्नानुसारका उपलब्धिहरू हासिल हुनेछन्।
क. पर्याप्त बजेटको व्यवस्था भएर त्यसको सही सदुपयोग भएको हुनेछ।
ख. वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुनेछ।

## ७.७ प्रमुख क्रियाकलाप र लक्ष्य

### अ. संघीय सरकारबाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट

### क. प्रारम्भिक बालविकास र शिक्षा

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र / विषय | आर्थिक वर्ष (रकम रूपयाँमा) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | पाँच वर्षको जम्मा |
| १ | बाल शिक्षक तलव भत्ता | १८०४४६५० | १९८४९११५ | २१८३४०२७ | २४०१७४२९ | २६४१९१७२ | ११०१६४३९३ |
| २ | प्रति विद्यार्थी लागत अनुदान | ३७५००० | ४१२५०० | ४५३७५० | ४९९१२५ | ५४९०३८ | २२८९४१३ |
| ३ | दिवा खाजा अनुदान | २६०२८०० | २६०२८०० | २६०२८०० | २६०२८०० | २६०२८०० | १३०१४००० |
| ४ | पोशाक भत्ता | १३४०००० | १३४०००० | १३४०००० | १३४०००० | १३४०००० | ६७००००० |
| ५ | कार्यक्षमता अभिवृद्धि | ३५०००० | ३८५००० | ४२३५०० | ४६५८५० | ५१२४३५ | २१३६७८५ |

### ख.आधारभूत शिक्षा

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र/विषय | आर्थिक वर्ष (रकम रुपैयाँमा) | | | | | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | |
| १ | शिक्षक तलव भत्ता | १९७१००००० | २१६८१०००० | २३८४९१००० | २६२३४०१०० | २८८५७४११० | १२०३३१५२१० |
| २ | शिक्षण सहयोग अनुदान | ० | ० | ४६१४९० | ९२२९८० | १६८४४७० | ३०६८९४० |
| ३ | कर्मचारी तलब भत्ता | १२१९९२०० | १३४१९१२० | १४७६१०३२ | १६२३७१३५ | १७८६०८४९ | ७४४७७३३६ |
| ४ | पोशाक भत्ता | ३०२०००० | ३०२०००० | ३०२०००० | ३०२०००० | ३०२०००० | १५१००००० |
| ५ | दिवा खाजा | ५३२०८०० | ५३२०८०० | ५३२०८०० | ५३२०८०० | ५३२०८०० | २६६०४००० |
| ६ | छात्रवृत्ति | २०००८०० | २१००८४० | २२०५८८२ | २३१६१७६ | २४३१९८५ | ११०५५६८३ |
| ७ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | ५४०००० | ६४८००० | ७७७६०० | ९३३१२० | १११९७४४ | ४०१८४६४ |
| ८ | प्रति विद्यार्थी लागत अनुदान | ५०५३५० | ५३०६१८ | ५५७१४८ | ५८५००६ | ६१४२५६ | २७९२३७८ |
| ९ | नि:शुल्क पाठ्यपुस्तक अनुदान | १६४२२८७ | १७२४४०१ | १८१०६२१ | १९०११५२ | १९९६२१० | ९०७४६७२ |
| १० | शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य-सम्पादनमा आधारित प्रोत्साहन अनुदान | ० | ० | ५००००० | ६००००० | ७००००० | १८००००० |
| ११ | सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना | ५००००० | ५००००० | ५००००० | ५००००० | ५००००० | २५००००० |
| १२ | शैक्षिक सुशासनका लागि क्षमता विकास, विद्यार्थी | ५००००० | ५००००० | ५००००० | ५००००० | ५००००० | २५००००० |

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र/विषय | आर्थिक वर्ष (रकम रुपैयाँमा) | | | | | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | |
| | परीक्षण मूल्याङ्कन, शिक्षक मेन्टरिङ्ग तथा विद्यालय सुपरीवेक्षण | | | | | | |
| १३ | सेनीटरी प्याड व्यवस्थापन | ६९०१५२ | ६९०१५२ | ६९०१५२ | ६९०१५२ | ६९०१५२ | ३४५०७६० |
| १४ | भौतिक पूर्वाधार | ० | ० | १५००००० | २०००००० | २५००००० | ६०००००० |

## ग. माध्यमिक शिक्षा

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र/विषय | आर्थिक वर्ष (रकम रुपैयाँमा) | | | | | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | |
| १ | शिक्षक तलव भत्ता | ५६६१००००० | ६२२७१०००० | ६८४९८१००० | ७५३४७९१०० | ८२८८२७०१० | ३४५६०९७११० |
| २ | शिक्षण सहयोग अनुदान | १७३४००० | १७३४००० | १७३४००० | १७३४००० | १७३४००० | ८६७०००० |
| ३ | कर्मचारी तलब भत्ता | ३८०२५०० | ४१८२७५० | ४६०१०२५ | ५०६११२८ | ५५६७२४० | २३२१४६४३ |
| ४ | पोशाक भत्ता | ८१०००० | ८१०००० | ८१०००० | ८१०००० | ८१०००० | ४०५०००० |
| ५ | छात्रवृत्ति | १५३४००० | १६१०७०० | १६९१२३५ | १७७५७९७ | १८६४५८७ | ८४७६३१८ |
| ६ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | ३५५००० | ४२६००० | ५११२०० | ६१३४४० | ७३६१२८ | २६४१७६८ |
| ७ | प्रति विद्यार्थी लागत अनुदान | ४५७९५० | ४८०८४८ | ५०४८९० | ५३०१३४ | ५५६६४१ | २५३०४६३ |
| ८ | नि:शुल्क पाठ्यपुस्तक अनुदान | १०७१६७८१ | ११२५२६२० | ११८१५२५१ | १२४०६०१४ | १३०२६३१४ | ५९२१६९८० |
| ९ | शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य-सम्पादनमा आधारित प्रोत्साहन अनुदान | ८०००००० | ८४००००० | ८८२०००० | ९२६१००० | ९७२४०५० | ४४२०५०५० |
| १० | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा बैकल्पिक शिक्षा कार्यक्रम | १३५२००० | १३५२००० | १३५२००० | १३५२००० | १३५२००० | ६७६०००० |
| ११ | शैक्षिक सुशासनका लागि क्षमता विकास विद्यार्थी परीक्षण मूल्याङ्कन शिक्षक मेण्टरिङ्ग तथा विद्यालय सुपरीवेक्षण | १२२०००० | १२८१००० | १३४५०५० | १४१२३०३ | १४८२९१८ | ६७४१२७० |
| १२ | सेनीटरी प्याड व्यवस्थापन | ९५३२८० | ९५३२८० | ९५३२८० | ९५३२८० | ९५३२८० | ४७६६४०० |
| १३ | भौतिक पूर्वाधार | १२०००००० | १२०००००० | १२०००००० | १२०००००० | १२०००००० | ६०००००००० |

### घ. प्राविधिक तथा व्यावसायिक शिक्षा

| क्र.सं. | रकम प्राप्त हुने उपक्षेत्र/विषय | आर्थिक वर्ष (रकम रुपैयाँमा) | | | | | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | |
| १ | सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (TECS) कार्यक्रम सञ्चालन | | | | | | |
| i | तलब भत्ता | ० | ० | ० | ११५५९१४ | १२७१५०५ | २४२७४१९ |
| ii | शैक्षिक सामाग्री तथा मसलन्द | ० | | | ५००० | ५५०० | १०५०० |
| २ | इलाम सामुदायिक कृषि क्याम्पस स्तरोन्नति | ० | ० | ६०००००० | ६०००००० | ६६००००० | १८६००००० |

### आ. प्रदेश सरकारबाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका कार्यक्रमहरूमा प्राप्त हुने अनुमानित बजेट

### क. प्रारम्भिक बाल विकास

| क्र.सं | अनुदान प्राप्त हुने उपक्षेत्र / विषय | आर्थिक वर्ष (रकम रूपैयाँमा) | | | | | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | |
| १ | बाल विकास केन्द्र कक्षाकोठा मर्मत | ० | ० | १२००००० | १२००००० | १२००००० | ३६००००० |
| २ | बाल विकास केन्द्र फर्निचर निर्माण | ० | ० | १२००००० | १२००००० | १२००००० | ३६००००० |

### ख. आधारभूत तह

| क्र.सं | अनुदान प्राप्त हुने उपक्षेत्र / विषय | आर्थिक वर्ष (रकम रूपैयाँमा) | | | | | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | |
| १ | भवन निर्माण | ८००००० | ८००००० | ८००००० | ८००००० | ८००००० | ४०००००० |
| २ | कक्षा कोठा मर्मत | ० | ० | ५००००० | ५००००० | ५००००० | १५००००० |
| ३ | विद्यालय घेराबारा | ५००००० | ५००००० | ५००००० | ५००००० | ५००००० | २५००००० |
| ४ | फर्निचर निर्माण | ० | ० | १२००००० | १२००००० | १२००००० | ३६००००० |
| ५ | खेल मैदान | ५००००० | ५००००० | ५००००० | ५००००० | ५००००० | २५००००० |

### ग. माध्यमिक तह

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र / शीर्षक | आर्थिक वर्ष (रकम रूपैयाँमा) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | पाँच वर्षको जम्मा |
| १ | खेल मैदान निर्माण | १००००००० | १००००००० | १००००००० | १००००००० | १००००००० | ५००००००० |
| २ | संग्रहालय निर्माण | ० | ० | ५०००००० | ५०००००० | ५०००००० | १५०००००० |
| ३ | हरित विद्यालय निर्माण | ० | ० | ५०००००० | ५०००००० | ५०००००० | १५०००००० |
| ४ | भवन निर्माण | १००००००० | १००००००० | १००००००० | १००००००० | १००००००० | ५००००००० |

### घ. प्राविधिक तथा व्यावसायिक शिक्षा

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र / शीर्षक | आर्थिक वर्ष (रकम रूपैयाँमा) | | | | | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | |
| १ | इलाम सामुदायिक कृषि क्याम्पस प्रयोगशाला स्तरोन्नति | ५०००००० | १५०००००० | १५०००००० | १५०००००० | १५०००००० | ६५०००००० |

### ङ. अनौपचारिक शिक्षा

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र / शीर्षक | आर्थिक वर्ष (रकम रूपैयाँमा) | | | | | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | |
| १ | नमुना सामुदायिक सिकाइ केन्द्र स्थापना | ० | ० | ५०००००० | ५०००००० | ५०००००० | १५०००००० |
| २ | आय आर्जनसँग सम्बन्धित अल्पकालीन तालिम सञ्चालन | ० | ० | ८०००००० | ८०००००० | ८०००००० | २४०००००० |

## इ. स्थानीय सरकारबाट प्राप्त अनुमानित बजेट

### क. प्रारम्भिक बालविकास

| क्र. सं. | अनुदान प्राप्त हुने उपक्षेत्र / विषय | आर्थिक वर्ष (रकम रूपैयाँमा) | | | | | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | |
| १ | बालशिक्षक थप तलब भत्ता | ४१९९६५० | ४१९९६५० | ४१९९६५० | ४१९९६५० | ४१९९६५० | २०९९८२५० |
| २ | नमुना बालविकास केन्द्र सञ्चालन | ० | ० | १२००००० | १२००००० | १२००००० | ३६००००० |
| ३ | मन्टेश्वरी / बालमैत्री कक्षा सञ्चालन तालिम | ० | ० | ३००००० | ३००००० | ३००००० | ९००००० |

### ख. आधारभूत तह

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र / विषय | आर्थिक वर्ष (रकम रूपैयाँमा) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | पाँच वर्षको जम्मा |
| १ | न्यूनतम पूर्वाधार विकास सहयोग | १२००००० | १२००००० | १२००००० | १२००००० | १२००००० | ६००००००० |
| २ | स्थानीय पाठ्यक्रम पाठ्यपुस्तक निर्माण | ३०००००० | १०००००० | १०००००० | १०००००० | १०००००० | ७०००००० |
| ३ | स्थानीय विषय शिक्षक निर्देशिका निर्माण | ० | ० | १०००००० | १०००००० | १०००००० | ३०००००० |
| ४ | अभिभावक शिक्षा | ६००००० | ६००००० | ६००००० | ६००००० | ६००००० | ३०००००० |
| ५ | पाठ्यक्रम प्रवोधीकरण | ० | ० | ३००००० | ३००००० | ३००००० | ९००००० |
| ६ | शैक्षिक सामग्री निर्माण कार्यशाला | १२०००० | १२०००० | १२०००० | १२०००० | १२०००० | ६००००० |
| ७ | बालमैत्री कक्षा व्यवस्थापन | ० | ० | १२०००० | १२०००० | १२०००० | ३६०००० |
| ८ | मागमा आधारित तालिम | ० | ० | २००००० | २००००० | २००००० | ६००००० |
| ९ | कक्षाकोठा प्रतिवेदन डायरी व्यवस्थापन | २००००० | २००००० | २००००० | २००००० | २००००० | १०००००० |

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र / विषय | आर्थिक वर्ष (रकम रूपैयाँमा) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | पाँच वर्षको जम्मा |
| १० | निरन्तर विद्यार्थी मूल्याङ्कन व्यवस्थापन | ० | ० | १००००० | १००००० | १००००० | ३००००० |
| ११ | नगरस्तरीय परीक्षा सञ्चालन | ८००००० | ८००००० | ८००००० | ८००००० | ८००००० | ४०००००० |
| १२ | करार शिक्षक छनौट तथा व्यवस्थापन | ३००००० | ३००००० | ३००००० | ३००००० | ३००००० | १५००००० |
| १३ | प्रतिभा पहिचान कार्यक्रम | ८००००० | ८००००० | ८००००० | ८००००० | ८००००० | ४०००००० |
| १४ | विद्यालय, शिक्षक, कर्मचारी एवम् विद्यार्थी प्रोत्साहन | ३००००० | ३००००० | ३००००० | ३००००० | ३००००० | १५००००० |
| १५ | प्राथमिक उपचार सामग्री वितरण | ० | ० | ४६०००० | ४६०००० | ४६०००० | १३८०००० |

## ग. माध्यमिक तह

| क्र.सं. | अनुदान प्राप्त हुने उपशीर्षक / विषय | आर्थिक वर्ष (रकम रूपैयाँमा) | | | | | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | |
| १ | विद्यालय भौतिक पूर्वाधार निर्माण र मर्मत | १२००००० | १२००००० | १२००००० | १२००००० | १२००००० | ६०००००० |
| २ | गणित प्रयोगशाला निर्माण | ० | ० | ६५०००० | ६५०००० | ६५०००० | १९५०००० |
| ३ | पाठ्यक्रम प्रवोधीकरण | ० | ० | ० | ३००००० | | ३००००० |
| ४ | मागमा आधारित तालिम/अभिमुखीकरण | | | | ३००००० | | ३००००० |
| ५ | शैक्षिक सामग्री निर्माण कार्यशाला | | | | ३००००० | | ३००००० |
| ६ | बालमैत्री कक्षा व्यवस्थापन | | | | २६०००० | २६०००० | ५२०००० |
| ७ | प्रविधिमैत्री शिक्षक तालिम | | | | ३००००० | | ३००००० |
| ८ | छात्रवृत्ति | ६५७६०० | ६५७६०० | ६५७६०० | ६५७६०० | ६५७६०० | ३२८८००० |
| ९ | राष्ट्रपति रनिङ शिल्ड | १०००००० | १०००००० | १०००००० | १०००००० | १०००००० | ५०००००० |
| १० | प्रश्नपत्र निर्माण कार्यशाला | १००००० | १००००० | १००००० | १००००० | १००००० | ५००००० |
| ११ | विद्युतीय हाजिरी व्यवस्थापन | ३५१००० | | | | | ३५१००० |

| क्र.सं. | अनुदान प्राप्त हुने उपशीर्षक / विषय | आर्थिक वर्ष (रकम रूपैयाँमा) | | | | | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | |
| १२ | सूचना तथा सञ्चार प्रविधि संयन्त्र व्यवस्थापन | ० | ० | ० | ० | १३०००००० | १३०००००० |
| १३ | अभिभावक शिक्षा | ० | ० | ० | ० | ६५०००० | ६५०००० |
| १४ | विद्यालयका असल अभ्यासहरूको संकलन र प्रकाशन | ० | ० | ० | ० | १००००० | १००००० |
| १५ | विद्यालय शिक्षक, कर्मचारी तथा विद्यार्थी प्रोत्साहन | ३००००० | ३००००० | ३००००० | ३००००० | ३००००० | १५००००० |
| १६ | विद्यालय व्यवस्थापन समिति एवम् शिक्षा सेवी सम्मान | | | | | १००००० | १००००० |
| १७ | शैक्षिक जर्नल प्रकाशन | | | | | ५०००० | ५०००० |

## घ. प्राविधिक शिक्षा

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र / विषय | आर्थिक वर्ष (रकम रूपैयाँमा) | | | | | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | |
| १ | सामुदायिक कृषि क्याम्पस घेराबारा | | १२००००० | | | | १२००००० |
| २ | सामुदायिक कृषि क्याम्पस पर्खाल र गेट निर्माण | ५००००० | | | | | ५००००० |
| ४ | प्राविधिक शिक्षा र विज्ञान विषय छात्रवृत्ति | ७२०००० | ७२०००० | ७२०००० | ७२०००० | ७२०००० | ३६००००० |
| ५ | इलाम कृषि क्याम्पस इन्टर्नसीप व्यवस्थापन | | | ५०००० | ५०००० | ५०००० | १५०००० |

# परिच्छेद – ८: अनुगमन तथा मूल्याङ्कन

## ८.१ परिचय

अनुगमन भनेको भए गरेका कार्यहरूको अवलोकन गर्ने काम हो। यसले काम कसरी भइरहेको छ भन्ने कुरा दर्शाउँछ। नगर शिक्षा योजनाको सन्दर्भमा शैक्षिक कार्यक्रमहरूमा स्रोत साधनको विनियोजन र वितरण के कसरी भइरहेको छ? लगानीको प्रवाह समुचित ढङ्गले भएको छ कि छैन? कार्यक्रम कार्यान्वयन प्रक्रियामा त्रुटी छन् कि छैनन्? क्रियाकलापहरू निर्धारित कार्यतालिका अनुसार समयमा नै कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्ति तर्फ उन्मुख भएका छन् कि छैनन्? भन्ने कुरा निश्चित गर्न नगरपालिकाबाट कार्यक्रम कार्यान्वयनको लक्ष्य र प्रगतिको बारेमा नियमित वा आवधिक रुपमा निगरानी, निरीक्षण, पुनर्निरीक्षण, पर्यवेक्षण एवम् जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो। यसले कार्यक्रमको प्रगति र तत्कालीन स्थितिका बारेमा जानकारी गराउँछ।

मूल्याङ्कन भनेको कार्यक्रमले आफ्नो उद्देश्य कति हासिल गऱ्यो र परिणाम एवम् प्रभाव कस्तो रह्यो भन्ने कुरा विश्लेषण गर्ने प्रक्रिया हो। यहाँ योजनामा समावेश भएका कार्यक्रमहरूको सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारिताको सम्बन्धमा सुव्यवस्थित एवम् उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो। मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ। अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रममा भएको लगानीलाई पारदर्शी, नतिजामुखी र जवाफदेही बनाउँदछ।

## ८.२ वर्तमान अवस्था

नेपालमा शैक्षिक कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने कार्य शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, शैक्षिक गुणस्तर परीक्षण केन्द्र, जिल्ला शिक्षा समिति, शिक्षा विकास तथा समन्वय इकाइ, आदि सङ्घीय संरचनाहरूबाट एवम् प्रदेश स्तरका सामाजिक विकास मन्त्रालय र शिक्षा विकास निर्देशनालयबाट भइरहेको छ। यसै गरी स्थानीय तह अन्तर्गतका नगर कार्यपालिका, सामाजिक विकास समिति, नगर शिक्षा समिति, शिक्षा, युवा तथा खेलकुद शाखा, वडा शिक्षा समिति, विद्यालयहरू, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, कार्यकारी समिति जस्ता संरचनाहरू मार्फत पनि शैक्षिक कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन हुँदै आइरहेको छ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले वि.सं.२०८१ मा इलाम अन्तर्गतका माध्यमिक विद्यालयहरूको कार्यसम्पादन परीक्षण गरेको थियो। त्यसको नतिजा यसै नगर शिक्षा योजनाको परिच्छेद ३ मा प्रस्तुत गरिएको छ। इलाम नगरपालिकामा शैक्षिक कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन नगर उपप्रमुखको अध्यक्षतामा सामुदायिक विद्यालय अनुगमन समिति र संस्थागत विद्यालय अनुगमन समिति क्रियाशील रहेका छन्।

## ८.३ समस्या र चुनौती

नगर शिक्षा योजनाको अनुगमन तथा मूल्याङ्कनका समस्या र चुनौतीहरू यस प्रकार छन्।

- **समस्या**
  - क. अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक पर्ने स्रोत साधन तथा जनशक्तिको अभाव।
  - ख. अनुगमन तथा मूल्याङ्कनका लागि निश्चित संस्थागत संरचनाको अभाव।
  - ग. अनुगमन तथा मूल्याङ्कनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा कमी।

- **चुनौती**

क. अनुगमन तथा मूल्याङ्कनको लागि मापनयोग्य सूचकहरूको निर्धारण।
ख. संघ, प्रदेश र स्थानीय सरकार बिच अनुगमन र मूल्याङ्कन कार्यमा समन्वय र सहकार्य।
ग. अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणको उपयोग गर्ने पद्दतिको विकास।

## ८.४ उद्देश्य

**नगर शिक्षा योजनाको अनुगमन तथा मूल्याङ्कनका मुख्य उद्देश्यहरू यस प्रकार छन्।**

क. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकीकृत प्रणाली विकास गर्नु।
ख. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु।
ग. योजना कार्यान्वयनको चरणमा आएका समस्या तथा चुनौतीहरूलाई संशोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु।

## ८.५ रणनीति

**माथि उल्लिखित उद्देश्यहरू पूरा गर्नका लागि देहाय बमोजिमका रणनीतिहरू अपनाइनेछ।**

क. सहभागितामूलक एवम् नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रक्रियालाई संस्थागत गरिनेछ।
ख. अनुगमन तथा मूल्याङ्कनको लागि मापन योग्य सूचकहरू निर्माण गरिनेछ।
ग. नगर शिक्षा समिति तथा वडा शिक्षा समितिहरूलाई सूचक तथा मापदण्डमा आधारित अनुगमन तथा मूल्याङ्कनका लागि जिम्मेवार बनाइनेछ।
घ. संघ तथा प्रदेशका अनुगमन तथा मूल्याङ्कनसँग सम्बन्धित निकायहरूसँग उचित समन्वय तथा सहकार्य गरी अनुगमन तथा मूल्याङ्कन कार्यलाई प्रभावकारी बनाइनेछ।
ङ. शिक्षा, युवा तथा खेलकुद शाखाको क्षमता विकासका साथै कार्यक्रम कार्यान्वयनका लागि आवश्यकता अनुसार समितिहरू निर्माण गरिनेछ।
च. योजना अन्तर्गत सम्पादन गरिने कार्यक्रमहरूको कार्यान्वयन निर्देशिका तयार गरी त्यसैका आधारमा कार्यक्रमहरू कार्यान्वयन गरिनेछ।
छ. अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो र व्यवस्थित बनाउन प्रविधिको प्रयोग गरिनेछ।
ज. कार्यक्रमसँग सम्बन्धित सरोकारवालाहरू भेला, बैठक आदिको आयोजना गरी अन्तरक्रिया गरिनेछ र सामाजिक परीक्षणलाई प्रभावकारी बनाइनेछ।
झ. विद्यार्थी उपलब्धि परीक्षण र कार्य सम्पादन परीक्षणलाई व्यवस्थित र प्रभावकारी बनाइने छ।
ञ. अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई अनिवार्य रूपमा लागु गर्ने प्रणालीको विकास गरिनेछ।
ट. कूल बजेटको निश्चित हिस्सा अनुगमन तथा मूल्याङ्कनमा छुट्याइ नतिजामूलक अनुगमन प्रणालीको अवलम्बन गरिनेछ।
ठ. अनुमगन, मूल्याङ्कन तथा प्रतिवेदनको आधारमा सम्बद्ध जनशक्ति एवम् निकायलाई पुरस्कार र दण्ड दिने प्रणाली विकास गरिनेछ।

ङ. विद्यालय सुपरिवेक्षण र अनुगमनलाई व्यवस्थित र प्रभावकारी बनाउन पूर्व शिक्षक एवम् शिक्षा क्षेत्रका पूर्व कर्मचारी सम्मिलित सुपरिवेक्षण तथा अनुगमन समूह निर्माण गरी विद्यालयहरूको अनुगमन गरिनेछ ।

## ८.६ प्रमुख उपलब्धि तथा नतिजा

योजनाको कार्यान्वयनबाट हासिल हुने उपलब्धि तथा नतिजाहरू देहाय बमोजिम हुनेछन् ।

- **उपलब्धि**

क. प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनको चरणमा आएका समस्या तथा चुनौतीहरू समयमा नै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल भएको हुनेछ ।

ख. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकीकृत प्रणाली विकास भएको हुनेछ ।

- **नतिजा**

क. कार्यक्रम कार्यान्वयन निर्देशिकाको आधारमा कार्यक्रम सम्पन्न भएको हुने ।

ख. नतिजामा आधारित अनुगमन प्रणाली संस्थागत भएको हुने ।

ग. अनुगमन तथा मूल्याङ्कन प्रणालीका संस्थागत संरचनाहरू निर्माण गरी तिनीहरूको क्षमता विकास भएको हुने ।

घ. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनबाट समग्र विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार भएको हुने ।

## ८.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

नगर शिक्षा योजनाको प्रभावकारी अनुगमन र मूल्याङ्कन गर्न निम्न अनुसारका क्रियाकलापहरू सञ्चालन गरिनेछ ।

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व | दोस्रो आ.व | तेस्रो आ.व | चौथो आ.व | पाँचौं आ.व | |
| १ | अनुगमन तथा मूल्याङ्कन संयन्त्र निर्माण | पटक | १ | | | | | १ |
| २ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरू निर्माण | पटक | १ | | | | | १ |
| ३ | योजना अनुगमन सूचना प्रणाली स्थापना | पटक | १ | | | | | १ |
| ४ | वार्षिक स्थिति प्रतिवेदन प्रकाशन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ५ | मध्यावधि मूल्याङ्कन | पटक | | | | १ | | १ |
| ६ | कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी | पटक | १ | | | | | १ |
| ७ | सार्वजनिक सुनुवाई | पटक | १ | १ | १ | १ | १ | ५ |

# अनुसूची १

**शिक्षासँग सम्बन्धित ऐन, नियम, निर्देशिका लगायतका नीतिगत दस्तावेजहरूको सूची**

१. शिक्षा ऐन, २०२८ (संशोधनसहित)
२. शिक्षा नियमावली, २०५९ (संशोधनसहित)
३. अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५
४. अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली, २०७७
५. सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७८
६. अनौपचारिक शिक्षा तथा साक्षरता कार्यक्रम कार्यान्वयन सहजीकरण पुस्तिका, २०७५
७. पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन कार्यविधि, २०७८
८. विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी निर्देशिका, २०६९
९. नमुना विद्यालय विकास एवम् सञ्चालन निर्देशिका, २०७४
१०. बालिका तथा समावेशी शिक्षा सञ्जाल (गठन तथा सञ्चालन) सम्बन्धी मापदण्ड, २०८०
११. विपन्न लक्षित छात्रवृत्ति कार्यान्वयन मापदण्ड, २०८०
१२. विशेष कारणको अवस्थामा रहेका विद्यालयहरूको व्यवस्थापनसम्बन्धी निर्देशिका, २०८०
१३. शिक्षक पेसागत विकास प्रारूप (परिमार्जित संस्करण), २०८०
१४. शिक्षक मेन्टरिङ कार्यान्वयन कार्यविधि, २०८०
१५. विद्यालय सुपरीवेक्षण तथा पेसागत सहायता निर्देशिका, २०८०
१६. विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड, २०८०
१७. विद्यालय सामाजिक परीक्षण मापदण्ड, २०७८
१८. अनलाइन शिक्षक तालिम कार्यविधि, २०७७
१९. पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन कार्यविधि, २०७८
२०. बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि, २०७५
२१. स्यानिटरी प्याडसम्बन्धी कार्यविधि, २०७६
२२. विद्यालय सामाजिक परीक्षण मापदण्ड, २०७८
२३. गुनासो सुनुवाइ कार्यविधि, २०७४ (संशोधनसहित)
२४. किशोरकिशोरी मैत्री सूचना कक्ष सञ्चालन नमुना कार्यविधि, २०७७
२५. विद्यालयमा सञ्चार सहजीकरण कार्यविधि, २०७७
२६. कार्यक्रम कार्यान्वयन पुस्तिका (शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रत्येक वर्ष कार्यक्रम तथा बजेट कार्यान्वयनका लागि विकास हुने) (केन्द्रस्तर एवम् प्रदेश, जिल्ला तथा स्थानीयस्तर)
२७. विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी कार्यविधि, २०७४
२८. विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन (संशोधनसहित) निर्देशिका, २०७९
२९. व्यावहारिक अभ्यास कार्यान्वयन निर्देशिका, २०७३ (प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा)
३०. शिक्षक दरबन्दी मिलान तथा समायोजनका आधारहरू, २०७४

३१. परम्परागत शिक्षण संस्था सञ्चालन तथा व्यवस्थापन मापदण्ड, २०७८
३२. दिगो विकास लक्ष्य, २०३० र राष्ट्रिय कार्यढाँचा
३३. राष्ट्रिय शिक्षा नीति, २०७६
३४. शिक्षाको सोचपत्र, २०७९
३५. विद्यालय शिक्षा क्षेत्र योजना, २०२२-२०३२
३६. बृहत् विद्यालय सुरक्षा सञ्चार रणनीति, २०७५
३७. विद्यालय शिक्षाको एकीकृत समता रणनीति, सन् २०१४
३८. बालिका तथा समावेशी शिक्षा सञ्जाल रणनीति, २०८०
३९. बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप, २०६७
४०. प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शन पुस्तिका, २०७७ (संशोधनसहित)
४१. विद्यालय सुधार योजना निर्माण सहयोगी पुस्तिका, २०८०
४२. सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका, २०७६
४३. विद्यालय नक्साङ्कन, भौतिक सर्वेक्षण र विद्यालय समायोजनका लागि सहयोगी स्रोत पुस्तिका, २०८०
४४. अनौपचारिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०८०

